निष्पक्ष समाचारको विश्वसनीय माध्यम

हिमाली बेला

₹ ३/- Pages-8

वर्ष २०: अङ्क: २७४, वि.सं. २०८३, असोज २३ गते, शुक्रवार, ९ अक्टोबर, २०२६ | POSTAL REGD NO. WB/SKM/119/2024-2026 | RNI NO.SIKNEP/2007/21386 | 09 OCTOBER, 2026, FRIDAY, GANGTOK

हाम्रा मागहरू पूरा नगरिए बर्हिगमन पनि गर्न सक्छौँः गोजमुमो

दार्जीलिङ, ८ अक्टोबरः गोर्खा जनमुक्ति मोर्चा (गोजमुमो)-ले मध्यस्थकर्ता पङ्कजकुमार सिंहसँग बिहीवार भएको बैठकमा आफूहरूले राखेका मागहरू पूरा नभएमा 'पछाड़ि हट्ने' चेताउनी गोर्खा जनमुक्ति मोर्चाले दिएको छ। मोर्चाको प्रतिनिधिमण्डलले दार्जीलिङको एक होटलमा मध्यस्थकर्ता सिंहलाई भेटेर यस क्षेत्रका लागि प्रस्तावित स्थायी राजनीतिक समाधान (पीपीएस) सम्बन्धी मागहरू राखेपछि यो भनाइ आएको हो।

''पीपीएसका लागि समिति गठन भएपछि यस्तो बैठक पहिलोपटक हुँदैछ। हामीले विभिन्न मुद्दा उठायौँ र हामीले यदि यी अपेक्षाहरू पूरा नभएसम्म हामी चुप नबस्ने र गम्भीर समस्या पनि निम्तिन सक्ने अड़ान स्पष्ट पारेका छौँ। अन्ततः, हामी पछाड़ि पनि हट्न सक्छौँ''-गुरुङले भने। उनले गृह मन्त्रालयले तयार पार्ने ढाँचामा ११ गोर्खा समुदायका लागि समाधान र तराई तथा डुवर्स क्षेत्रका ३९६ मौजाको समावेशीकरण जस्ता बुँदाहरू समेटिनुपर्ने कुरा पनि थपे।

मध्यस्थकर्ता पङ्कजकुमार सिंहसँग आफ्नो माग राख्दै गोजमुमो अध्यक्ष विमल गुरुङलगायत अन्य।

यस क्षेत्रको वार्ता अघि बढ़ाउन गत वर्ष केन्द्र सरकारद्वारा नियुक्त गरिएका मध्यस्थकर्तालाई हालै २२ अगस्तमा पीपीएससम्बन्धी अन्तिम सम्झौताको विवरण टुङ्गो लगाउन गठन गरिने समितिको सदस्य पनि बनाइएको थियो। उक्त समिति गठनको निर्णय गृहमन्त्री, बङ्गालकी मुख्यमन्त्री र पहाड़ी क्षेत्रका भाजपा गठबन्धनका दलहरूको उपस्थितिमा भएको बैठकमा गरिएको थियो।

यसका साथै मोर्चाका महासचिव रोशन गिरीले भने, ''हामी एउटा यस्तो संवैधानिक निकाय चाहन्छौँ, जसमा तराई र डुवर्सका भागहरू पनि समावेश गरियोस्। आज हामीले यही माग राखेका छौँ। बोडोल्याण्ड टेरिटोरियल परिषद् (बीटीसी) बनाउँदा, त्यसमा पाँच जिल्ला समावेश गरिएको थियो। त्यसो भए हामीले केवल ३९६ मौजा समावेश गर्ने माग गर्दा हाम्रो माग किन पूरा गरिँदैन? सन् १९३९ भन्दा अघि हामी पहाड़ी जनजाति थियौँ, त्यसैले ती ११ समुदायलाई जनजातिको दर्जा पनि प्रदान गरिनुपर्छ।''

गिरीले नयाँ निकायसँग विधायी, कार्यकारी, प्रशासनिक र वित्तीय अधिकार हुनुपर्ने कुरामा पनि जोड़ दिए, जुन माग उनीहरूले आजको बैठकमा राखेका थिए। उनले आज गृहमन्त्रीसँग भएको बैठकको विवरणबारे जानकारी दिने बताए। उनले सरकारद्वारा गठित समितिको व्यवस्थाअनुसार गृह मन्त्रालयका सहसचिव र पश्चिम बङ्गालका गृहसचिवसमेत उपस्थित भएकाले आजको बैठक उच्चस्तरीय रहेको पनि बताए।

मोर्चाका महासचिवले समितिको प्रतिवेदनबाट सकारात्मक नतिजा आउने आशा व्यक्त गरे तापनि, यदि कुनै ठोस परिणाम ननिस्किएमा आफूहरू पछि हट्न पनि तयार रहेको कुरा दोहोऱ्याए।

स्रोतका अनुसार मध्यस्थकर्ताले दार्जीलिङपछि कालेबुङ, तराई र डुवर्सको पनि भ्रमण गर्ने सम्भावना रहेको छ।

रम्फूको माइनिङमा सिकाको आवासीय परिसरको उद्घाटन

पाकिम, ८ अक्टोबर (आईपीआर)ः विधायक तथा विद्युत् विभागका सल्लाहकार सञ्जित खरेलले विधायक आदित्य गोले र विधायक तथा सड़क एवं पुल विभागका सल्लाहकार इरुङ तेञ्जिङ लेप्चाको उपस्थितिमा बिहीवार रम्फूको माइनिङमा सिक्किम क्रिकेट एसोसिएशन (सिका)-को आवासीय परिसरको औपचारिक उद्घाटन गरेका छन्।

उक्त समारोहमा आईपीआर विभागकी सचिव अन्नपूर्ण आले, खेलकुद विभागकी सचिव याङ्चेन डोमा तामाङ, एसबीएसका प्रबन्ध निर्देशक (एमडी) फुर्बा वाङ्दी भोटिया, सिकाका अध्यक्ष टीका सुब्बाका साथै विभिन्न सम्बन्धित विभागका अधिकारीगण, सिकाका पदाधिकारी तथा सर्वसाधारणको उपस्थिति रहेको थियो।

यो उद्घाटन राज्यमा क्रिकेट खेलाड़ीहरूका लागि आवासीय तथा प्रशिक्षण सुविधाहरू सुदृढ़ गर्ने दिशामा जारी एक कदम हो। यस परिसरमा सिका आवासीय एकाडेमीमा प्रशिक्षण लिइरहेका युवा क्रिकेट खेलाड़ीहरूलाई आवास र आवश्यक सहयोग प्रदान गर्न विभिन्न सुविधा समावेश गरिएको छ।

सिकाको आवासीय परिसर

➡रहल पृष्ठ ७ मा

राज्यपाल माथुरसँग बासको प्रतिनिधिमण्डलको शिष्टाचार भेट

गान्तोक, ८ अक्टोबर (हिस)ः राज्यपाल ओम प्रकाश माथुरसँग बिहीवार लोकभवनमा ब्याडमिन्टन एसोसिएसन अफ् सिक्किमका अध्यक्ष जेकब खालिङ, गान्तोक नगर निगमकी मेयर छिरिङ पाल्देन भोटियासहितको प्रतिनिधिमण्डलले शिष्टाचार भेट गरेको छ। प्रतिनिधिमण्डलमा एसोसिएशनका कार्यकारी सदस्यहरू पनि सहभागी थिए।

➡रहल पृष्ठ ७ मा

राज्य सूचना आयुक्तले लिए पद तथा गोपनीयताको शपथ

मुख्यमन्त्रीले दिए बधाई

गान्तोक, ८ अक्टोबर (आईपीार)ः लोकभवनमा बिहीवार कार्मिक विभागको आयोजनामा राज्य सूचना आयुक्तको शपथ ग्रहण समारोह आयोजना गरिएको छ। यस समारोहमा राज्यपाल ओम प्रकाश माथुर मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए।

गृह विभागका सचिव तेञ्जिङ टी काल्योनद्वारा नियुक्तिसम्बन्धी सूचना वाचन गरिएपछि राज्यपाल ओम प्रकाश माथुरले राज्य सूचना आयुक्त तिलक गजमेरलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराए।

कार्यक्रमको शुरुआतमा कार्मिक विभागकी विशेष सचिव थिन्ले पेमा चाङ्कापाले स्वागत सम्बोधन राखे। आजको शपथ ग्रहण समारोहमा मुख्य सचिव आर तेलाङ, आयुक्त तथा सचिव जितेन्द्रसिंह राजे, कार्मिक विभागकी सचिव नोर्जिङ छिरिङ शेङ्गा, राज्य सूचना आयोगकी सचिव ज्योत्स्ना मेरी कार्थकका साथै राज्य सूचना आयोग, कार्मिक विभाग, गृह विभागका पदाधिकारी र अन्य अधिकारीहरूको उपस्थिति रहेको थियो। ➡रहल पृष्ठ ७ मा

दिग्गज अभिनेता नाना पाटेकरको निधन

नयाँ दिल्ली, ८ अक्टोबरः दिग्गज बलिवुड अभिनेता नाना पाटेकरको ७५ वर्षको उमेरमा निधन भएको सञ्चारमाध्यमहरूले जनाएका छन्। समाचारअनुसार हृदयघातबाट उनको निधन भएको हो।

बिहीवार बिहान ५ः२० मिनटमा उनको निधन भएको जनाइएको छ। उनलाई बचाउनका लागि ४५ मिनटसम्म निरन्तर सीपीआर दिइएको थियो।

नाना पाटेकर हिन्दी र मराठी सिनेमाका चर्चित अभिनेतामध्ये एक थिए। उनको जन्म १ जनवरी, १९५१ मा महाराष्ट्रको मुरुड-जञ्जिरामा भएको थियो। उनी अभिनेता मात्र थिएनन्, चलचित्र निर्माता, निर्देशक तथा लेखकका रूपमा पनि सक्रिय रहे। भारतीय सिनेमाका प्रभावशाली अभिनेतामध्ये एक गनिने नाना पाटेकरले आफ्नो फरक अभिनय शैली र संवाद प्रस्तुतिका कारण छुट्टै स्थान बनाए।

नाना पाटेकरले सन् १९७८ मा आएको चलचित्र 'गमन'-बाट हिन्दी सिनेमामा पाइला राखेका थिए। शुरुआती चरणमा उनले मराठी र हिन्दी दुवै चलचित्रमा काम गरे। सन् १९८८ मा मिरा नायरको 'सलाम बम्बे!' मा उनको कामले प्रशंसा पायो।

त्यसपछि सन् १९८९ को 'परिन्दा' उनको करियरको महत्त्वपूर्ण मोड बन्यो। चलचित्रमा उनले निर्वाह गरेको ग्याङ्स्टरको भूमिकाका लागि राष्ट्रिय फिल्म पुरस्कार र फिल्मफेयर अवार्ड जिते।

➡रहल पृष्ठ ७ मा

मुख्य सचिवद्वारा जनगणना २०२७ को तयारीको समीक्षा

गान्तोक, ८ अक्टोबर (आईपीआर): सिक्किम सरकारका मुख्य सचिव आर तेलाङको अध्यक्षतामा आर टाशीलिङ सचिवालयमा जनगणना २०२७ को दोस्रो चरणको तयारीबारे समीक्षा गर्न राज्यस्तरीय बैठक सम्पन्न भयो।

बैठकमा गृह विभागका सचिव तेञ्जिङ टी काल्योन, सिक्किमका जनगणना सञ्चालन निर्देशक कर्मा आर बोन्पो, विभिन्न विभागका प्रमुख, छः वटै जिल्लाका जिल्लापाल, अतिरिक्त जिल्लापाल, महकुमा अधिकारी, मुख्य जनगणना अधिकारी तथा जनगणना निर्देशनालय र अन्य विभागका वरिष्ठ अधिकारीहरूको उपस्थिति रहेको थियो।

बैठकमा भारतको पहिलो पूर्ण डिजिटल जनगणनाको तयारीबारे समीक्षा गरियो, जुन शतप्रतिशत कभरेजमा जोड़ दिँदै मोबाइल एप्लिकेसनमार्फत सञ्चालन गरिनेछ। यसपटकको प्रश्नावली, विशेषगरी बसाइँसराइ र आर्थिक गतिविधिका सन्दर्भमा अझ विस्तृत बनाइएको छ। बैठकमा जनशक्ति, तालिम, सूचना प्रविधि पूर्वाधार, स्थलगतस्तरको समन्वय, तथ्याङ्क सङ्कलन, प्रमाणीकरण र जनचेतनाजस्ता विषयहरूमा केन्द्रित रही छलफल गरियो।

बैठकलाई सम्बोधन गर्दै मुख्य सचिवले जिल्लापालहरूलाई शहरी क्षेत्रका लागि उचित योजना, पर्याप्त तालिमको व्यवस्था, नजिकको

➡रहल पृष्ठ ७ मा

डिजिटल अपराधसँग जुध्न विश्वव्यापी तन्त्र बनाउन प्रधानमन्त्री मोदीको आह्वान

नयाँ दिल्ली, ८ अक्टोबर (हिस)ः प्रधानमन्त्री नरेन्द्र मोदीले साइबर ठगी, डीपफेक तथा डिजिटल अपराधको बढ्दो चुनौतीसँग जुध्न विश्वव्यापी तन्त्र निर्माण गर्न आह्वान गर्दै प्रविधिको व्यापक प्रयोग त्यतिबेला मात्र सम्भव हुने बताएका छन्, जब मानिसहरूमा त्यसप्रति विश्वास हुन्छ। उनले भारत आफ्ना अनुभव र सिकाइ विश्वसँग साझा गर्न सधैँ तयार रहेको बताए।

प्रधानमन्त्रीले बिहीवार १०औँ इन्डिया मोबाइल कङ्ग्रेसलाई सम्बोधन गर्दै साइबर अपराधको कुनै सीमा नहुने बताए। एउटा देशमा बसेको व्यक्तिले अर्को देशमा बसेको व्यक्तिसँग ठगी गर्नसक्ने र त्यसका लागि तेस्रो देशको प्रविधि वा सञ्जाल प्रयोग हुनसक्ने उनले बताए। डीपफेक पनि ठूलो चुनौती बनिसकेको उल्लेख गर्दै उनले यससँग जुध्न देशहरू, प्रविधि कम्पनीहरू, दूरसञ्चार कम्पनीहरू तथा वित्तीय संस्थाहरूले मिलेर काम गर्नुपर्ने बताए। मोदीले विश्वव्यापी दूरसञ्चार उद्योगको सङ्गठन जीएसएमए तथा विश्वका दूरसञ्चार सञ्चालकहरूलाई ठगीपूर्ण गतिविधि मानिसहरूसम्म पुग्नुअघि नै रोक्नसक्ने विश्वव्यापी तन्त्र निर्माण गर्न आग्रह गरे।

उनले भने, ''आउनुहोस्, यस्तो विश्वव्यापी तन्त्र बनाऔँ, जसले यस्ता ठगीहरू मानिसहरूसम्म पुग्नुअघि नै रोक्न सकोस्। भारतले यस दिशामा आफ्ना अनुभवबाट धेरै कुरा सिकेको छ र भारत आफ्ना अनुभवहरू विश्वसँग साझा गर्न सधैँ तयार छ।''

प्रधानमन्त्रीले भने, ''प्रविधिले त्यतिबेला मात्र व्यापकता प्राप्त गर्छ, जब उसले विश्वास हासिल गर्छ।''

उनले सामान्य नागरिकले प्राविधिक प्रोटोकल वा सञ्जालका जटिलताबारे नसोच्ने, बरु फोन गर्ने व्यक्ति को हो, सन्देश सही हो कि नक्कली, आफ्नो भुक्तानी सुरक्षित छ कि छैन र आफ्नो तथ्याङ्क सुरक्षित छ कि छैन भन्ने जान्न चाहने बताए। त्यसैले दूरसञ्चार तथा डिजिटल क्षेत्रमा सुरक्षा र विश्वास सर्वोच्च प्राथमिकता हुनुपर्ने उनले बताए।

मोदीले भारतमा साल २०२२ मा यही मञ्चबाट ५जी सेवा शुरु गरिएको बताए। त्यसयता ५जी सेवा देशका प्रत्येक जिल्लासम्म पुगेको र पाँच लाखभन्दा बढी मोबाइल आधार केन्द्र स्थापना भइसकेको उनले बताए। साल २०२२ को तुलनामा भारतमा मोबाइल इन्टरनेटको गति लगभग १० गुणा बढ़ेको उनले उल्लेख गरे। यो परिवर्तन दूरसञ्चार क्षेत्रसम्म मात्र सीमित नरहेको र डिजिटल सेवा तथा शासन सञ्चालनका तौरतरिकामा पनि ठूलो परिवर्तन आएको उनले बताए। उनले एक दशकअघि आधुनिक प्रविधिसम्मको पहुँच एक प्रकारको विशेषाधिकार बन्दै गएको र डिजिटल विभाजन ठूलो चुनौती रहेको बताए। 'डिजिटल इन्डिया' अभियान अन्तर्गत सरकारले प्रविधिलाई बढ़ीभन्दा बढ़ी मानिससम्म पुऱ्याउन जोड दिएको र मोबाइललाई यसको केन्द्रमा राखेको उनले बताए। यसका लागि नीतिगत सुधारसँगै दूरसञ्चार पूर्वाधार तथा देशमै मोबाइल र दूरसञ्चार उपकरणको उत्पादनलाई प्रोत्साहन गरिएको उनले बताए। प्रधानमन्त्रीले कोभिड‌१९ महामारीको उल्लेख गर्दै त्यस अवधिमा कार्यालय, ब्याङ्क, शिक्षा, स्वास्थ्य सेवा तथा सरकारी सुविधाहरू ठूलो हदसम्म डिजिटल माध्यमबाट सञ्चालन भएको बताए। उनले दीक्षा मञ्च मार्फत जुलाई २०२२ सम्म ५०० करोड़भन्दा बढ़ी शिक्षण सत्र र लगभग ६,००० करोड़ शिक्षण मिनेट अभिलेख भएको बताए। सरकारको लक्ष्य लगभग २५ करोड़ विद्यार्थीलाई डिजिटल तथा अनलाइन शिक्षासँग जोड्नु रहेको उनले बताए। मोदीले आज सयौँ सरकारी सेवाहरू मोबाइलमा उपलब्ध रहेको र प्रत्यक्ष लाभ हस्तान्तरण मार्फत ठूलो रकम लाभार्थीहरूको ब्याङ्क खातामा सीधै पुगिरहेको बताए। उनले लगभग ५० लाख करोड़ रुपियाँ लाभार्थीहरूको खातामा सीधै पठाइएको र लगभग पाँच लाख करोड़ रुपियाँ गलत हातमा जान वा चुहावट हुनबाट जोगाइएको बताए।

यस सन्दर्भमा प्रधानमन्त्रीले भने, ''अब मलाई भन्नुहोस्, जसको सित्तैको कमाइ बन्द भएको छ, उनीहरूले मोदीलाई माया गर्छन् त?'' उनले गलत तौरतरिका रोक्ने सङ्कल्प गरेको बताए। मोदीले पुरानो व्यवस्था जारी रहेको भए सरकारको ठूलो रकम चुहावटमा जाने र गलत व्यक्तिहरूको खल्ती भर्ने, तर अहिले त्यही रकम सही लाभार्थीसम्म पुगिरहेको तथा बचत भएको रकम सही काममा प्रयोग भइरहेको बताए।

प्रधानमन्त्रीले प्रधानमन्त्री किसान सम्मान निधिको पनि उल्लेख गर्दै किसानहरूको खातामा प्रत्येक चार महिनामा रकम पठाइने र मोबाइल मार्फत त्यसको सूचना प्राप्त हुने बताए। यसबाट पहिले विभिन्न कारणले सरकारी योजनाको लाभबाट वञ्चित हुने गरेका साना किसानहरूले समेत लाभ प्राप्त गरिरहेको उनले बताए। मोदीले मोबाइल तथा डिजिटल सेवाले नागरिकहरूको यात्रा, प्रतीक्षा र खर्च घटाउँदै बढ़ी सुविधा प्रदान गरेको बताए। यसलाई उनले प्रविधिबाट प्राप्त हुने सबैभन्दा ठूलो नागरिक लाभ भएको बताए। सस्तो डेटा तथा राम्रो सम्पर्क व्यवस्थाले मनोरञ्जन, शिक्षा र सामग्री सिर्जनाका नयाँ अवसरहरू सिर्जना गरेको उनले बताए। उनले ५० करोड़भन्दा बढ़ी मानिस खेलकुद सम्बन्धी डिजिटल पारिस्थितिक प्रणालीको हिस्सा बनिसकेको बताए। साना शहर र नगरका युवाहरू विद्युतीय खेलकुद, सामग्री सिर्जना तथा नयाँ डिजिटल व्यवसायमा अघि बढ़िरहेको उनले बताए। मोबाइल अब केवल सञ्चारको साधन नरहेको र खेलकुद उपकरण तथा सिर्जनात्मक कामका लागि स्टुडियो जस्तै काम गरिरहेको उनले बताए।

प्रधानमन्त्रीले तीव्र इन्टरनेट तथा सस्तो डेटाले भीडियो साझेदारी गर्ने मञ्चहरू, सामाजिक सञ्जाल तथा क्षेत्रीय ओटीटी सेवाहरूलाई गाउँ र साना शहरसम्म पुऱ्याएको बताए। यसबाट भाषाका अवरोधहरू कम भएको र सामग्री सिर्जना उद्योग तीव्र गतिमा बढ़ेको उनले बताए। यस क्षेत्रमा हजारौँ करोड़ रुपियाँको आर्थिक गतिविधि सिर्जना भएको र लाखौँ मानिसका लागि आम्दानीका नयाँ अवसर बनेको उनले बताए।

मोदीले भारत अब केवल प्रविधिको उपभोक्ता बन्न नचाहेको र उत्पादन, प्रविधि तथा बौद्धिक सम्पत्तिको निर्माता बन्न चाहेको बताए। यसका लागि सरकारले प्रोत्साहन तथा नीतिगत सुधार गरिरहेको र उत्पादनको डिजाइन, प्रविधि तथा बौद्धिक सम्पत्तिमा भारतको भूमिका बलियो बनाउने प्रयास भइरहेको उनले बताए। उनले दूरसञ्चार क्षेत्रमा गरिएका सुधारको उल्लेख गर्दै दूरसञ्चार ऐनले आधुनिक नियामकीय ढाँचा उपलब्ध गराएको बताए। समायोजित कुल आम्दानी तथा ब्याङ्क ग्यारेन्टीसँग सम्बन्धित व्यवस्थालाई तर्कसङ्गत बनाइएको उनले बताए। गति शक्ति सञ्चार पोर्टल मार्फत बाटोको अधिकार सम्बन्धी स्वीकृति प्रक्रियामा तीव्रता आएको उनले बताए। प्रधानमन्त्रीले देशमा अर्धचालक पारिस्थितिक तन्त्र पनि तीव्र गतिमा अघि बढ़िरहेको र पाँच स्थानमा व्यावसायिक उत्पादन शुरु भइसकेको बताए। अबको चरण सम्पूर्ण आपूर्ति शृङ्खला विकास गर्नमा केन्द्रित रहेको उनले बताए। मोदीले इन्डिया मोबाइल कङ्ग्रेसको १० वर्ष पूरा हुनु पनि महत्त्वपूर्ण अवसर भएको बताए। उनले यस मञ्चले ५जीदेखि विश्वव्यापी डिजिटल मापदण्ड तथा भारतमा लगानी, नवाचार र उत्पादनसम्मका विभिन्न महत्त्वपूर्ण विषयमा छलफललाई अघि बढ़ाएको बताए। यस वर्षको विषय सीमाविहीन विस्तार रहेको र भारतले ठूलो स्तरमा प्रविधि अपनाएको आफ्नो अनुभव विश्वसामु प्रस्तुत गरेको उनले बताए।

प्रधानमन्त्रीले आगामी दशकको दिशा तय गर्न इन्डिया मोबाइल कङ्ग्रेसमा हुने छलफलले महत्त्वपूर्ण भूमिका खेल्ने बताए। उनले भने, हामीले आईएमसीलाई प्रविधि, अनुसन्धान, उद्योग, लगानी र विचारको सङ्गम बन्नसक्ने एउटा मञ्चका रूपमा विकास गर्नुपर्छ। यस मञ्चबाट हुने साझेदारी, अनुसन्धान परियोजना तथा नयाँ उत्पादनहरू विश्वसम्म पुग्ने र मानवताको हितमा प्राविधिक नवाचारलाई गति दिने उनले विश्वास व्यक्त गरे। मोदीले वायुसेना दिवसका अवसरमा भारतीय वायुसेनाका जवानहरूलाई सलाम गर्दै बधाई दिए। उनले अभिनेता नाना पाटेकरप्रति श्रद्धाञ्जली अर्पण गर्दै आफ्नो कला मार्फत सामाजिक विकृति तथा व्यवस्थाका कमजोरीहरूमाथि प्रहार गर्न उनले पुर्याएको योगदानको उल्लेख गरे।

पश्चिम बङ्गालको तीनदिने भ्रमणमा बर्दवान पुगे डा.भागवत

बर्दवान, ८ अक्टोबर (हिस)ः राष्ट्रिय स्वयंसेवक सङ्घका सरसङ्घचालक डा.मोहन भागवत बिहीवार पश्चिम बङ्गालको तीनदिने भ्रमणमा आइपुगेका छन्। भ्रमणको पहिलो दिन आज बर्दवानमा आयोजना गरिएको बैठकमा सहभागी हुन उनी यहाँ पुगेका हुन्। बैठकमा सङ्घको सङ्गठनात्मक विस्तार तथा आगामी वर्षहरूको रणनीतिबारे विचार‌विमर्श गरिनेछ। डा. भागवतको यो भ्रमणलाई सङ्गठनको आगामी दिशाका दृष्टिले महत्त्वपूर्ण मानिएको छ। कोलकाता पुगेपछि मोहन भागवत बर्दवान शहर स्थित सङ्घ कार्यालय पुगे, जहाँ प्रान्तीय अधिकारीहरूसँग उनको बैठक हुनेछ। बैठकका क्रममा सङ्घको सङ्गठनात्मक कामकाज, शाखाहरूको विस्तार तथा समाजका विभिन्न वर्गसम्म पहुँच विस्तार गर्ने विषयमा छलफल हुने बताइएको छ। बर्दवानमा उत्तर बङ्गाल, मध्य बङ्गाल र दक्षिण बङ्गाल प्रान्तका विभागस्तरीय तथा क्षेत्रीय पदाधिकारीहरूसँग भागवतको बैठक प्रस्तावित छ। बैठकमा गत एक वर्षको अवधिमा शुरु भएका नयाँ शाखाहरू, ग्रामीण क्षेत्रसम्म सङ्गठनको पहुँच तथा आगामी सामाजिक समरसतासँग सम्बन्धित कार्यक्रमहरूको रूपरेखाबारे छलफल हुने सम्भावना छ। बैठकका क्रममा मोहन भागवतले मध्य बङ्गालको एउटा विभागका स्वयंसेवकहरूको एकत्रीकरणलाई पनि सम्बोधन गर्नेछन्।

राहुल गान्धी र विपक्षमाथि नितिन नवीनको निशाना 'अराजकतावादी मानसिकता' भएको आरोप

नयाँ दिल्ली, ८ अक्टोबर (हिस)ः भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रिय अध्यक्ष नितिन नवीनले राहुल गान्धी र विपक्षी दलहरूमाथि तीव्र हमला गरेका छन्। उनले विपक्षमाथि अराजकतावादी मानसिकताका साथ काम गरिरहेको र समाजमा विष घोल्ने प्रयास गरिरहेको आरोप लगाए। उनले विपक्षले निर्वाचन आयोगको कार्यप्रणालीमाथि प्रश्न उठाउन चाहन्छ भने पहिले राहुल गान्धीले आफ्नो पदबाट राजीनामा दिनुपर्ने बताए। वाराणसी भ्रमणको दोस्रो दिन बिहीवार काशी विश्वनाथ मन्दिरमा दर्शन‌पूजा गरेपछि पत्रकारहरूसँग कुराकानी गर्दै नितिन नवीनले भने, म त यही भन्छु कि यी (राहुल गान्धी र विपक्ष) अराजकतावादी मानसिकताका मानिस हुन्, जसलाई केवल समाजमा विष घोल्न आउँछ। उनले भने कि यदि त्यस्तो हो भने केरलामा पनि निर्वाचन यही निर्वाचन आयोगले गराएको थियो। तमिलनाडुमा, जहाँ उनीहरू पछाड़ीबाट सत्तामा पुगेका छन्, त्यहाँको निर्वाचन पनि यही निर्वाचन आयोगले गराएको थियो। भाजपा अध्यक्षले विपक्षी दलका नेता राहुल गान्धीले घुसपैठियाहरूलाई संरक्षण दिने काम गरिरहेको आरोप लगाए। विभिन्न ठाउँबाट आएर भारतका मानिसहरूको अधिकार खोसिरहेका मानिसहरूलाई अधिकार दिलाउने प्रयास भइरहेको उनले बताए। उनले भने, ''भारतका स्रोतसाधनमा, भारतको सम्पत्तिमा, भारतको भूमिमा यहाँका मानिसहरूको अधिकार छ भन्ने म मान्छु।

विदेशी मानसिकताबाट मानिसहरूलाई यहाँ बसोबास गराउने जुन प्रयास भइरहेको छ, त्यसविरुद्ध भारतीय जनता पार्टी सधैँ लड्नेछ।

हरेक दिन जनताबीच रहन्छ भाजपा कार्यकर्ता

उनले भारतीय जनता पार्टीका कार्यकर्ताहरू २४ घण्टा, सातै दिन काम गर्ने बताए। उनका लागि हरेक दिन काम र हरेक दिन निर्वाचन रहेको उनले बताए। हामी केवल निर्वाचनको मौसममा आउने मानिस होइनौँ। हाम्रा कार्यक्रम, हाम्रा काम र जनतासँगको हाम्रो संवाद वर्षभरि चलिरहन्छ, उनले भने।

काशी आउनु हाम्रो परम्परा हो

काशी विश्वनाथ मन्दिरमा दर्शन‌पूजा गरेपछि बाबा विश्वनाथ धामको भव्यता र विस्तार देखेर हर्षित नितिन नवीनले भने, बाबाको नगरीमा आएपछि हरेक भक्त, हरेक व्यक्ति नतमस्तक हुन्छ। हामी त बिहारबाट आएका हौँ। काशी आउनु हाम्रो परम्परा हो। उनले आफू यसअघि पनि धेरै पटक बाबाको आशीर्वाद लिन काशी विश्वनाथको नगरीमा आउने अवसर पाएको बताए। उनले भने कि पछिल्ला दिनहरूमा काशी विश्वनाथ करिडोरको पूर्ण रूपमा भव्य पुनर्निर्माण भएपछि आज प्रत्येक श्रद्धालुलाई राम्रो अनुभूति हुन्छ। गङ्गाको तटमा बाबाको दर्शन गर्न पाउनु सबैका लागि अद्भुत रहेको उनले बताए। यसका लागि उनले प्रधानमन्त्री नरेन्द्र मोदी र प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथलाई बधाई दिए। उनले भने, करोड़ौँ सनातनीहरूको आस्थाको केन्द्रलाई तपाईहरूले निकै भव्य र फरक स्वरूप दिनुभएको छ।

नाना पाटेकरको निधनमा देशभरिबाट श्रद्धाञ्जली दिनेको ओइरो

पणजी, ८ अक्टोबर (हिस)ः भारतीय सिनेमाका वरिष्ठ तथा चर्चित अभिनेता नाना पाटेकर अब हामीमाझ रहेनन्। ७५ वर्षको उमेरमा उनले यस संसारबाट बिदा लिएका छन्। दिग्गज अभिनेता नाना पाटेकरको बिहीवार बिहान हृदयाघात भएपछि निधन भएको हो। गोवाको पणजी नजिकै डोना पाउलास्थित आफ्नै अपार्टमेन्टमा अचेत अवस्थामा भेटिएपछि उनलाई निजी अस्पताल (मणिपाल अस्पताल) लगिएको थियो।



चर्चित भारतीय अभिनेता नाना पाटेकरको निधनले चलचित्र तथा राजनीतिक जगत् स्तब्ध बनेको छ। अभिनेता, प्रशंसक तथा राजनीतिक नेताहरूले उनलाई भारतीय सिनेमाको अद्वितीय, निर्भीक तथा संवेदनशील व्यक्तित्वका रूपमा स्मरण गर्दै श्रद्धाञ्जली अर्पण गरेका छन्। प्रधानमन्त्री नरेन्द्र मोदीले दिग्गज अभिनेता नाना पाटेकरको निधनमा गहिरो शोक व्यक्त गरेका छन्।

प्रधानमन्त्री नरेन्द्र मोदीले 'एक्स' मा लेखेका छन्, ''श्री नाना पाटेकरजीमा जस्तो तीव्रता, विशिष्टता र दमदार उपस्थिति निकै कम अभिनेतामा देख्न पाइन्छ। उहाँले हरेक भूमिकामा अद्भुत विविधता र सिर्जनशीलताको परिचय दिनुभयो र हामीलाई यस्ता पात्रहरू दिनुभयो, जसलाई पुस्तौँसम्म स्मरण गरिनेछ। उहाँ आफ्ना निर्भीक र स्पष्ट विचारका लागि पनि प्रशंसित हुनुहुन्थ्यो; आफ्ना कुरा राख्न उहाँ कहिल्यै हिचकिचाउनुहुन्नथ्यो। हिन्दी र मराठी सिनेमामा श्री नाना पाटेकरको योगदान निकै ठूलो थियो। उहाँको निधनले ठूलो कमी महसुस भएको छ। उहाँका परिवार, साथीहरू तथा असङ्ख्य प्रशंसकहरूप्रति मेरो समवेदना। ॐ शान्ति।''

अभिनेता रितेश देशमुखले 'एक्स' मा लेखेका छन्, म स्तब्ध छु। यस्तो लागिरहेको छ, मानौँ कुनै ट्रकले मलाई ठक्कर दिएको छ। नाना पाटेकरजीको निधनको खबर सुनेर गहिरो दुःख लागेको छ। उहाँ अतुलनीय र अद्वितीय अभिनेता हुनुहुन्थ्यो, जसको तुलना कसैसँग गर्न सकिँदैन।

रितेशले नानाले आफ्नो विशेष शैली र अभिनयको विशिष्ट ढाँचाबाट मानिसहरूको मनमा विशेष स्थान बनाएको बताए। उनले भने, ''नानाले निभाउन नसक्ने कुनै भूमिका थिएन। उनले हरेक भूमिकामा आफूलाई प्रमाणित गरेका थिए। उनी पर्दामा मात्र नभई वास्तविक जीवनमा पनि नायक थिए। आफ्नो सामाजिक तथा परोपकारी कार्यमार्फत उनले सधैँ मानिसहरूलाई सहयोग गर्न निरन्तर काम गरे।'' उनले वास्तवमा यो एउटा युगको अन्त्य भएको बताए।

केन्द्रियमन्त्री नितिन गडकरीले नाना पाटेकरको निधनमा शोक व्यक्त गर्दै भने, ''भारतीय फिल्म जगत्का वरिष्ठ अभिनेता नाना पाटेकरको निधनको समाचार अत्यन्तै स्तब्ध पार्ने र हृदयविदारक छ। म उहाँप्रति विनम्र श्रद्धाञ्जली अर्पण गर्दछु। नाना र मेरोबीच अत्यन्त घनिष्ठ तथा आत्मीय सम्बन्ध थियो। मराठी र हिन्दी सिनेमामार्फत उहाँले पाँच दशकभन्दा बढ़ी समयसम्म आफ्नो दमदार अभिनयले दर्शकहरूको मनमा राज गर्नुभयो। संवाद प्रस्तुत गर्ने आफ्नो विशिष्ट शैलीमार्फत उहाँले धेरै पात्रलाई अमर बनाउनुभयो र फिल्म जगतमा आफ्नो छुट्टै पहिचान बनाउनुभयो। उहाँको निधन भारतीय फिल्म उद्योगका लागि ठूलो क्षति हो।''

उनले भने, 'नाम फाउन्डेसन' मार्फत महाराष्ट्रका ग्रामीण क्षेत्रमा जल संरक्षण तथा जलग्रहण विकासको क्षेत्रमा नानाले गरेको काम अत्यन्त महत्त्वपूर्ण र उल्लेखनीय छ। किसान आत्महत्याबाट प्रभावित परिवारहरूको सहयोगका लागि उनले बढाएको सहयोगको हात धेरै आवश्यकतामा रहेका परिवारका लागि सहारा बनेको थियो। नाना केवल उत्कृष्ट कलाकार तथा अभिनेता मात्र नभई समाजप्रति संवेदनशील व्यक्तित्व पनि थिए। ईश्वरले दिवङ्गत आत्मालाई शान्ति प्रदान गरून्।

महाराष्ट्र सरकारका मन्त्री आशीष शेलारले मराठी तथा हिन्दी फिल्म उद्योगमा आफ्नो अभिनयबाट अमिट छाप छोड्ने कलाकारको निधनको खबर अत्यन्त दुःखद भएको बताए। उनले नाना पाटेकरले रङ्गमञ्च, सिनेमा तथा सामाजिक कार्यमार्फत आफ्नो छुट्टै पहिचान बनाएको बताए। उनको निधनसँगै भारतीय फिल्म जगतले एक संवेदनशील, करारा, प्रतिभाशाली तथा असल कलाकार गुमाएको आशीष शेलारले बताए। उनले नानालाई गिरणगाउँको माटोबाट जन्मिएका सच्चा मराठी कलाकार भन्दै श्रद्धाञ्जली अर्पण गरे।

प्रशंसकहरूले उनका चलचित्रका संवाद, तस्बिर तथा भिडियोहरू सामाजिक सञ्जालमा साझा गर्दै उनलाई स्मरण गरे। धेरैले नाना पाटेकर केवल अभिनेता नभई आम मानिसका भावनालाई पर्दामा जीवन्त बनाउने आवाज भएको लेखेका छन्। उनको निर्भीक शैली, दमदार संवाद प्रस्तुति तथा सशक्त अभिनयलाई स्मरण गर्दै हजारौँ मानिसले श्रद्धाञ्जली अर्पण गरेका छन्।

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले उनको निधनलाई कला जगत्को अपूरणीय क्षति बताएका छन्। पश्चिम बङ्गालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले नाना पाटेकरको अभिनय तथा सामाजिक सरोकारलाई स्मरण गर्दै श्रद्धाञ्जली अर्पण गरेका छन्। योगी आदित्यनाथले भने, चर्चित अभिनेता, सशक्त रङ्गमञ्च कलाकार तथा संवेदनशील समाजसेवी पद्मश्री नाना पाटेकरको निधन कला जगतका लागि अपूरणीय क्षति हो।

आफ्नो उत्कृष्ट अभिनयबाट उहाँले भारतीय सिनेमालाई समृद्ध बनाउनुभयो र सामाजिक सरोकारमार्फत समाजप्रतिको आफ्नो प्रतिबद्धता पनि व्यक्त गर्नुभयो। भगवान् श्रीरामले दिवङ्गत आत्मालाई आफ्ना श्रीचरणमा स्थान दिऊन् तथा शोकाकुल परिवार र प्रशंसकहरूलाई यो दुःख सहन शक्ति प्रदान गरुन्।

शुभेन्दु अधिकारीले भने, ''नाना पाटेकरको निधनको दुःखद खबर सुनेर गहिरो धक्का लागेको छ र हृदय टुटेको छ।'' भारतीय सिनेमाले आफ्नो सबैभन्दा दमदार, सच्चा तथा बेजोड आवाजमध्ये एक गुमाएको छ। नानाले केवल पात्रहरू निभाउनुभएन, बरु हरेक भूमिकामा निर्भीक र वास्तविक सत्यलाई जीवन्त बनाउनुभयो। 'परिन्दा', 'क्रान्तिवीर' र 'प्रहार'को जबरदस्त ऊर्जादेखि 'अब तक छप्पन' को गहिरो तीव्रतासम्म, उहाँको कलाले यस्तो मापदण्ड स्थापित गरेको छ, जसको नजिक पुग्ने आशा पनि निकै कम मानिसले गर्न सक्छन्।

अधिकारीले भने सिनेमाको संसारभन्दा बाहिर पनि उनको सरलता, गहिरो विनम्र स्वभाव तथा सामाजिक कार्य र ग्रामीण समुदायप्रतिको निःस्वार्थ समर्पणले उनको महान व्यक्तित्वलाई दर्शाउँछ। ईश्वरले नाना पाटेकरजीको आत्मालाई शान्ति प्रदान गरून्। तपाईंको आवाज, तपाईंको जोशिलो शैली तथा तपाईंको शानदार विरासत सधैँ हाम्रो हृदयमा बसिरहनेछ। उनका परिवार, साथीहरू तथा विश्वभर रहेका लाखौँ प्रशंसकहरूप्रति गहिरो समवेदना।

उत्तराखण्डका मुख्यमन्त्री पुष्कर सिंह धामीले 'एक्स' मा भने, प्रसिद्ध अभिनेता नाना पाटेकरको निधनको अत्यन्त दुःखद समाचार प्राप्त भएको छ। उहाँले आफ्नो सशक्त अभिनय तथा प्रभावशाली संवादबाट भारतीय सिनेमामा विशिष्ट पहिचान बनाउनुभएको थियो।

नाना पाटेकरको निधनप्रति शिखर धवनले व्यक्त गरे शोक

भारतका पूर्व क्रिकेटर शिखर धवनले बिहीबार वरिष्ठ अभिनेता नाना पाटेकरको निधनप्रति शोक व्यक्त गरेका छन्। धवनले उनलाई भारतीय सिनेमाको अत्यन्तै विशेष प्रतिभा बताउँदै उनको कामले आगामी पुस्तालाई प्रेरित गरिरहने बताएका छन्। धवनले सामाजिक सञ्जाल एक्समार्फत नाना पाटेकरलाई श्रद्धाञ्जली अर्पण गर्दै लेखेका छन्, आज भारतीय सिनेमाले एक अत्यन्तै विशेष प्रतिभा गुमाएको छ। नाना पाटेकर साहेब, तपाईंको कामले आउने पुस्ताहरूलाई प्रेरित गरिरहनेछ। ॐ शान्ति।

CHANGE OF NAME

I, **Dhanajay Tewari**, s/o Late Bishnu Prasad Tewari, resident of Arithang, Gangtok District, Sikkim, do hereby declared that I have changed my name from **Dhanajay Tewari to Dhananjaya Tewari** and henceforth I shall be known as **Dhananjaya Tewari** in all purpose vide affidavit No. **A 510213** sworn before Oath Commissioner at Gangtok on **07 day of October 2026. Dhananjaya Tewari** and **Dhanajay Tewari** both are same and identical person.

BEFORE THE OATH COMMISSIONER, GANGTOK SIKKIM

AFFIDAVIT

I, **Laxmi Maya Sharma**, wife of Shri Dharmananda Sharma, aged about 51 years, by Faith Hindu, Permanent Resident of Lower Paiyoung, Mellidara GPU, South District, Sikkim do hereby solemnly declare and affirm on oath as follows:

1. That I am an Indian Citizen by Sikkimese Origin.
2. That my true and correct name as per my Certificate of Identification bearing Serial No. 262 and Volume No. XXI issued by the Office of the District Collector, Namchi, South Sikkim dated 07.05.2026 is "Laxmi Maya Sharma".
3. That in my son's birth certificate issued by the Chief Registrar of Births & Deaths, Health & Family Welfare Department, my name has been inadvertently recorded and reflected as "Lachi Maya Sharma".
4. That this affidavit is made to declare that "Laxmi Maya Sharma" and "Lachi Maya Sharma" is same and identical person i.e., me.
5. That this affidavit is made bonafide.

Deponent

नाना पाटेकरको विशिष्ट शैली र जीवन्त अभिनयको सदैव स्मरण गरिने

मुम्बई, ८ अक्टोबरः जीवन्त अभिनय र विशिष्ट संवाद प्रस्तुतिका लागि परिचित चलचित्र क्षेत्रका वरिष्ठ अभिनेता नाना पाटेकरको ७५ वर्षको उमेरमा निधन भएको उनका छोरा मल्हार पाटेकरले बीबीसी मराठीलाई बताएका छन्। भारतीय समाचार एजेन्सी पीटीआईका अनुसार, नाना पाटेकरको निधन हृदयाघातका कारण भएको हो। गोवास्थित आफ्नो निवासमा बिहीवार बिहान अचेत अवस्थामा भेटिएपछि नाना पाटेकरलाई अस्पताल लगिएको थियो। त्यतिबेला उनको घरमा पाटेकरका सहयोगी र एक मित्र मात्र थिए। ती सहयोगीले एम्बुलेन्समा राखेर पाटेकरलाई अस्पताल पुर्‍याएका थिए। गोवाको मणिपाल अस्पतालका डा शेखर सांलुखेले एएनआई न्यूज एजेन्सीलाई बताएअनुसार लगातार ४५ मिनेटसम्म सीपीआर गर्दा पनि पाटेकरलाई बिउँताउन सकिएन।

पाटेकर भारतीय सिनेमाका सर्वाधिक परिचित अनुहारहरूमध्ये एक थिए। उनले तीनवटा राष्ट्रिय चलचित्र पुरस्कार जितेका थिए। जटिल, भावनात्मक र प्रायः अस्थिर स्वभावका पात्रहरूलाई जीवन्त बनाउने अभिनेताका रूपमा उनले विशेष पहिचान बनाएका थिए। उनी मराठी चलचित्र र रङ्गमञ्चका पनि प्रभावशाली व्यक्तित्व थिए। प्रधानमन्त्री नरेन्द्र मोदीसहित विभिन्न क्षेत्रका व्यक्तित्वहरूले पाटेकरप्रति श्रद्धाञ्जलि अर्पण गरेका छन्। मोदीले उनको बहुआयामिक अभिनय क्षमता र स्पष्टवादी व्यक्तित्वको प्रशंसा गरेका छन्। सामाजिक सञ्जाल 'एक्स'मा मोदीले पाटेकरले चलचित्रमा भूमिका निर्वाह गरेका पात्रहरू पुस्तौँसम्म सम्झिइरहने खालका छन् भनेका छन्। पाटेकरको निधनले कलाक्षेत्रमा ठूलो रिक्तता उत्पन्न भएको मोदीको टिप्पणी छ।

पाटेकरसँग 'वेलकम' चलचित्रमा सहकार्य गरेका बलिउड अभिनेता अक्षय कुमारले उनलाई दुर्लभ प्रतिभा भएका कलाकारका रूपमा सम्झिएका छन्। पाटेकरको आवाज, अभिनयको तीक्ष्णता र इमान्दारीले दर्शकको ध्यान सहजै खिच्ने गरेको उनले औँल्याएका छन्। पाटेकरले सन् १९७८ मा 'गमन' चलचित्रबाट आफ्नो फिल्मी यात्रा शुरु गरेका थिए। त्यसपछि केही समयसम्म उनले विभिन्न चलचित्रमा साना भूमिकाहरू निर्वाह गरे। तर उनले प्रस्तुत गर्ने ऊर्जाशील र प्रभावशाली अभिनय सबैको दृष्टिमा पर्न थाल्यो।

उनले सन् १९८९ मा 'परिन्दा' चलचित्रमा खेल्ने अवसर पाए। उक्त चलचित्रले उनलाई भारतभरि चिनायो। परिन्दामा उनले खेलेको अस्थिर तथा कठोर स्वभाव भएको अन्ना नामक गुन्डाको भूमिकाले व्यापक प्रशंसा बटुल्यो। यही भूमिकाका लागि उनले आफ्नो पहिलो राष्ट्रिय चलचित्र पुरस्कार तथा फिल्मफेअर पुरस्कार जिते। यसपछि पाटेकरले कहिल्यै पछाडि फर्केर हेर्नुपरेन।

सन् १९९० को दशकमा उनले धेरै चलचित्रमा अविस्मरणीय पात्रहरूको भूमिका निर्वाह गरे। ती चरित्रहरूले अभिनय गर्न सक्ने उनको प्रतिभाको गहिराइ र निपुणता देखाउँछन्। उनी आफैँले निर्देशन गरेको 'प्रहार' चलचित्रमा उनले निर्वाह गरेको मेजर चौहानको भूमिकाले व्यापक प्रशंसा पायो। त्यसपछि 'अङ्गर' मा माजिद खानको खलपात्र, 'तिरङ्गा' मा देशभक्त र जोसिला चरित्र अनि विशेष गरी 'क्रान्तिवीर' मा प्रतापनारायण तिलकको भूमिकाले उनलाई ठूलो ख्याति दिलायो।

'क्रान्तिवीर'मा उत्कृष्ट अभिनयका लागि उनले राष्ट्रिय चलचित्र पुरस्कारमा सर्वोत्कृष्ट अभिनेताको सम्मान प्राप्त गरे। समालोचकहरूले उनलाई आक्रामक र चर्को स्वरमा प्रस्तुत हुने पात्रको भूमिका गर्ने अभिनेता भनेर मूल्याङ्कन गर्न थालेका बेला उनले 'खामोशी'मा सुन्न र बोल्न नसक्ने व्यक्तिको भूमिकामा संवेदनशील र मन छुने अभिनय प्रस्तुत गरे।

सन् २०१० मा निर्देशक प्रकाश झाको फिल्म 'राजनीति'ले पाटेकरको अभिनययात्रामा अर्को आयाम थप्यो। एक चतुर र प्रभावशाली राजनीतिकर्मीको भूमिकामा उनको अभिनयको ठूलो प्रशंसा भएको थियो। पाटेकरले निर्वाह गरेका भूमिकाबाट उनको अभिनय क्षमताको विशाल दायरा झल्किन्छ। उनले गुन्डा, सैनिक, प्रहरी, नेता, देशभक्त, खलनायक, हास्यपात्र र दुःखान्त चरित्रमा अभिनय गरेका छन्। उनले हिन्दी र मराठी सिनेमाबीच सहज रूपमा काम गरे। कहिलेकाहीँ निर्देशक र लेखकका रूपमा पनि पर्दापछाडि बसेर काम गरे।



'परिन्दा', 'क्रान्तिवीर' र 'अग्निसाक्षी'का लागि प्राप्त उनका तीन राष्ट्रिय पुरस्कारहरूले उनको सफल र विशिष्ट अभिनय यात्रा दर्साउँछन्। पाटेकर मराठी र हिन्दी दुवै रङ्गमञ्चका प्रभावशाली व्यक्तित्व पनि थिए। सिनेमाले उनको बृहत् परिचय स्थापित गर्नुअघि उनले वर्षौँसम्म रङ्गमञ्चमा काम गरेका थिए। रङ्गमञ्चमै उनले संवाद प्रस्तुत गर्ने आफ्नो सशक्त र यथार्थपरक शैली विकास गरेका थिए। 'पुरुष' र 'हमिदाबाईची कोठी' उनका सबैभन्दा चर्चित नाटकहरूमध्ये पर्छन्। चलचित्र क्षेत्रमा ठूलो सफलता हासिल गरे पनि उनी आफ्नो व्यावसायिक जीवनमा रङ्गमञ्चसँग निरन्तर आबद्ध रहे।

पाटेकर सामाजिक अभियानमा सक्रियताका लागि पनि परिचित थिए।

तत्कालीन सरकारको आलोचना सीधा शब्दमा गर्नेमा पनि उनी कहलिएका थिए। उनी सीधा, स्पष्ट र निर्भिक रूपमा मन्त्रीहरू र उनीहरूका नीतिहरूको सार्वजनिक रूपमा आलोचना गर्न कहिल्यै हिचकिचाउँदैनथे। किसानसँग सम्बन्धित मुद्दाहरू उनका मन पर्ने विषय थिए।

उनको काम अभिव्यक्ति र वक्तव्य दिनेमा सीमित थिएन। सन् २०१५ मा उनले अभिनेता मकरन्द अनासपुरेसँग मिलेर 'नाम फाउन्डेशन' स्थापना गरेका थिए। उक्त संस्थाले महाराष्ट्रमा किसान कल्याणकारी कार्य र जल संरक्षणका क्षेत्रमा काम गर्दै आएको छ। तर उनको करिअर विवादरहित थिएन। सन् २०१८ मा अभिनेता तनुश्री दत्ताले करिब एक दशकअघि चलचित्र छायाङ्कन स्थलमा भएको भनिएको घटनासम्बन्धी पाटेकरविरुद्ध यौन उत्पीडनको आरोप लगाएपछि भारतको मी टू आन्दोलनमा यो विषयले व्यापक चर्चा पाएको थियो। पाटेकरले ती आरोपहरू अस्वीकार गरेका थिए। सन् २०१९ मा पुलिसले उनीविरुद्ध पर्याप्त प्रमाण नभेटिएको बताउँदै उनलाई सफाइ दिएको थियो।

राष्ट्रपतिसहित नेताहरूले अभिनेता नाना पाटेकरको निधनप्रति दुःख व्यक्त गरे

नयाँ दिल्ली, ८ अक्टोबर (हिस)ः राष्ट्रपति द्रौपदी मुर्मू, लोकसभा अध्यक्ष ओम बिरला तथा रक्षामन्त्री राजनाथ सिंहसहित विभिन्न नेताहरूले बिहीवार बलिहुडका दिग्गज अभिनेता नाना पाटेकरको निधनप्रति गहिरो दुःख व्यक्त गरेका छन्।

राष्ट्रपति मुर्मूले सामाजिक सञ्जाल 'एक्स' मा लेखेकी छन्, दिग्गज अभिनेता नाना पाटेकरको निधनबाट गहिरो दुःख लागेको छ। आफ्नो प्रभावशाली र हृदयस्पर्शी अभिनयमार्फत उनले मानवीय अनुभवको विस्तृत श्रृङ्खलालाई जीवन्त बनाएका थिए। उनले यस्ता पात्रहरू निर्वाह गरे, जसले मानिसहरूको मन र मस्तिष्कमा गहिरो छाप छाड्यो। समाज सेवाप्रतिको उनको समर्पणले वञ्चित वर्गप्रतिको उनको चिन्ता प्रतिबिम्बित गर्दथ्यो। उनको निधन भारतीय चलचित्र क्षेत्रका लागि ठूलो क्षति हो। म उनका परिवार तथा प्रशंसकहरूप्रति गहिरो समवेदना व्यक्त गर्दछु।

लोकसभा अध्यक्ष ओम बिरलाले अभिनय नाना पाटेकरका लागि केवल पात्र निर्वाह गर्नु नभई त्यसलाई पूर्ण समर्पणका साथ जिउनु रहेको बताए। उनको प्रभावशाली आवाज, संवाद प्रस्तुत गर्ने शैली तथा अनुहारका भावले हरेक भूमिकामा जीवन भर्ने गरेको उनले उल्लेख गरे। गम्भीर र संवेदनशील भूमिकादेखि हास्यप्रधान भूमिकासम्म उनले प्रत्येक पात्रलाई आफ्नो विशेष पहिचान दिएको बताउँदै बिरलाले उनको सशक्त अभिनय र चलचित्र क्षेत्रमा दिएको योगदान सदैव स्मरण गरिने बताए। उनको निधन चलचित्र क्षेत्रका लागि अपूरणीय क्षति भएको उल्लेख गर्दै उनले दिवङ्गत आत्माको शान्तिको कामना गरेका छन्।

रक्षामन्त्री राजनाथ सिंहले नाना पाटेकर केवल अभिनेता नभई आफैं रूपमा एउटा संस्था रहेको बताए। 'अंकुश', 'प्रहार' र 'क्रान्तिवीर' जस्ता चलचित्रमा उनले प्रस्तुत गरेको गम्भीरताले प्रत्येक पात्रलाई अविस्मरणीय बनाएको सिंहले बताए। उनको आवाज, उपस्थिति तथा विभिन्न प्रकारका भूमिकामा आफूलाई ढाल्न सक्ने क्षमताले उनलाई वास्तवमै अद्वितीय बनाएको उल्लेख गर्दै उनले भारतीय चलचित्रमा नाना पाटेकरको उल्लेखनीय योगदानले पुस्तौँसम्म प्रेरित गरिरहने बताए।

केन्द्रिय गृहमन्त्री तथा सहकारितामन्त्री अमित शाहले पाँच दशकसम्म नाना पाटेकरले आफ्नो सहज अभिनय र प्रभावशाली संवाद प्रस्तुतिमार्फत दर्शकहरूको मनमा अमिट छाप छाडेको बताए। गम्भीर सामाजिक विषय हुन् वा हास्य-व्यङ्ग्य, उनले निर्वाह गरेका प्रत्येक पात्रलाई जीवन्त बनाएको शाहले उल्लेख गरे। 'नाम फाउन्डेसन' मार्फत खडेरीबाट प्रभावित किसान परिवारहरूको सेवा गर्नुका साथै सीमामा पुगेर जवानहरूको हौसला बढाउने कार्य गर्दै उनी प्रसिद्धिको शिखरमा पुगे पनि आफ्नो माटोसँग जोड़िइरहेको शाहले बताए। नाना पाटेकरको सरलता र स्पष्टवादिताले आफूलाई सधैँ प्रभावित गरेको उल्लेख गर्दै उनले शोकसन्तप्त परिवार तथा प्रशंसकहरूलाई दुःख सहने शक्ति मिलोस् भन्ने कामना गरे।

केन्द्रिय कृषि तथा किसान कल्याणमन्त्री शिवराज सिंह चौहानले नाना पाटेकरको आवाज, बोल्ने शैली र अनुहारका भाव सीधै हृदयसम्म पुग्ने गरेको बताए। 'क्रान्तिवीर' र 'परिन्दा' जस्ता चलचित्रमा गम्भीर भूमिकाबाट दर्शकलाई झकझक्याउने तथा 'वेलकम' मा उदय शेट्टीको भूमिकामा हास्य प्रदान गर्ने नाना पाटेकरमा गहिराइ र हास्यह्रविनोद दुवै रहेको चौहानले बताए। उनका चलचित्र र पात्रहरू लामो समयसम्म सबैको स्मृतिमा रहने उनले उल्लेख गरे। भारतीय जनता पार्टीका राष्ट्रिय अध्यक्ष नितिन नवीनले सहज र प्रभावशाली अभिनयमार्फत नाना पाटेकरले हिन्दी तथा मराठी चलचित्रमा यस्तो छाप छाड़ेको बताए, जसमा प्रत्येक पात्रले आफ्नो अलग पहिचानसहित दर्शकहरूको मनमा स्थान बनाएको थियो। उनको अभिनयले आगामी पुस्ताका चलचित्रप्रेमीहरूलाई पनि उनको स्मरण गराइरहने उनले बताए।

कङ्ग्रेसका राष्ट्रिय अध्यक्ष मल्लिकार्जुन खरगेले भारतीय चलचित्रमा नाना पाटेकरको उत्कृष्ट अभिनय, उनको व्यापक तथा बहुआयामिक योगदान र किसान तथा वञ्चित वर्गप्रतिको संवेदनशीलतालाई सदैव स्मरण गरिने बताए।

मोदीलाई बालेन र रविको बधाई

नयाँ दिल्ली, ८ अक्टोबरः सार्वजनिक जीवन यात्राको २५औँ वर्षगाँठ मनाइरहेका प्रधानमन्त्री नरेन्द्र मोदीलाई नेपालका प्रधानमन्त्री वालेन्द्र शाहले बधाई ज्ञापन गरेका छन्। नेपालका प्रधानमन्त्री शाहले सामाजिक सञ्जाल एक्समार्फत बधाई दिँदै लेखेका छन्, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई २५ वर्षको समर्पित सार्वजनिक सेवाका लागि हार्दिक बधाई तथा शुभकामना छ । नेपाल आगामी दिनमा पनि यहाँ र यहाँको सरकारलाई निरन्तर सफलता र समृद्धिको शुभकामना व्यक्त गर्दछ। त्यसैगरी नेपालको सत्तारूढ़ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले पनि एक्समार्फत नै प्रधानमन्त्री मोदीलाई शुभकामना व्यक्त गरेका छन्। उनले लेखेका छन्, प्रधानमन्त्री नरेन्द्र मोदीजीलाई २५ वर्षको समर्पित सार्वजनिक सेवाको उल्लेखनीय यात्राका लागि हार्दिक बधाई तथा शुभकामना। यहाँको दूरदर्शी नेतृत्वमा भारतले गरेको रूपान्तरण र तीव्र प्रगति वास्तवमै प्रेरणादायी रहेको छ।

दिल्लीमा ६ तले भवन भत्किँदा चारजनाको मृत्यु, थप मानिस पुरिएको आशङ्का

नयाँ दिल्ली, ८ अक्टोबरः दिल्लीको सीमापुरी क्षेत्रमा बुधबार राती एक बहुतले भवन ढल्दा चार जनाको मृत्यु भएको छ भने आठ जना घाइते भएका छन्। जिल्ला अधिकारी अजय कुमारले समाचार एजेन्सी एएनआईलाई बताए अनुसार अहिलेसम्म तीन महिला र एक बालकको शव फेला परेको हो। भगनावशेस सडकमा खसेकाले त्यसमुनि कुनै पैदल यात्री फसेका छन् या छैनन् भन्ने निश्चित नभएको र सावधानीपूर्वक कार्य भइरहेको उनले जानकारी दिए। राहत तथा उद्धारको करिब ७५ प्रतिशत काम सकिएको र बाँकी काम पूरा हुन अझै चार-पाँच घण्टा लाग्ने अनुमान गरिएको छ। टोलीले हिजोदेखि नै निरन्तर र रातभरि काम गरिरहेको तथा उद्धार कार्य चाँडोभन्दा चाँडो सक्ने प्रयास भइरहेको अधिकारीहरूले बताएका छन्। यस दुर्घटनाका सम्बन्धमा आम आदमी पार्टीका विधायक वीर सिंह धींगानले आफूलाई भवन ढलेको खबर पाउनासाथ उनले १०० नम्बरमा फोन गरी पुलिस नियन्त्रण कक्ष तथा डीसीपीलाई जानकारी गराएका थिए। उक्त भवन करिब २५ गजको घडेरीमा बनेको र पाँचदेखि छ तले रहेको बताइएको छ। करिब एक-दुई वर्ष मात्र पुरानो उक्त भवनमा एक मुस्लिम परिवार बसोबास गर्दै आएको थियो।

इटाली-भारत रणनीतिक साझेदारी कार्यान्वयनको पर्खाइमा अल्झियो

नयाँ दिल्ली, ८ अक्टोबरः ब्रसेल्सले युरोपेली सङ्घ (ईयू) र भारतबीचको व्यापार सम्झौतालाई हस्ताक्षरको चरणतर्फ अघि बढाइरहँदा ७ अक्टोबर, २०२६ सम्म आइपुग्दा यसको कानुनी समीक्षा र अनुमोदनको प्रक्रियाले तीव्रता पाएको छ। रोम र नयाँ दिल्ली पनि आफ्नो सम्बन्धको थप चुनौतीपूर्ण चरणमा प्रवेश गर्दै छन्। व्यापार, रक्षा, कनेक्टिभिटी र गतिशीलता (मोबिलिटी) अब एउटा फराकिलो रणनीतिक एजेन्डामा अभिसरण भइरहेका छन्। जसले राजनीतिक गतिलाई संरचनात्मक सहकार्यमा बदल्नुपर्नेछ। यसै सन्दर्भमा जोन क्याबोट युनिभर्सिटीले पहिलो 'ट्र्याक १.५ संवाद' शुरु गरेको छ।



युरोपेली सङ्घ र भारतबीचको व्यापार सम्झौता लागू हुने दिशामा अर्को कदम अघि बढेको छ। युरोपेली आयोगले सम्झौतामा हस्ताक्षर र निष्कर्षलाई अधिकार दिन काउन्सिलसमक्ष आफ्ना प्रस्तावहरू औपचारिक रूपमा पेस गरेको थियो। झण्डै दुई दशकअघि शुरु भएको र यसै वर्षको सुरुमा निष्कर्षमा पुगेको वार्ता अब कार्यान्वयनतर्फ अघि बढिरहेको छ। हाल अक्टोबर २०२६ सम्म आइपुग्दा दुवै पक्षका संसद्हरूमा यसको अनुमोदन प्रक्रियामाथि गम्भीर र अन्तिम चरणका छलफलहरू भइरहेका छन्।

यस सम्झौताको विशाल आकारले नै यसको भूराजनीतिक महत्त्वलाई प्रस्ट पार्छ। युरोपेली सङ्घ र भारतले संयुक्त रूपमा विश्वव्यापी कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब एक चौथाइ हिस्सा ओगट्छन् भने दुवैको जनसङ्ख्या जोड्दा दुई अरब पुग्छ। वस्तु तथा सेवाहरूको व्यापार अहिले नै वार्षिक १८० अरब युरोभन्दा बढी छ, जसले युरोपेली सङ्मा करिब ८ लाख रोजगारीलाई धानेको छ। ब्रसेल्सको अनुमानअनुसार यो सम्झौताले भारततर्फ हुने युरोपेली वस्तु तथा सेवाको वार्षिक निर्यात ५८ अरब युरोले बढाउन सक्छ भने भन्सार महसुल कटौतीले युरोपेली निर्यातकर्ताहरूलाई हरेक वर्ष करिब ४ अरब युरो बचत गराउनेछ।

रोम र नयाँ दिल्लीले सन् २०२३ मा 'रणनीतिक साझेदारी' स्थापना गरे, त्यसको अर्को वर्ष २०२५-२०२९ का लागि 'संयुक्त रणनीतिक कार्य योजना' अपनाए र गत मे महिनामा मोदीको रोम भ्रमणका क्रममा आफ्नो सम्बन्धलाई 'विशेष रणनीतिक साझेदारी' मा स्तरोन्नति गरे। यो नयाँ ढाँचाले कार्य योजनाको कार्यान्वयनको अनुगमन गर्न र सम्बन्धलाई रणनीतिक मार्गदर्शन प्रदान गर्न परराष्ट्र मन्त्री नेतृत्वको संयन्त्रको पनि व्यवस्था गरेको छ। हालसम्म आइपुग्दा यस संयन्त्रले प्राविधिक समूहका धेरै चरणका बैठकहरू सम्पन्न गरी कामलाई तीव्रता दिइरहेको छ।

तसर्थ, अब प्रश्न बदलिएको छ। अब इटाली र भारत नजिकिन चाहन्छन् कि चाहँदैनन् भन्ने मुख्य प्रश्न रहेन, बरु उनीहरूले विगत केही वर्षहरूमा निर्माण गरेको राजनीतिक संरचनालाई आर्थिक, औद्योगिक र रणनीतिक परिणामहरूमा बदल्न सक्छन् कि सक्दैनन् भन्ने मुख्य चुनौती हो। रक्षा क्षेत्रमा पनि यही अनुसार गति लिइरहेको छ। अहिलेको सहकार्यले खरिद, औद्योगिक साझेदारी, अनुसन्धान तथा विकास, कर्मचारी आदानप्रदानलाई समेट्छ। नौसेनाको भ्रमण र प्रशिक्षण गतिविधिहरू पहिल्यै सम्बन्धको हिस्सा बनिसकेका छन्, यद्यपि संयुक्त सैन्य अभ्यासको लागि नियमित रूपरेखा अझै स्थापित हुन बाँकी छ। यद्यपि, अक्टोबर २०२६ सम्ममा दुवै देशका नौसेनाले हिन्द-प्रशान्त क्षेत्रमा ठूलो संयुक्त गस्ती र अभ्यासको अन्तिम तयारी गरिरहेका छन्।

यो मुद्दा सैन्य प्रणालीहरू बेच्ने मात्र होइन। भारत एकैसाथ आफ्नो खरिद स्रोतहरू विविधीकरण गर्न र घरेलु रक्षा उत्पादन विस्तार गर्न खोजिरहेको छ। इटालीका लागि यसले परम्परागत आपूर्तिकर्ता-ग्राहक सम्बन्धको सट्टा सह-विकास, अनुसन्धान र औद्योगिक साझेदारीमा आधारित सहयोगको लागि नयाँ ठाउँ सिर्जना गर्दछ।

यद्यपि, भारतले यस वातावरणलाई कसरी हेर्छ भन्ने कुरामा एउटा आधारभूत भिन्नता छ। नयाँ दिल्लीको विदेश नीति कुनै औपचारिक गठबन्धन भन्दा पनि 'रणनीतिक स्वायत्तता' र साझेदारीको विविधीकरणमा आधारित छ। त्यसैले, इटाली वा अझ व्यापक रूपमा भन्दा युरोपसँगको नजिकको सम्बन्धको अर्थ भारत पश्चिमा भूराजनीतिक गुटमा सामेल भइरहेको छ भन्ने होइन। २०२६ को वर्तमान भूराजनीतिक सङ्कटहरूमा भारतको सन्तुलित कूटनीतिले यो कुरा स्पष्ट पारेको छ। सबैभन्दा चासोको प्रश्न के हो भने, के इटाली र भारतले पूर्ण रणनीतिक अभिसरणको आवश्यकता विनै गहिरो सहयोगलाई सक्षम बनाउन पर्याप्त साझा हितहरू पहिचान गर्न सक्छन्?

बङ्गलुरुमा सीजेपीको 'जनताको अदालत' ध्रुव राठी र प्रकाश राजसहित अगुवा नागरिक सहभागी

बङ्गलुरू, ८ अक्टोबरः मतदाता नामावलीको विशेष गहन पुनरीक्षण (एसआईआर) विरुद्ध विरोध प्रदर्शन चर्किएको छ। यसै क्रममा बिहीबार बेंगलुरुको फ्रिडम पार्कमा 'पीपुल्स ट्रिब्युनल' अर्थात् 'जनताको अदालत' आयोजना गरिएको हो। कार्यक्रममा अभिनेता प्रकाश राज, युट्युबर तथा सामाजिक सञ्जाल प्रभावशाली व्यक्ति ध्रुव राठी, 'कक्रोच जनता पार्टी' (सीजेपी) का संस्थापक अभिजीत दीपकेसहित विभिन्न युवा संगठन र नागरिक समाजका प्रतिनिधि सहभागी भएका छन्।

कार्यक्रममा एसआईआर बाट प्रभावित भएको दाबी गर्ने नागरिकहरूले आफ्ना अनुभव र गुनासा राखिरहेका छन्। आयोजकहरूले मतदाता सूची पुनः परीक्षणका क्रममा देखिएका समस्या र त्यसले नागरिकको मतदान अधिकारमा पार्न सक्ने प्रभावबारे बहस गर्न 'पीपुल्स ट्रिब्युनल' आयोजना गरिएको बताएका छन्। अभिनेता प्रकाश राजले यसअघि भिडियोमार्फत कार्यक्रममा सहभागी हुन नागरिकलाई आह्वान गरेका थिए। उनले यो अभियानलाई 'लोकतन्त्र बचाउने लडाइँ' भन्दै ठूलो संख्यामा मानिस सहभागी हुनुपर्ने बताएका थिए। उनका अनुसार कार्यक्रममा सीजेपी संस्थापक अभिजीत दीपके, आशुतोष र सौरवसहित विभिन्न युवा सङ्गठन तथा नागरिक समाजसँग आबद्ध व्यक्तिहरू सहभागी हुनेछन्। एसआईआर बाट प्रभावित विभिन्न क्षेत्रका नागरिकले पनि कार्यक्रममा आफ्नो कुरा राख्ने उनले बताएका थिए। युट्युबर ध्रुव राठीले पनि भिडियोमार्फत आफू कार्यक्रममा सहभागी हुने जानकारी दिएका छन्। उनले सामाजिक सञ्जालमा पोस्ट गरेको भिडियोमा यो अभियानलाई लोकतन्त्रसँग जोड्दै नागरिकको सहभागिताको आह्वान गरेका छन्।

यसैबिच सीजेपीले आफ्ना स्वयंसेवकहरूलाई विरोध कार्यक्रममा सहभागी हुनबाट रोक्न देशका विभिन्न भागमा हिरासतमा लिइएको आरोप लगाएको छ। सीजेपी का अनुसार १० अक्टोबरमा दिल्लीको जन्तर-मन्तरमा प्रस्तावित विरोध प्रदर्शनमा सहभागी हुन नदिन स्वयंसेवकलाई हिरासतमा लिइएको हो। सङ्गठनले यस्तो कदमले विरोध झन् बढ्ने दाबी गरेको छ। सीजेपीका आशुतोष रांकाले पनि १० अक्टोबरको प्रदर्शनअघि सरकारमाथि गम्भीर आरोप लगाएका छन्। उनले शान्तिपूर्ण प्रदर्शनमा बाधा पुर्‍याउन तथा प्रदर्शनकारीविरुद्ध हिंसा भड्काउन दक्षिणपन्थी समूहलाई दिल्लीमा भेला गराइएको दाबी गरेका छन्। उनले प्रस्तावित प्रदर्शन शान्तिपूर्ण हुने र प्रदर्शनकारीले हिंसाको बाटो नअप्नाउने बताएका छन्।

भारतको निर्वाचन आयोग र मुख्य निर्वाचन आयुक्तविरुद्ध विपक्षी तथा विभिन्न नागरिक समूहले देशका विभिन्न स्थानमा विरोध प्रदर्शन गरिरहेका छन्। एसआईआरलाई लिएर मतदाता सूचीबाट नाम हट्ने, पुनरीक्षण प्रक्रियामा पारदर्शिता र नागरिकको मतदान अधिकार प्रभावित हुन सक्ने विषयमा आलोचना भइरहेको छ। बङ्गलुरुको 'पीपुल्स ट्रिब्युनल' पनि यही विवादको पृष्ठभूमिमा आयोजना गरिएको हो। कार्यक्रमका आयोजकहरूले एसआईआर सम्बन्धी नागरिकका गुनासा सार्वजनिक गर्ने र उनीहरूको आवाज सम्बन्धित निकायसम्म पुऱ्याउने उद्देश्य रहेको बताएका छन्।

हिमाली बेला

सम्पादकीय पृष्ठ ४

वर्ष-२०; अङ्क-२७४; वि.सं. २०८३, असोज २३ गते; गान्तोक शुक्रवार, ९ अक्टोबर, २०२६

संसारमा केही पनि आफैंमा असल र खराब हुँदैनन्, अपितु हामी आफ्नै विचारले नै तिनलाई असल र खराब बनाउने गर्छौं।

❑ शेक्सपियर

सम्पादकीय

नशाको साम्राज्यको जरामा प्रहार गर्नु जरुरी

नशा अर्थात् लागूपदार्थ दुरुपयोग अब सामाजिक कुकर्म वा कानून व्यवस्थाको चुनौती मात्र रहेन। यो देशको युवा, अर्थतन्त्र, सामाजिक संरचना र राष्ट्रिय सुरक्षाको लागि गम्भीर खतरा बनेको छ। यस सन्दर्भमा, २०२९ सम्ममा देशलाई लागूपदार्थमुक्त बनाउने केन्द्र सरकारको लक्ष्य र २०२६ देखि २०२९ सम्मको लागि तयार पारिएको तीन वर्षे समयसीमाबद्ध रोडम्याप महत्त्वपूर्ण छ। तर यो प्रतिबद्धताको वास्तविक परीक्षा केवल घोषणाहरूमा होइन तर जमिनमा गरिने कार्यमा हुनेछ। केन्द्रिय गृहमन्त्री अमित शाहले एनसीओआरडीको १०औं शिखर समिति बैठकमा लागूपदार्थमुक्त भारत अभियानको लागि दृष्टिकोण दस्तावेज जारी गरे। यसमा चार प्रमुख स्तम्भ क्रमैले २५ घटक र २०० भन्दा अधिक कार्य बुँदाहरू समावेश छन्। उल्लेखनीय कुरा के छ भने रणनीतिले लागूपदार्थ बरामद र साना तस्करहरूको गिरफ्तारीबाट सफलता मापन गर्नुको सट्टा सम्पूर्ण लागूपदार्थ सञ्जालको आर्थिक र सङ्गठित शक्तिलाई लक्षित गर्ने कुरामा जोड दिन्छ। यो यस लड़ाईंको सबैभन्दा महत्त्वपूर्ण दिशा हो। लागूऔषधको व्यापार तब मात्र फस्टाउँछ जब यसको पछाडि पैसा, सञ्जाल र सुरक्षात्मक प्रणाली हुन्छ। त्यसकारण, तस्करहरूको सम्पत्ति जफत र फ्रिज गर्ने, उनीहरूको वित्तीय पूर्वाधार भत्काउने र विदेशमा रहेका शीर्ष भागेकाहरूलाई भारत फिर्ता ल्याउने काम कानुनी कारबाही मात्र होइन, तर लागूऔषध व्यापारको मेरुदण्डमा प्रहार गर्ने काम हो। लक्ष्य २०२९ सम्ममा विदेशमा सञ्चालित १०० शीर्ष भगौड़ाहरूलाई भारत फिर्ता ल्याउने हो।

वास्तवमा, सिन्थेटिक र रासायनिक औषधिहरूले चुनौतीलाई अझ जटिल बनाएका छन्। गोप्य प्रयोगशाला पहिचान गर्ने, तिनीहरूविरुद्ध कारबाही गर्ने र तिनीहरूको उत्पादन प्रक्रियादेखि लिएर तिनीहरूको प्रयोगसम्मका पूर्ववर्ती रसायनहरूको १००% डिजिटल ट्र्याकिङ गर्ने योजना यस विकसित खतरालाई ध्यानमा राखेर विकसित गरिएको छ। यद्यपि, डिजिटल निगरानीको सफलता शङ्कास्पद गतिविधिहरूको बारेमा जानकारी प्राप्त गरेपछि एजेन्सीहरूले कति चाँडो कार्य गर्छन् भन्ने कुरामा निर्भर गर्दछ। प्रविधिले कारबाहीलाई तीव्र बनाएमा मात्र उपयोगी हुन्छ।

यस अभियानको अर्को महत्त्वपूर्ण पक्ष भनेको लागूऔषधको माग घटाउनु हो। तस्करीविरुद्ध जतिसुकै कारबाही गरिए पनि, यदि बजार कायम रह्यो भने नयाँ तस्कर र नयाँ नेटवर्कहरू देखा पर्दै जानेछन्। त्यसैले स्कूल र कलेज क्याम्पस वरिपरि ५०० मिटरको क्षेत्र सुरक्षित गर्ने प्रस्ताव महत्त्वपूर्ण छ। युवाहरूलाई लागूपदार्थको लतबाट टाढ़ा राख्न, जागरूकता र लतमुक्ति र पुनर्स्थापना सुविधाहरूको विस्तार आवश्यक छ। लागूपदार्थ दुर्व्यसनीहरूलाई अपराधीको रूपमा व्यवहार गरेर मात्र समस्या समाधान हुन सक्दैन; तिनीहरूलाई उपचार र पुनर्स्थापना पनि आवश्यक छ। मार्च २०२७ सम्ममा प्रत्येक राज्यमा पूर्ण रूपमा सुसज्जित लागूपदार्थ विरोधी कार्यदल स्थापना गर्ने र ३० दिनभित्र फोरेन्सिक रिपोर्ट प्रदान गर्ने लक्ष्य पनि समयमै कारबाहीको लागि महत्त्वपूर्ण छ।

वास्तवमा, सरकारले एक्लै लागूपदार्थको लतविरुद्धको लड़ाईं जित्न सक्दैन। सम्पूर्ण समाज दृष्टिकोणसँगै सरकारको सम्पूर्ण दृष्टिकोण लागू गर्नुपर्छ। एनसीसी, एनएसएस र माई भारतमार्फत एक लाख लागूपदार्थमुक्त साथीहरू सिर्जना गर्ने योजनाले युवाहरूलाई यस अभियानमा सक्रिय सहभागी बनाउन सक्छ। परिवार, विद्यालय, कलेज, सामाजिक संस्थान र स्थानीय समुदायहरू उत्तिकै महत्त्वपूर्ण छन्। लागूपदार्थको लतविरुद्ध अब आधा मनले प्रयास गर्ने ठाउँ छैन। २०२९ को लक्ष्य उच्च छ र समय सीमित छ। त्यसकारण, सफलताको मापन लागूऔषध बरामद गरिएको मात्रा वा पक्राउ परेको सङ्ख्यामा होइन, बरु तस्करी सञ्जालको विघटन, अवैध पैसा सुक्ने, सुरक्षित शैक्षिक क्याम्पस, घटेको माग र राम्रो पुनर्स्थापनामा हुनुपर्छ।

सिर्जनधर्मीहरूसँग अनुरोध

विचार तपाईंको, तपाईंको विचारलाई सम्प्रेषण गर्ने जिम्मा हाम्रो। घटनाहरू अनेकथरी हुनसक्छन् तर घटनामाथि समीक्षात्मक दृष्टि राख्ने जिम्मेवारी तपाईं-हाम्रो। प्रत्येक युगको इतिहासले यही प्रमाणित गरेको छ। समाज बौद्धिक जगत्को मार्गदर्शनमा अघि बढ्दै प्रगतिको फाँटमा पुगेको छ। यस्तै इतिहासलाई साक्षी राख्दै सिक्किमको बौद्धिक जगत् पनि जागोस् भन्ने हिमाली बेलाको चाहना हो। हिमाली बेलाको चाहनालाई हैंसे तपाईंहरूले पनि दिनुहुनेछ भन्ने आशाका साथ हामी समस्त बौद्धिक जमातबाट विचारपूर्ण, प्रगतिशील एवं समयसापेक्ष रचनाहरूका निम्ति आह्वान गर्दछौं। हिमाली बेलाले के ठानेको भने कारक जहिले पनि बौद्धिक झुण्ड हुन्छ अनि कारकको विचारलाई सम्प्रेषण दिने हामी निमित्त मात्र हौं।

–सम्पादक

सिक्किमको राजनीति, सिक्किम बचाउने हो कि राजनीतिको खेल खेल्ने?

✍ विष्णु दुलाल
ताक्छाङ, पूर्व सिक्किम

सिक्किमको वर्तमान राजनीतिक अवस्था, राजनीतिक दलहरूको गतिविधि र नेताहरूका अभिव्यक्तिलाई नजिकबाट नियाल्दा एउटा गम्भीर प्रश्न उठ्छ– हामी राजनीति गरिरहेका छौं कि राजनीतिको स्तर र गरिमालाई नै दिनप्रतिदिन तल झारिरहेका छौं?

आज राजनीतिक बहसभन्दा आरोप, प्रत्यारोप, दोषारोपण, व्यक्तिगत आक्षेप र अस्वस्थ आलोचना बढ़ी सुनिन थालेको अनुभूति हुन्छ। लगभग सबै राजनीतिक दलको दाबी छ– सिक्किम बचाउने, सिक्किमेली अस्तित्वको रक्षा गर्ने, जनताको हक, हित र अधिकार सुरक्षित गर्ने तथा राज्यमा सुधार र विकास ल्याउने। तर प्रश्न छ, यी दाबी व्यवहारमा कहाँ देखिन्छन्?

यदि राजनीतिक दल र राजनीतिज्ञहरूलाई साँच्चिकै सिक्किमको चिन्ता छ भने राज्यका साझा विषयमा एकअर्कासँग संवाद र सहकार्य किन हुन सक्दैन? विचार फरक हुनु स्वाभाविक हो, तर सिक्किमको हितका साझा विषयमा हातेमालो गर्न किन सकिँदैन? दुर्भाग्यवश, हामी युवाहरूले देखिरहेको राजनीतिक वातावरणमा विपक्ष सरकारको विरोधमा र सरकार पक्ष विपक्षको आलोचनाको जवाफ दिनमै व्यस्त देखिन्छ। यसरी आरोप र प्रत्यारोपको चक्र चलिरहँदा सिक्किमेली जनताको वास्तविक समस्या भने ओझेलमा परिरहेको छ।

प्रजातन्त्रमा सरकार र विपक्ष दुवै आवश्यक छन्। सरकारका कमजोरी औंल्याउनु, जनताको आवाज उठाउनु र सरकारलाई जवाफदेही बनाउनु विपक्षको धर्म हो। तर विपक्षको काम विरोध गर्नु मात्र होइन, कमजोरीसँगै विकल्प र समाधान दिनु पनि हो। 'यो गलत छ' भन्नुका साथै 'यसको समाधान यस्तो हुन्छ' भन्न सक्ने राजनीतिक क्षमता पनि देखिनुपर्छ। त्यसैगरी सरकारको जिम्मेवारी आफ्ना समर्थकको मात्र संरक्षण गर्नु वा विपक्षको आलोचनाको जवाफ दिइरहनु होइन। सरकार सम्पूर्ण सिक्किमेली जनताको हो। विपक्षले उठाएका जायज प्रश्न र सुझावलाई सुन्ने, तथ्य गलत भए प्रमाणसहित खण्डन गर्ने र सही भए सुधार गर्ने संस्कार सरकारमा हुनुपर्छ। सरकार बलियो हुनुको अर्थ आलोचना दबाउनु होइन, आलोचना सुनेर सही निर्णय लिन सक्नु हो।

आज सिक्किममा स्वस्थ राजनीतिक बहसको वातावरण कमजोर हुँदै गएको अनुभूति हुन्छ। राजनीतिक मतभेद व्यक्तिगत सम्बन्ध र सामाजिक सम्बन्धसम्म पुग्नु चिन्ताजनक विषय हो। यही कारणले धेरै युवाहरू राजनीतिबाट टाढ़ा बस्न रुचाइरहेका छन्। युवालाई राजनीतिमा आकर्षित गर्नुपर्ने समयमा राजनीतिप्रतिको वितृष्णा बढ्नु गम्भीर चिन्ताको विषय हो।

राज्यका विपक्षी दलहरू, क्याप, एसडीएफ, काङ्ग्रेस लगायतले वर्तमान एसकेएम सरकारका कामकारबाहीमाथि भ्रष्टाचार, विकास, सड़क, पुल, अस्पताल, विद्यालय, प्रशासन, सिक्किमेली अधिकार तथा राज्यको भविष्यलगायत विभिन्न विषयमा प्रश्न उठाउँदै आएका छन्। यी आरोप र दाबीहरू तथ्य, प्रमाण र सम्बन्धित अभिलेखका आधारमा जनताले मूल्याङ्कन गर्नुपर्छ। तर एक सामान्य सिक्किमेको रूपमा म ती सबै विपक्षी दलहरूसामु एउटा सीधा प्रश्न राख्न चाहन्छु– यदि वर्तमान सरकार साँच्चिकै गलत छ भने, सिक्किमको भविष्य सङ्कटमा छ भने, सिक्किमको माटो, अस्तित्व र अधिकार असुरक्षित छन् भने, त्यस्तो सरकारलाई चुनौती दिन विपक्षी दलहरू साझा मुद्दामा एक ठाउँमा उभिन किन सक्दैनन्?

> सिक्किम हामी सबैको साझा माटो, साझा अस्तित्व र साझा भविष्य हो। त्यसैले राजनीति गरौं, तर सिक्किमलाई केन्द्रमा राखेर। विरोध गरौं, तर प्रमाण र समाधानसहित। सत्ता खोजौं, तर जनताको विश्वासको माध्यमबाट। र सबैभन्दा महत्वपूर्ण, सिक्किमको नाममा राजनीति गर्ने हो भने, पहिले सिक्किमलाई नै पहिलो स्थानमा राखौं। यदि भविष्यका दिनमा केन्द्रिय पार्टीहरू सिक्किमका लागि घातक साबित हुनसक्छन् भन्ने लाग्छ भने राज्यका सम्पुर्ण क्षेत्रीय पार्टी, सङ्गठन अनि जनताहरू सिक्किमको हितमा एकजुट हुन् सक्नुपर्छ।

यो प्रश्न मैले एसकेएम सरकारको पक्षमा उभिएर सोधेको होइन। यो प्रश्न सिक्किमेली जनताको पक्षमा उभिएर सोधेको हुँ। यदि विपक्षी दलहरूलाई साँच्चिकै सिक्किमप्रति प्रेम छ र जनताको अधिकार तथा भविष्यप्रति गम्भीर छन् भने व्यक्तिगत रिस, राजनीतिक अहङ्कार र नेतृत्वको प्रतिस्पर्धाभन्दा माथि उठेर कम्तीमा साझा सिक्किमेली मुद्दामा एक ठाउँमा उभिन सक्नुपर्छ। चुनावी तालमेल वा राजनीतिक एकताको स्वरूप उनीहरूको निर्णय हो, तर जनतासामु स्पष्ट वैकल्पिक नीति, साझा कार्यक्रम र व्यवहारिक समाधान प्रस्तुत गर्नु उनीहरूको जिम्मेवारी हो। विपक्षी दलहरू विभाजित हुँदा त्यसको असर अन्ततः जनतामाथि पर्छ। युवा, विद्यार्थी, किसान, मजदुर, कर्मचारी तथा सामान्य नागरिक बारम्बार आरोप र प्रत्यारोप सुन्छन्, तर विकल्प के हो भन्ने स्पष्ट जवाफ खोजिरहेका हुन्छन्। त्यसैले जनताको भावनालाई केवल चुनावी गणितका रूपमा प्रयोग गर्ने होइन, उनीहरूलाई स्पष्ट राजनीतिक विकल्प दिन सक्नुपर्छ।

सिक्किममा राजनीतिक आस्थाका आधारमा विभेद भएको भन्ने गुनासाहरू पनि समय–समयमा उठ्ने गरेका छन्। यस्ता गुनासाहरू जहाँ छन्, त्यहाँ तथ्य र प्रमाणका आधारमा निष्पक्ष छानबिन हुनुपर्छ। कुनै नागरिकको राजनीतिक आस्था उसको अधिकार खोस्ने वा सरकारी सुविधा रोक्ने आधार बन्नु हुँदैन। नागरिक अधिकार दलको झण्डासँग जोड़िनु हुँदैन। त्यसैले राजनीतिक दलहरूसँग मेरो स्पष्ट आग्रह छ, सिक्किमेली युवाको काँधमा बन्दुक राखेर आफ्नो राजनीतिक लड़ाइँ नलड़ौं। विद्यार्थी, युवा, किसान, मजदुर र सामान्य नागरिकलाई राजनीतिक भीड़को सङ्ख्या बनाउने काम नगरौं। जनताको भावनालाई भड्काएर वा उनीहरूलाई एकअर्काविरुद्ध खड़ा गरेर प्राप्त गरिने राजनीतिक लाभले अन्ततः सिक्किमलाई नै कमजोर बनाउँछ।

आगामी २००२७ को पञ्चायत चुनाव लगायत २०२९ को विधानसभा निर्वाचनमा कसले जित्छ वा हार्छ भन्ने निर्णय आजै गर्न सकिँदैन। त्यो अधिकार जनतासँग छ। त्यसैले प्रत्येक मतदाताले पार्टीको झण्डा, भाषण वा भावनात्मक नाराभन्दा माथि उठेर उम्मेदवारको काम, नीति, विगतको योगदान, सार्वजनिक व्यवहार र भविष्यको स्पष्ट योजनालाई आधार बनाएर मतदान गर्नुपर्छ। सरकारको विकल्प बन्न चाहने विपक्षी दलहरूले पनि जनतालाई एउटा स्पष्ट उत्तर दिनुपर्छ, हामी सरकारको विरोधमा छौं मात्र होइन, हामी सरकारमा आएपछि के फरक गर्छौं? यही प्रश्नको व्यवहारिक उत्तर आजको सचेत मतदाताले खोजिरहेका छन्।

त्यसैगरी सरकार पक्षले पनि विपक्षीको प्रत्येक आलोचनालाई राजनीतिक हमला भनेर अस्वीकार गर्नु हुँदैन। आलोचना तथ्यमा आधारित छ भने सुधार गर्ने साहस देखाउनुपर्छ, आरोप गलत छ भने तथ्य र प्रमाणसहित जवाफ दिनुपर्छ। जनतालाई राजनीतिक हल्ला होइन, सत्य र परिणाम चाहिएको छ।

राजनीतिमा त्याग गर्नुपर्छ भन्ने धेरै हुन्छ। तर त्यागको भार जनता र कार्यकर्ताले मात्र बोक्ने कि राजनीतिज्ञहरूले पनि? यदि सिक्किम साँच्चिकै पहिलो प्राथमिकता हो भने नेताहरूले पनि व्यक्तिगत अहङ्कार, पदको आकाङ्क्षा र दलगत स्वार्थभन्दा माथि उठ्न सक्नुपर्छ। सार्वजनिक हितका लागि त्याग गर्न नसक्ने नेतृत्वले जनताबाट मात्र त्यागको अपेक्षा गर्नु उचित हुँदैन। हामीले स्पष्ट रूपमा बुझ्नुपर्छ, सिक्किम कुनै एउटा राजनीतिक दलको होइन, कुनै नेताको व्यक्तिगत सम्पत्ति होइन। सिक्किम सत्ता पक्षको मात्र होइन, विपक्षको मात्र पनि होइन। सिक्किम सम्पूर्ण सिक्किमेली जनताको साझा घर हो। त्यसैले अब सिक्किमेली राजनीतिले नयाँ संस्कार आवश्यक छ, आरोप छ भने प्रमाण देऊ, विरोध छ भने विकल्प देऊ, समस्या छ भने समाधान देऊ र नेतृत्व छ भने त्याग देऊ। सम्पूर्ण सिक्किमेली जनता, युवा, विद्यार्थी, किसान, कर्मचारी, मजदुर र आम नागरिकहरूसँग मेरो अपील छ, आफ्नो बहुमूल्य मत कुनै दबाब, डर, लोभ वा भावनात्मक उत्तेजनामा होइन, विवेक र तथ्यका आधारमा प्रयोग गरौं। राजनीतिक गतिविधिमा सहभागी हुने वा नहुने निर्णय प्रत्येक नागरिकको स्वतन्त्र अधिकार हो। तर राजनीतिक दलको झण्डा बोक्नुभन्दा पहिले आफ्नो विवेकको झण्डा उठाऔं।

अन्ततः प्रश्न एसकेएम, एसडिएफ, क्याप बिजेपी वा काङ्ग्रेसको मात्र होइन। प्रश्न सिक्किमको राजनीतिक संस्कारको हो। प्रश्न हाम्रो भविष्यको हो। प्रश्न हाम्रो अस्तित्वको हो।

यदि कुनै विपक्षी दललाई वर्तमान सरकार गलत छ भन्ने लाग्छ भने जनतासामु स्पष्ट वैकल्पिक बाटो प्रस्तुत गरोस्। यदि सिक्किमको भविष्य सङ्कटमा छ भन्ने लाग्छ भने त्यसबाट बाहिर निकाल्ने साझा योजना प्रस्तुत गरोस्। व्यक्तिगत अहङ्कार र राजनीतिक विभाजनभन्दा माथि उठेर सिक्किमेली हितमा सहकार्य गर्ने क्षमता देखाओस्। किनकि सिक्किम बचाउने, सुधार ल्याउने , परिवर्तन गर्ने कुरा भाषणमा होइन, व्यवहारमा देखिनुपर्छ। सिक्किम कुनै नेताको राजनीतिक सम्पत्ति होइन। सिक्किम कुनै दलको बपौती होइन।

सिक्किम हामी सबैको साझा माटो, साझा अस्तित्व र साझा भविष्य हो। त्यसैले राजनीति गरौं, तर सिक्किमलाई केन्द्रमा राखेर। विरोध गरौं, तर प्रमाण र समाधानसहित। सत्ता खोजौं, तर जनताको विश्वासको माध्यमबाट। र सबैभन्दा महत्वपूर्ण, सिक्किमको नाममा राजनीति गर्ने हो भने, पहिले सिक्किमलाई नै पहिलो स्थानमा राखौं। यदि भविष्यका दिनमा केन्द्रिय पार्टीहरू सिक्किमका लागि घातक साबित हुनसक्छन् भन्ने लाग्छ भने राज्यका सम्पुर्ण क्षेत्रीय पार्टी, सङ्गठन अनि जनताहरू सिक्किमको हितमा एकजुट हुन् सक्नुपर्छ। चाहे एसकेएमको पक्षमा होस्, या क्याप, एसडीएफ या कुनैपनि क्षेत्रीय नयाँ सङ्गठनको पक्षमा होस्, हामीले सिक्किमको हितमा साथ दिनसक्नु पर्छ। यदि सबैले सिक्किमका लागि राजनीति गरेका हुन भने सर्वप्रथम नेता अर्थात राजनीतिज्ञहरूले त्याग गर्न सक्नुपर्छ। ■

भारतको 'ब्लु इकोनोमी' : अवसरको नयाँ लहर

शताब्दीयौंदेखि महासागरले भारतको व्यापारलाई धान्दै आएको छ, तटीय संस्कृतिहरूलाई आकार दिएको छ र रणनीतिक प्रभावलाई सशक्त बनाएको छ। आज, ११,०९८ किलोमिटर लामो तटरेखा, विशाल समुद्री स्रोतसाधन र हिन्द महासागरमा रहेको प्रभावशाली स्थितिका साथ यसले भारतको विकासका लागि नयाँ आयाम प्रस्तुत गरेको छ।

राष्ट्र 'विकसित भारत २०४७' को लक्ष्यतर्फ अघि बढ़िरहँदा 'ब्लु इकोनोमी' (समुद्रमा आधारित अर्थतन्त्र) समृद्धि, दिगोपन र राष्ट्रिय शक्तिको एक सशक्त मार्गका रूपमा उदाउँदै छ। माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदी जीले यस अवसरलाई भारतको विकास सम्बन्धी दृष्टिकोणको केन्द्रबिन्दुमा राखेका छन्। उनले आफ्नो ८०औं स्वतन्त्रता दिवसको सम्बोधनमा 'ब्लु इकोनोमी' लाई देशलाई अघि बढाउने सातवटा मुख्य आधार वा 'सप्त-धारा' मध्ये एकका रूपमा पहिचान गरेका छन्।

'ब्लु इकोनोमी' केवल महासागरको अर्थतन्त्र मात्र होइन, यो मानिस, विचार र सम्भावनाहरूको अर्थतन्त्र पनि हो। यसको उद्देश्य माछा मार्ने समुदाय र तटीय बासिन्दाहरूको जीवन स्तर सुधार्नु, उद्यमी तथा लगानीकर्ताहरूका लागि अवसर सिर्जना गर्नु, खाद्य तथा ऊर्जा सुरक्षा बलियो बनाउनु र जलवायु परिवर्तनको सामना गर्न सक्ने तटीय क्षेत्र निर्माण गर्न विज्ञानको प्रयोग गर्नु हो। सबैभन्दा महत्त्वपूर्ण कुरा, यसले आर्थिक प्रगति र पर्यावरणीय उत्तरदायित्वलाई सँगसँगै अघि बढ़ाउने सुनिश्चित गर्दछ।

यस अवसरसँगै केही तत्काल सम्बोधन गर्नुपर्ने चुनौतीहरू पनि छन्। समुद्री प्रदूषण र जलवायु परिवर्तनले समुद्री स्रोतसाधनमाथि ठूलो दबाउ सिर्जना गरिरहेका छन्। यी चुनौतीहरू नवीनता, दिगो पहल र लगानीका लागि उत्प्रेरक बन्न सक्छन्। प्रविधि विकास, उद्यम सिर्जना र पुँजी परिचालनलाई तीव्रता दिएर भारतले 'अफशोर' (समुद्रमा आधारित) नवीकरणीय ऊर्जा, समुद्री जैविक प्रविधि, उन्नत जलकृषि, महासागर सम्बन्धी तथ्याङ्क सेवा, दिगो पर्यटन र गहिरो समुद्र सम्बन्धी प्रविधिजस्ता उदाउँदा क्षेत्रहरूलाई 'ब्लु इकोनोमी' विकासको सशक्त इन्जिनमा रूपान्तरण गर्न सक्छ।

एक सशक्त 'ब्लु इकोनोमी' ले आय र पोषण सुरक्षामा सुधार ल्याउन दिगो माछापालन र जलकृषिलाई रूपान्तरण गर्न सक्छ। आधुनिक बन्दरगाह, ढुवानी र लजिस्टिक (व्यवस्थापन) प्रणालीले व्यापारिक प्रतिस्पर्धात्मक क्षमता बढाउन सक्छन्। 'अफशोर' नवीकरणीय ऊर्जाले भारतको स्वच्छ ऊर्जातर्फको सङ्क्रमणमा सहयोग पुऱ्याउन सक्छ। समुद्री पर्यटनले स्थानीय उद्यम र रोजगारी सिर्जना गर्न सक्छ, जबकि महासागर विज्ञान, पूर्वानुमान र डिजिटल सेवाहरूले जीवन, सम्पत्ति र जीविकोपार्जनको रक्षा गर्न सक्छन्। यी सबै क्षेत्रहरू मिलेर समुद्री सुरक्षा, प्रविधिमा आत्मनिर्भरता र हिन्द महासागर क्षेत्रमा भारतको नेतृत्वदायी भूमिकालाई मजबुत बनाउन सक्छन्। त्यसैले, भारतले 'निलो अर्थतन्त्र' लाई छरिएर रहेका योजनाहरूको समूहका रूपमा नभई एक एकीकृत राष्ट्रिय विकास रणनीतिका रूपमा हेर्छ। यसको मूल मर्म वा सिद्धान्त के हो भने विज्ञानले त्यस्तो नीति निर्माण गर्नुपर्छ जसले उद्यम र संस्थाहरूलाई सक्षम बनाओस्; यस्ता उद्यम र संस्थाहरूले मानिस तथा पृथ्वीका लागि मापनयोग्य मूल्य सिर्जना गर्छन्। पृथ्वी विज्ञान मन्त्रालय यस रूपान्तरणका लागि आवश्यक वैज्ञानिक, प्राविधिक र संस्थागत आधार तयार पार्दैछ।

गहिरो महासागर अभियान, समुद्री स्थानिक योजना पाइलटहरू, महासागर-अवलोकन नेटवर्कहरू, डिजिटल प्लेटफर्महरू, पूर्वानुमान प्रणालीहरू र उन्नत समुद्री सेवाहरूमार्फत, मन्त्रालयले समुद्री ज्ञानलाई सार्वजनिक मूल्यमा रूपान्तरण गरिरहेको छ। गहिरो-समुद्र अन्वेषण, समुद्री जैविक प्रविधि, महासागर ऊर्जा र डिसेलिनेशनमा स्वदेशी क्षमताहरूले स्रोत सुरक्षा, नवीनता र आत्मनिर्भरताको लागि मार्गहरू खोलिरहेका छन्। मत्स्य पालन सल्लाह, प्रारम्भिक-चेतावनी सेवाहरू र किनार-व्यवस्थापन हस्तक्षेपहरूले तटीय जीविकोपार्जनलाई समर्थन गरिरहेका छन् र प्रकोप तयारीलाई मजबुत गरिरहेका छन्।

अर्को चरणलाई मात्रा, गति र प्रभावद्वारा परिभाषित गरिनुपर्छ। भारतलाई प्रमाण आधारित निर्णयहरूको लागि एकीकृत महासागर शासन, बलियो समन्वय, विश्वसनीय परियोजना पाइपलाइन र डिजिटल प्रविधिहरूको व्यापक प्रयोग आवश्यक छ। २०१५–२०२५ को अवधिमा लगभग ३.९ लाख करोड रुपियाँबाट बढ़ेर २०२६–२०३५ को अवधिमा लगभग २५.८ लाख करोड़ रुपियाँ पुग्ने अनुमान गरिएको ब्लू इकोनोमी लगानीको साथ, यो अवसर ऐतिहासिक छ। यो सम्भावनालाई दिगो परिणामहरूमा अनुवाद गर्न नवीन वित्त, जिम्मेवार निजी पूँजी, स्टार्टअप सहभागिता र पारदर्शी कार्यान्वयन आवश्यक हुनेछ। यी सम्पूर्ण यात्रामा तटीय समुदायहरूलाई सक्रिय भागिदार र मुख्य लाभार्थीका रूपमा सामेल रहनुपर्छ।

सबैभन्दा रोमाञ्चक अध्याय भारतका युवाहरूको लागि हो। प्रत्येक युवा उद्यमी, लगानीकर्ता, वैज्ञानिक, प्राविधिक, पेशेवर र कुशल श्रमिकहरूलाई समुद्री अर्थतन्त्रले सीमा बिनाको क्षितिज प्रदान गर्दछ। बन्दरगाह, ढुवानी, रसद, मत्स्यपालन र पर्यटन जस्ता परम्परागत क्षेत्रहरूलाई स्वचालन, डिजिटल प्लेटफर्महरू, सफा इन्धन, विद्युतीय गतिशीलता र दिगो सञ्चालनमार्फत पुन: कल्पना गरिँदैछ। अपतटीय नवीकरणीय ऊर्जा, समुद्री जैव प्रविधि, गहिरो-समुद्री प्रविधिहरू, जलचर, समुद्री रोबोटिक्स, महासागरहरूको लागि कृत्रिम बुद्धिमत्ता, टापु पर्यटन, विद्युतीय डुङ्गा र हरियो समुद्री प्रणाली जस्ता उदीयमान क्षेत्रहरूले नयाँ करियर, उद्यम र लगानी सम्भावनाहरू सिर्जना गरिरहेका छन्।

यो भविष्यको लागि तयार कौशल निर्माण गर्ने, स्टार्टअपहरू शुरु गर्ने, स्वदेशी प्रविधिहरू विकास गर्ने, जिम्मेवारीपूर्वक लगानी गर्ने र अनुसन्धानलाई स्केलेबल समाधानहरूमा रूपान्तरण गर्ने क्षण हो। हाम्रा विश्वविद्यालय, प्रयोगशाला, उद्योग र तटीय समुदायहरू प्रयोग र उद्यमको जोडिएको ठाउँ बन्नुपर्छ। युवा भारतीयहरूले स्मार्ट माछा मार्ने प्रणाली, सफा जहाज, लचिलो बन्दरगाह, समुद्र-डेटा प्लेटफर्म, जैव-आधारित उत्पादहरू र प्रविधिहरू डिजाइन गर्न सक्छन् जसले यसको कमजोर पारिस्थितिक प्रणालीहरूको सुरक्षा गर्दै गहिरो समुद्रको अन्वेषण गर्छन्।

'निलो अर्थतन्त्र' कुनै टाढ़ाको वाचा होइन; यो एउटा यस्तो राष्ट्रिय अभियान हो जसको नेतृत्व गर्न सक्ने साहसी पुस्ताको प्रतीक्षा छ। म भारतका युवाहरूलाई रूपान्तरणको यो 'निलो लहर' मा आफ्नो कल्पनाशीलता, साहस र सिर्जनशीलता लिएर अघि आउन आह्वान गर्दछु। हाम्रा महासागरहरू नवीनताका प्रयोगशाला, जीविकोपार्जनका आधार र दिगो समृद्धिको मार्ग बनून्। हामी मिलेर यस्तो महासागरीय अर्थतन्त्र निर्माण गर्न सक्छौं जुन उत्पादनशील हुँदाहुँदै पनि जिम्मेवार होस्, विश्वस्तरमा प्रतिस्पर्धात्मक हुँदाहुँदै पनि स्थानीय रूपमा सशक्त बनाउने खालको होस् र 'सप्त-धारा' को भावनासँग मेल खाने होस्। 'विकसित भारत २०४७' तर्फको यात्रा केवल जमिनमा मात्र होइन, बरु हामीलाई घेर्ने र जोड्ने विशाल नीलो जलक्षेत्रमा पनि आकार लिनेछ।



(लेखक विज्ञान तथा प्रविधि तथा पृथ्वी विज्ञान मन्त्रालयका केन्द्रीय राज्य मन्त्री (स्वतन्त्र प्रभार) हुन्।)

विज्ञको डरलाग्दो चेतावनी : भविष्यमा यस्तो कुरुप बन्नेछन् कन्टेन्ट क्रिएटर



विज्ञहरूका अनुसार एल्गोरिदमको पछि लाग्नु, सौन्दर्य मानकको दबाउ तथा निरन्तर कन्टेन्ट सिर्जनाले शरीर र मन दुवैमा नकारात्मक प्रभाव पार्नसक्छ। यो कुरालाई प्रष्ट पार्नका लागि क्यासिनो डट ओआरजीले एवा नामको भविष्यको एउटा काल्पनिक कन्टेन्ट क्रिएटरको प्रारुप तयार पारेको छ। यो वर्षौंसम्मको कन्टेन्ट क्रियसनबाट सिर्जित जटिलताहरूको डिजिटल प्रतिनिधि हो।

सोशल मिडियामा सक्रिय रहने इन्फ्लुएन्सर तथा कन्टेन्ट क्रिएटरहरू अहिले निकै ग्लामरस लाग्दछन्। तर, भविष्यमा सोशल मिडियाका कन्टेन्ट क्रिएटरहरूले आफ्नो यस्तो प्रभावशाली व्यक्तित्व गुमाउनेछन्।

हातमा मोबाइल फोन लिएर लगातार विभिन्न खालका सिर्जनात्मक सामग्रीहरू तयार पार्ने यस्ता कन्टेन्ट क्रिएटरहरूको भविष्यको रूपरङ्ग तथा सरीरलाई लिएर डरलाग्दो खालको एक प्रारूप तयार पारिएको छ। यसका माध्यमबाट विज्ञहरूले ग्याजेटको अत्यधिक प्रयोगले कन्टेन्ट क्रिएटरहरू भविष्यमा कस्ता बन्नेछन् भन्ने देखाउने प्रयास गरेका छन्।

फोनमा सामाजिक सञ्जालका लागि विविध सामग्री तयार पार्ने मानिसहरू भलै अहिले ग्लामरस तथा आकर्षक देखिन्छन्, तर उनीहरूको त्यो जाज्वल्य धेरै नटिक्ने देखिन्छ।

न्यूयोर्क पोस्टको रिपोर्टअनुसार अनलाइन जुवा साइट क्यासिनो डट ओआरगीका विज्ञहरूले एउटा अनौठो खालको एआई मोडल तयार पारेका छन्। यसले सन् २०५० मा कन्टेन्ट क्रिएटरहरू कस्ता देखिनेछन् भन्ने देखाएको छ। यसमा उनीहरूको छालामा धब्बा, कुप्रो ढाड तथा गर्धनमा लगातार दुखाइको सङ्केत दर्शाइएको छ।

विज्ञहरूका अनुसार सोशल मिडियामा सामग्री सिर्जना गर्ने करियर आकर्षक देखिएता पनि यसले हाम्रो जीवनशैलीले गम्भीर असर ल्याउन सक्दछ। लाखौँ करोडौँ फलोअर्स भएका सोशल मिडिया सेलिब्रिटीको ट्रेण्डिङ पेशाले उनीहरूको शरीरको रूपरङलाई प्रभावित गर्दछ।

विज्ञहरूका अनुसार एल्गोरिदमको पछि लाग्नु, सौन्दर्य मानकको दबाउ तथा निरन्तर कन्टेन्ट सिर्जनाले शरीर र मन दुवैमा नकारात्मक प्रभाव पार्नसक्छ।

यो कुरालाई प्रष्ट पार्नका लागि क्यासिनो डट ओआरजीले एवा नामको भविष्यको एउटा काल्पनिक कन्टेन्ट क्रिएटरको प्रारुप तयार पारेको छ । यो वर्षौँसम्मको कन्टेन्ट क्रियसनबाट सिर्जित जटिलताहरूको डिजिटल प्रतिनिधि हो।

जसरी सन् १८९० मा ओस्कर वाइल्डले लेखेको प्रसिद्ध थ्रिलर उपन्यास 'द पिक्चर अफ् डोरियन ग्रे'–ले सोशल मिडिया युगका डरलाग्दो वास्तविकतालाई प्रतिनिधित्व गर्दछ, त्यसैगरी एवाले कन्टेन्ट क्रियसनमा लिप्त सर्जकहरूको भविष्यको शारीरिक विकारलाई देखाउँदछ।

विज्ञ भन्छन्, "लस भेगासको अन्तहीन ब्राण्ड यात्रादेखि फिल्टर र फोटोशूटको दैनिक भागदौड़सम्मले उनीहरूको जीवनशैलीमा गहिरो छाप छाड़ेको छ।

चिकित्सा अनुसन्धानअनुसार एवाको रूपरङ प्रभावशाली मानिसहरूका आनीबानीको परिणाम हो।

काल्पनिक पात्र एवाको भयावह रूप

यस एआई सेलिब्रिटीको गतिहीन, स्क्रिन संतृप्त जीवनशैली वास्तवमा उसैमाथि भारी पर्नेछ। उदाहरणका लागि लामो समयसम्म सोशल मिडिया तथा स्मार्टफोनको प्रयोगका साथै रिङ लाइटको तल घण्टौँसम्म पोज दिंदा एवाको काँध गोलो भएको छ। त्यसैगरी टाउको अगाडितर्फ झुकेको छ र गर्धनमा सधैँ पीडा महसुस हुन्छ। यस्तो अवस्थालाई टेकनेक भन्दछन्।

इन्टरडिसिप्लिनरी न्यूरोसर्जरी पत्रिकामा शोधकर्ताहरूले लेखेको रिपोर्टअनुसार पटकपटक स्मार्टफोनको प्रयोगले गर्धनको पोस्चर असन्तुलित हुनसक्छ वा मांशपेशी तथा हड्डी (मस्कुलोस्केलेटल) विकार विकसित हुनसक्छ।

गर्धनको अगाड़ितर्फ झुकेको अवस्थाले गर्दा गर्धन र मेरुदण्डको दुखाइ सिर्जना गर्दछ साथै यसले मेरुदण्ड आसपासका क्षेत्रहरूमा मांशपेशीमा दबाउ पैदा गर्न सक्दछ। यो वास्तवमा चिन्ताजनक अवस्था हो।

बीबीसीका अनुसार सोशल मिडिया इन्फ्लुएन्सरहरूले हप्तामै ९० घण्टासम्म काम गर्दछन् र त्यसको अधिकांश समय आफ्नो फोनमै बिताउँछन्।

भविष्यको अविश्वसनीय विज्ञान प्रविधिको विकाससँग सम्बन्धित कथानक भएको थ्रिलर चलचित्र 'द सब्सेन्ट'–जस्तै सोशल मिडिया सेलिब्रिटीहरूको सौन्दर्यको खोजीले उनीहरूलाई उल्टै कुरुपतामा धकेलिरहेको छ।

क्यासिनो डट ओआरजीका अनुसार एआई पात्र एवालाई छालाको जलन, सुन्निने तथा छालामा दागधब्बा निस्कनेजस्ता समस्या देखिएका छन्। दैनिक रूपमा पटक–पटक अनेक खालका मेकअप लगाउने, घरीघरी छाला सुन्दर बनाउने भन्दै ब्युटी प्रडक्टहरू लगाउने र निरन्तर कस्मेटिकको प्रयोग गर्दा यस्ता समस्या उत्पन्न हुन्छ।

आँखामा पनि असर

सोशल मिडियामा पोस्ट गर्नका लागि तयार पारेका सामग्रीहरू सम्पादन तथा लाइभ प्रशारण गर्ने क्रममा व्यतित गरिएको लम्बेतान समयले आँखामा पनि ठूलो प्रभाव पार्नसक्छ। मेडिकल जगतमा यसलाई डिजिटल आई स्ट्रेन वा कम्प्युटर भिजन सिन्ड्रोम भनिन्छ।

यो समस्याका लक्षणहरूमा आँखा रातो हुनु, सुक्खा हुनु तथा दृष्टि धमिलो हुनुदेखि आँखाको मुनि सुन्निएको जस्तो वा डार्क सर्कल बस्नु लगायतका हुन्छन्।

अत्यधिक स्क्रिन टाइमका कारण आँखामा उत्पन्न हुने यस्ता दुष्प्रभावलाई कम गर्नका लागि स्क्रिनमा काम गर्नेहरूले २०–२०–२० को नियम पालना गर्नुपर्छ। यसमा हरेक २० मिनेट कम्प्युटर वा फोनको स्क्रिनमा आँखाले हेरेर बिताएसँगै २० सेकेण्डका लागि २० फिटको दुरीमा रहेको कुनै पनि चिजलाई हेर्नुपर्छ र आँखालाई केही बेरका लागि स्क्रिनबाट बाहिर निकाल्नुपर्छ।

निरन्तर सोशल मिडिया फीड स्क्रोल गर्ने तथा फ्यानहरूसँग दिनरात कुराकानी गरिरहने बानीले निद्रामा असर गर्नसक्छ। किनकि स्क्रिनबाट निस्कने निलो प्रकाशले शरीरमा एड्रेनलाइन हर्मोनको उत्सर्जनमा प्रभाव पार्ने र जैविक घडीमा असर पार्ने हुन्छ।

फिलरका कारण विकृत हुँदै अनुहार

सोशल मिडिया इन्फ्लुएन्सरले राम्रो अनुहार देखाउनका लागि अनुहारमा वर्षौँसम्म फिलर लगाउँदा त्यसले अनुहार असमान तथा विकृत बन्दछ। स्नापच्याट डिस्मर्फिया तथा पिलो फेस सिन्ड्रोम जस्ता ट्रेण्डबाट प्रेरित भएर यस्ता कस्मेटिक प्रयोग गर्नाले गाला सुन्निने, चुच्चो परेको चिउँडो तथा ओँठ बन्ने र अनुहारको कृत्रिम र कुरुप स्वरुप सिर्जना हुने जोखिम रहन्छ। साथै स्टाइलिस बन्नका लागि कपालमा अत्यधिक बाह्य सामग्री तथा रसायनको प्रयोगले कपाल झर्ने, तालु खुइलिने वा कपाल पातलो बन्ने जस्ता समस्या निम्तिने गरेका छन्।

छाला विज्ञ तथा कपाल झर्ने समस्यासम्बन्धी विज्ञ आमना एडेलका अनुसार कपालको जरा अर्थात् फोलिकलहरू लगातार तान्नाले ट्रयाक्सन एलोपेसिया नामक समस्या उत्पन्न गर्दछ। यस्तो समस्या समयक्रम सँगै असाध्य बन्दछ र स्थायी रूपमै कपाल झर्नसक्छ। क्यासिनो डट ओआरजीका अनुसार उसले तयार पारेको कन्टेन्ट क्रिएटरको एआई प्रतिरुप एवा केवल एक काल्पनिक तथा अवधारणागत चित्र मात्र होइन। यो हाम्रो यस्तो डिजिटल लतले पार्ने दीर्घकालीन प्रभावहरूको प्रतिबिम्ब पनि हो।

प्रविधि उद्योगका नौजना विश्वकै अरबपति सूचीमा

विश्वका अरबपतिहरूको सम्पत्तिको रियल टाइम जानकारी र सम्पत्तिको लेखाजोखा गर्ने सूचकाङ्क ब्लुम्बर्ग बिलेनियर सूचकाङ्कअनुसार विश्वका सबैभन्दा धनी १० व्यक्तिमध्ये नौजना प्रविधि उद्योगका अरबपति छन्।

विश्वका टपटेन अरबपति त्यसमध्ये प्रविधि उद्योगका शीर्ष जनाको सूची यस्तो छः

❍ **एलन मस्कः** स्पेस एक्स, टेस्ला तथा एक्स कम्पनीका मालिक एलन मस्कको कुल सम्पत्ति चर खरब ७२ अरब डलर रहेको छ। उनी विश्वका सबैभन्दा धनी व्यक्ति हुन्।

❍ **ल्यारी एलिसनः** अमेरिकी प्रविधि कम्पनी ओरेकलका संस्थापक एलिसन कुल सम्पत्ति तीन खरब ४२ अरब डलरसहित ब्लुम्बर्ग बिलेनियर सूचकाङ्कको दोस्रो स्थानमा छन्।

❍ **मार्क जुकरबर्गः** फेसबुकका संस्थापक तथा मेटाका सीईओ जुकरबर्गको कुल सम्पत्ति दुई खरब ६४ अरब छ। उनी प्रविधि क्षेत्रका अरबपतिहरूको सूचीमा तेस्रो स्थानमा छन्।

❍ **जेफ बेजोसः** विश्वकै ठूलो ई–कमर्श कम्पनी अमेजनका संस्थापक बेजोस विश्वका धनाढ्यहरूको सूचीमा चौथो स्थानमा रहेका छन्। उनको कुल सम्पत्ति दुई खरब ५२ अरब छ।

❍ **ल्यारी पेजः** ब्लुम्बर्ग बिलेनियर सूचकाङ्कको सूचीमा पाँचौँ स्थानमा ल्यारी पेज रहेका छन्। गुगलका सहसस्थापक ल्यारी पेजको कुल सम्पत्ति दुई खरब ३३ अरब डलर रहेको छ।

❍ **सेर्गेइ ब्रिनः** गुगलका अर्का संस्थापक ब्रिनको कुल सम्पत्ति दुई खरब १८ अरब डलर रहेको छ। उनी ब्लूम्बर्ग बिलेनियर सूचकाङ्कको छैटौँ स्थानमा छन्।

❍ **बर्नार्ड अर्नल्टः** फ्रेञ्च अरबपति अर्नल्ट ब्लुम्बर्ग बिलेनियर सूचकाङ्कको शीर्ष–१० भित्र पर्न सफल एकमात्र त्यस्ता व्यक्ति हुन्, जो प्रविधि उद्योगसँग सम्बन्धित छैनन्। विश्वका अरबपतिको सूचीमा सातौँ स्थानमा रहेका उनको कुल सम्पत्ति एक खरब ९७ अरब डलर रहेको छ। उनी विलासिताका वस्तु उत्पादन गर्ने कम्पनी एलभिएमएसका सीईओ हुन्।

❍ **स्टिभ बाल्मरः** विश्वको सबैभन्दा ठूलो कम्प्युटर सफ्टवेयर कम्पनी माइक्रोसफ्टका पूर्व सीईओ रहेका बाल्मर अरबपतिको सूचीमा आठौँ स्थानमा छन्। उनको कुल सम्पत्ति एक खरब ८६ अरब डलर रहेको छ।

❍ **जेन्सेन हुआङ्गः** चिपमेकर कम्पनी एनभिडियाका सीईओ हुआङ्ग कुल एक खरब ७४ अरब डलर सम्पत्तिसहित अरबपतिको सूचीमा नवौँ स्थानमा छन्।

एप्पलमा नेतृत्व परिवर्तनको तयारी

टिम कुकपछि को?

एप्पलले आफ्नो नयाँ सीईओ छान्ने औपचारिक प्रक्रिया शुरु गरेको छ। फाइनान्सियल टाइम्सअनुसार एप्पलका सीईओ टिम कुकले आगामी वर्ष पद छोड्नसक्ने सम्भावना छ।

लगभग १४ वर्षदेखि कम्पनीको शीर्ष नेतृत्व सम्हालिरहेका कुकले अवकाश लिने सम्भावना बढ़ेका कारण कम्पनीभित्र उनको उत्तराधिकारीबारे गम्भीर छलफल शुरु भएको छ।

जोन टर्नस : प्रमुख दाबेदार

हालैका रिपोर्टहरूमा एप्पलका वरिष्ठ उपाध्यक्ष (हार्डवेयर इञ्जिनियरिङ) जोन टर्नसलाई सीईओ पदका लागि सबैभन्दा शक्तिशाली नामका रूपमा प्रस्तुत गरिएको छ।

५० वर्षका टर्नस कम्पनीमा लगभग दुई दशक बिताइसकेका अनुभवी अभियन्ता हुन्। उनीसँगको प्राविधिक दक्षता, नेतृत्व क्षमता र हार्डवेयर विकासमा प्राप्त सफलताले उनलाई शीर्ष पदका लागि उत्कृष्ट उम्मेदवार बनाएको विश्लेषण गरिएको छ।

यद्यपि, एप्पलले यसबारेमा अहिलेसम्म कुनै आधिकारिक घोषणा सार्वजनिक गरेको छैन।

टिम कुकको नेतृत्वमा एप्पलको रूपान्तरण

टिम कुक सन् १९९८ मा एप्पलमा प्रवेश गर्दा कम्पनी गम्भीर आर्थिक र व्यवस्थापकीय चुनौतीहरूसँग जुझिरहेको थियो।

स्टीभ जब्सले कम्पनीको कार्यसञ्चालनमा सुधार गर्ने लक्ष्यसहित कुकलाई नियुक्त गरेका थिए। सन् २००५ देखि २०११ सम्म चीफ अपरेटिङ अफिसर का रूपमा उनले कम्पनीको सप्लाई चेनलाई विश्वस्तरीय बनाए। यसले आइपोड, आइफोन, आइप्याड तथा म्याकबुकजस्ता उत्पादनहरूलाई विश्व बजारमा व्यापक रूपमा विस्तार गर्न सहयोग गर्‍यो।

सन् २०११ मा स्टीभ जब्सको अस्वस्थतापछि कुक पहिलोपटक अन्तरिम सीईओ बने र सोही वर्ष अगस्तमा औपचारिक रूपमा सीईओ नियुक्त भए।

उनको नेतृत्वमा एप्पलले एप्पल वाच, एयरपोड्स, एम–सिरिज सिलिकन चिप, एप्पल भिजन प्रोजस्ता गेम–चेञ्जिङ प्रडक्टहरू बजार ल्यायो। यसै अवधिमा एप्पल कम्पनी ३ ट्रिलियन डलर बजार पूँजीकरण भएको विश्वकै पहिलो कम्पनी बन्यो।

साथै आइक्लाउड, एप्पल म्यजिक, एप्पल टिभी प्लस तथा एपस्टोरजस्ता सेवाहरूको अत्यधिक विस्तार पनि कुककै कार्यकालको उपलब्धि हो।

को हुन् जोन टर्नस?

जोन टर्नसले सन् २००१ मा एप्पलमा आफ्नो यात्रा प्रारम्भ गरेका थिए। प्रडक्ट डिजाइन टिममा शुरु भएको उनको यात्रा सन् २०१३ मा हार्डवेयर इञ्जिनियरिङ विभागको उपाध्यक्षसम्म पुग्यो। सन् २०२१ मा उनी वरिष्ठ उपाध्यफ बने र त्यसपछि एप्पलका सबै हार्डवेयर टिमहरूको नेतृत्व उनकै हातमा रह्यो।

आईफोन, आइप्याड, म्याक तथा एयरपड्सजस्ता एप्पलका प्रमुख उत्पादनहरू उनको नेतृत्वमै विकास हुँदै आएका छन्। पछिल्ला वर्षहरूमा एप्पलका सार्वजनिक कार्यक्रमहरूमा उनको बढ्दो उपस्थिति विश्लेषकहरूले आगामी नेतृत्वको सङ्केतका रूपमा विश्लेषण गरेका छन्।

टिम कुकको भविष्य

६५ वर्षीय टिम कुक १४ वर्षदेखि सीईओ पदमा छन्। उनको योगदानलाई एप्पलको दोस्रो 'सुनौलो युग' भनेर पनि वर्णन गरिन्छ। स्टीभ जब्सपछि कम्पनीलाई स्थिरता, विस्तार र नयाँ उँचाइमा पुर्‍याउने श्रेय प्रायः उनलाई नै दिइन्छ।

तिनै कुकले अब एप्पल कम्पनीबाट आफूलाई अलग गर्दैछन्। त्यसैले उनको त्यो बहिर्गमनसँगै एप्पलको नेतृत्व कसले सम्हाल्छ भन्ने विषयले विश्व प्रविधि उद्योगको ध्यान तानिरहेको छ।

२०३० सम्म इतिहास बन्नेछन् दैनिक प्रयोगका यी ५ प्रविधि

विज्ञान प्रविधिको दौड़ यतिधेरै तीव्र छ, वर्तमानमा दैनिक जीवनको अभिन्न हिस्साजस्तै रहेका लोकप्रिय प्रविधि तथा उपकरणहरू निकट भविष्यमै प्रयोगहीन हुन्छन् र इतिहास बन्दछन्।

आज हामीले यस्ता पाँचवटा प्रविधि तथा उपकरणबारे बताउँदैछौँ, जो सन् २०३० सम्म लोप हुने र इतिहासको पानामा सीमित हुने सम्भावना छ।

१. पेनड्राइभ र मेमोरी कार्डः क्लाउड स्टोरेज तथा उच्च गतिको इन्टरनेटको वर्तमान युगमा यूएसबी ड्राइभ तथा मेमोरी कार्डहरू विस्तारै अप्रासङ्गिक बन्दै गएका छन्। डेटा ट्रान्सफर पूर्णरूपमा अनलाइनमा आधारित बन्दै जाँदा र क्लाउडमा डेटा स्टोरेज सहज र सुलभ बनिरहेको हुनाले सन् २०३० सम्ममा डेटा ट्रान्सफर तथा स्टोरेजका लागि प्रयोग हुने यूएसबी ड्राइभ तथा मेमोरी कार्डजस्ता भौतिक उपकरणको अस्तित्व समाप्त हुनसक्नेछ।

२. टेलिभिजनको रिमोट कन्ट्रोलः टेलिभिजनमा स्मार्ट प्रविधिको विस्तार भइरहँदा अब टीभी चलाउनका लागि रिमोट चाहिँदैन र केवल ज्भथ न्ययनभि वा ब्भिहब भनेर बोलेमात्रै पुग्ने भएको छ। निकट भविष्यमा स्मार्ट असिस्टेन्ट र मोबाइल एपले पारम्परिक रिमोट कण्ट्रोललाई विस्थापित गर्ने पक्का छ।

३. पासवर्ड सिस्टमः आफ्ना अकाउन्टहरूको पासवर्ड

सम्झिरहनुपर्ने कुरा अब पुरानो जमानाको विषय बन्दैछ। फेस रिकगिनसन तथा फिङ्गरप्रिन्ट स्क्यानिङ्गजस्ता बायोमेट्रिक स्मार्ट प्रविधिले सन् २०३० सम्ममा पूर्णरूपमा पासवर्ड सिस्टमको ठाउँ लिने सम्भावना छ।

४. डेबिट तथा क्रेडिट कार्डः डिजिटल वालेट तथा अनलाइन भुक्तानीको बढ्दो चलनसँगै प्लास्टिकका डेबिट कार्ड तथा क्रेडिट कार्डको प्रयोग घट्दै गएको छ र भविष्यमा कारेबारका लागि यस्ता भौतिक कार्डहरूको प्रयोग शून्य हुने निश्चित छ।

५. तारयुक्त इयरफोनः ब्लूटुथ तथा वायरलेस इयरबडले पारम्परिक तारयुक्त इयरफोनलाई पछि पारिसकेको छ। एप्पललगायतका कैयौँ कम्पनीले त तारयुक्त इयरफोन समाप्त पारिसकेका छन्। अबका केही वर्षमै तारयुक्त इयरफोन बजारबाट पूर्णरूपमा लोप हुने पक्का छ।

एन कार्सनलाई २०२६ को साहित्यतर्फको नोबेल पुरस्कार



स्टकहोम, ८ अक्टोबर: क्यानडेली लेखिका तथा कवि एन कार्सनलाई यस वर्षको साहित्यतर्फको नोबेल पुरस्कार प्रदान गरिएको छ। आयोजक स्विडिश एकाडेमीले आज यो वर्षको प्रतिष्ठित पुरस्कारको घोषणा गरेको हो।

शास्त्रीय परम्परासँगको चञ्चल र सिर्जनात्मक संवादमार्फत समकालीन साहित्यका लागि नयाँ रूपहरू सिर्जना गर्ने उनको साहसिक तथा आविष्कारक लेखन शैलीका लागि यो पुरस्कार प्रदान गरिएको नोबेल कमिटीले जनाएको छ। पुरस्कारको राशि झण्डै १२ लाख अमेरिकी डलर रहेको छ। कविता, गद्य, संवाद र अनुवादको एक अनौठो र विधागत सीमा तोड्ने समिश्रणका रूपमा ७६ वर्षीय कार्सनको लेखनशैलीलाई लिइन्छ। प्राचीन ग्रीक साहित्यको अनुवादमा ख्याति कमाएकी उनको लेखनमा त्यसको गहिरो प्रभाव पाइन्छ। सन् १९९८ को उपन्यास 'अटोबायोग्राफी अफ रेड' उनको निकै चर्चित कृति हो। उनको विशिष्ट शैली सन् २०१९ को 'नर्मा जीन बेकर अफ् ट्रोय'–मा पनि झल्किन्छ। युरिपिडिजको प्राचीन नाटक 'हेलेन' मा उल्लेखित ट्रोयकी हेलेन र मर्लिन मनरोको कथालाई मिसाएर यो कृति तयार गरिएको थियो।

कार्सनको यो जीतसँगै उनी अलेक्जेन्डर सोल्झेनित्सिन, एलिस मुनरो र अर्नेस्ट हेमिङवेजस्ता विश्वप्रसिद्ध साहित्यकारहरूको सूचीमा जोड़िएकी छन्।

जापानमा साइबर आक्रमण तीव्र, लाखौँ ग्राहक तथा विद्यार्थीको विवरण प्रभावित

टोक्यो, ८ अक्टोबर: जापानमा पछिल्ला दिनमा विभिन्न कम्पनी तथा विश्वविद्यालयमा भएका साइबर आक्रमण र तथ्याङ्क चुहावटका घटनाले लाखौँ ग्राहक, सदस्य, विद्यार्थी तथा शिक्षक प्रभावित हुन सक्ने देखिएको छ। सोमवारदेखि सार्वजनिक भएका छुट्टाछुट्टै घटनामा व्यक्तिगत विवरण अनधिकृत रूपमा पहुँच गरिएको वा चुहिएको सम्बन्धित संस्थाहरूले बताएका छन्। ओसाका मेट्रोपोलिटन युनिभर्सिटीले साइबर आक्रमणपछि कम्तीमा १ लाख ३० हजार विद्यार्थी तथा शिक्षकको विवरण चुहिएको हुन सक्ने जनाएको छ। गत शुक्रवार भएको आशङ्कित 'रेन्समवेयर' आक्रमणपछि विश्वविद्यालयको सूचना प्रणाली सञ्चालन गर्ने करिब ५०० सर्भर बन्द गर्नुपरेको थियो।

विश्वविद्यालयका विद्यार्थीका लागि रहेको क्याम्पस नेटवर्क तथा शिक्षकका लागि प्रयोग हुने पोर्टल सोमबारसम्म सञ्चालनमा आउन सकेका थिएनन्। आक्रमणका कारण केही व्याख्यानसमेत रद्द गरिएको विश्वविद्यालयले जनाएको छ। जापानी छुट पसल सञ्चालक म्याक्स होल्डिङ्स लिमिटेडले आफ्नो अनलाइन किनमेल सेवा सञ्चालन गर्ने सर्भरमा अनधिकृत पहुँच भएपछि करिब १७ लाख ग्राहकको व्यक्तिगत विवरण प्रभावित भएको हुन सक्ने मङ्गलवार बताएको छ। कम्पनीले अनलाइन सेवा रोकेर आक्रमणको बाटो बन्द गरेको तथा बाह्य सुरक्षा विशेषज्ञ, नियामक निकाय र पुलिससँग अनुसन्धान अघि बढ़ाइरहेको जनाएको छ।

इन्टरनेट सेवा प्रदायक जीएमओ रिसर्च एन्ड एआई इङ्कले पनि सोमवार आफ्नो सर्भरमा अनधिकृत पहुँच भएपछि ९ लाख ४८ हजार ५०० सदस्यको विवरण चोरी भएको जनाएको छ। कम्पनीका अनुसार केही सदस्यले प्राप्त गरेका पुरस्कारमध्ये करिब २९ लाख येन अर्थात् करिब १८ हजार अमेरिकी डलर बराबरको रकम अवैध रूपमा अमेजन उपहार कार्डका कोडमा साटिएको पाइएको छ। याकिनिकु किङ बारबेक्यु रेस्टुरेन्ट चेन सञ्चालन गर्ने मोनोगातारी कर्पले पनि आफ्नो रेस्टुरेन्ट आरक्षण तथा पुरस्कारसम्बन्धी स्मार्टफोन एप सञ्चालन गर्ने प्रणालीमा अनधिकृत पहुँच भएपछि १ करोड़भन्दा बढ़ी ग्राहकसम्बन्धी विवरण चुहिएको जनाएको छ। चुहिएको विवरणमा इमेल ठेगाना र फोन नम्बर रहेको बताउँदै कम्पनीले ती विवरणको दुरुपयोग भएको पुष्टि नभएको स्पष्ट पारेको छ।

यसैबीच, दाइवा सेक्युरिटिज ग्रुप इङ्कले आफ्नो धितोपत्र कारोबारसम्बन्धी एकाइका करिब १ लाख १० हजार ग्राहकको विवरण तथा अन्य गैरव्यक्तिगत सूचना ठेकेदारद्वारा सञ्चालित सर्भरमा भएको अनधिकृत पहुँचका कारण प्रभावित भएको हुन सक्ने जनाएको छ। कम्पनीका अनुसार विवरण चुहिएको भए पनि त्यसलाई अनलाइन कारोबारलगायत कुनै पनि कारोबार गर्न प्रयोग गर्न नसकिने अवस्था रहेको छ। सम्बन्धित संस्थाहरूले यी घटनालाई छुट्टाछुट्टै रूपमा सार्वजनिक गरेका हुन्। अहिलेसम्म सार्वजनिक भएको विवरणअनुसार ती घटनाबीच कुनै सम्बन्ध रहेको वा एउटै समूहले सबै साइबर आक्रमण गरेको सङ्केत भने फेला परेको छैन।

साउदी विमानस्थलमा हुथीको आक्रमण

रियाद, ८ अक्टोबर: यमनका हुथी विद्रोहीले साउदी अरेबियाको राजधानी रियादस्थित मुख्य अन्तरराष्ट्रिय विमानस्थलमा ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको दाबी गरेका छन्। इरान समर्थित हुथीले बिहीवार गरेको यो दाबी साउदी अरेबियामा श्रृङ्खलाबद्ध आक्रमणमा तीन जनाको मृत्यु भएको र यमनी सरकारले त्यसविरुद्ध ठूलो प्रतिआक्रमण घोषणा गरेको एक दिनपछि आएको हो। हुथी सैन्य प्रवक्ता याह्या सारीले रियादस्थित राजा खालिद अन्तर्राष्ट्रिय विमानस्थललाई ब्यालेस्टिक क्षेप्यास्त्रले सफलतापूर्वक निशाना बनाइएको र त्यसले विमानस्थलको सञ्चालनमा बाधा पुऱ्याएको दाबी गरेका छन्।

यो साता हुथी समूहले उक्त विमानस्थलमा आक्रमण गरेको जिम्मेवारी लिएको यो तेस्रो पटक हो। सारीले साउदी हवाई क्षेत्र हुँदै उड़ान नगर्न अन्तरराष्ट्रिय विमान कम्पनीहरूलाई पुनः चेतावनी दिएका छन्। सन् २०१४ देखि यमनको गृहयुद्धमा संलग्न हुथीले देशको उत्तरपश्चिमी अधिकांश भूभाग नियन्त्रणमा राखेका छन्। उनीहरू यमनी सरकारसँग क्षेत्रीय नियन्त्रणका लागि लड़िरहेका छन्। संयुक्त राष्ट्रसङ्घका अनुसार जारी लडाइँका कारण यमनमा दुई लाखभन्दा बढ़ी मानिस विस्थापित भएका छन्। यमनको अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारले यसै साता हुथीविरुद्ध ठूलो प्रतिआक्रमण शुरु गरेको घोषणा गरेको छ। सरकारले हुथी लड़ाकूलाई लाल सागर तथा बन्दरगाह शहर मोचाका रणनीतिक क्षेत्रबाट हटाइएको दाबीसमेत गरेको छ।

इरानमा फेरि ठूलो सैन्य कारबाहीको तयारी गर्दै अमेरिका

न्यूयोर्क, ८ अक्टोबर: अमेरिकाले इरानमा फेरि ठूलो सैन्य कारबाही गर्न तयारी थालेको समाचार संस्था एक्सियोसले जनाएको छ। अमेरिकी रक्षा मन्त्रालयले आवश्यक तयारी पूरा गर्न अमेरिकी केन्द्रिय कमान्डलाई निर्देशन दिएको अमेरिकी अधिकारीहरूले बताएका छन्। रिपोर्टअनुसार अमेरिका र इजरायलले सम्भावित हमला नोभेम्बर ३ मा हुने अमेरिकी मध्यावधि निर्वाचनअघि गर्न सक्ने सम्भावना छ। इजरायलमा हुने निर्वाचनअघि पनि हमला हुन सक्ने बताइएको छ। सम्भावित सैन्य कारबाहीमा इरानका ऊर्जा केन्द्र, महत्वपूर्ण पूर्वाधार र आणविक केन्द्रलाई लक्षित गरी ठूलो हवाई हमला गर्न सकिने अधिकारीहरूले बताएका छन्। अमेरिकामा निर्वाचन नजिकिँदै गर्दा दैनिक जीवनयापनको बढ़्दो खर्च मतदाताका लागि मुख्य चिन्ताको विषय बनेको छ। इरानसँगको युद्धका कारण पेट्रोलको मूल्य बढ़ेको र त्यसको असर ढुवानी, यातायात, हवाई सेवा तथा खाद्यान्नको मूल्यमा परेको बताइएको छ। सोमवार सार्वजनिक गरिएको रोयटर्स–इप्सोस सर्वेक्षणअनुसार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यसम्पादन प्रतिको समर्थन ३२ प्रतिशतमा रहेको छ।

मैले नोबेल शान्ति पुरस्कार पाउनुपर्छ : डोनाल्ड ट्रम्प

वाशिङटन, ८ अक्टोबर: अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफू नोबेल शान्ति पुरस्कारको हकदार रहेको दाबी गरेका छन्। बुधवार पत्रकारहरूसँग कुरा गर्दै उनले आफूले आठवटा युद्ध समाप्त पारेको र सम्भावित विश्व विनाशलाई रोकेको बताएका हुन्। कुनै पनि राष्ट्रपतिले अहिलेसम्म युद्ध अन्त्य नगराएको तर आफूले आठवटा युद्ध रोकेकाले नोबेल शान्ति पुरस्कार पाउनुपर्ने उनको भनाइ थियो। सन् २०२६ को नोबेल शान्ति पुरस्कारको घोषणा नर्वेको नोबेल समितिले शुक्रवार गर्दै छ।

सोही पुरस्कारका विषयमा सोधिएको प्रश्नमा ट्रम्पले नोबेल समितिको निर्णय के हुन्छ भन्ने आफूलाई थाहा नभएको बताए। समितिको छवि ट्रम्प जस्ता मानिसहरूलाई पुरस्कार नदिने खालको रहेको टिप्पणी पनि उनले गरे। पुनः सत्तामा आएदेखि नै ट्रम्पले आफू विश्वकै प्रतिष्ठितमध्येको एक नोबेल शान्ति पुरस्कारको वास्तविक हकदार भएको बताउँदै आएका छन्। अब त्यो समय आएको भन्दै उनले अघिल्लो पटक पुरस्कार पाउने व्यक्तिले इतिहासमै ट्रम्प सबैभन्दा बढ़ी हकदार रहेको बताएको दाबी गरे। ओभल अफिसमा पत्रकारहरूसँग बोल्दै उनले ती व्यक्तिमार्फत अप्रत्यक्ष रूपमा सम्मान पाइसकेको र त्यसबाट सम्मानित महसुस गरेको उल्लेख गरे। भेनेजुएलाकी विपक्षी नेत्री मारिया कोरिना मचाडोले जनवरीमा आफूले पाएको सन् २०२५ को नोबेल शान्ति पुरस्कारको पदक ट्रम्पलाई दिएकी थिइन्।

इस्लामाबादतर्फ लम्किँदै इमरान समर्थकको मार्च

पेसावर, ८ अक्टोबर: पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानको रिहाइको माग गर्दै इस्लामाबादतर्फ शुरु भएको लङ मार्च आज पेसावर आइपुग्दै छ। मार्च पेसावर प्रवेश गर्ने भएपछि सहरको सुरक्षा व्यवस्था अत्यन्तै कड़ा पारिएको छ। पाकिस्तान तहरीक–ए–इंसाफ (पीटीआई) को यो मार्च आज पेसावर शहर हुँदै पेसावर र चारसद्दाको सीमा क्षेत्रसम्म पुग्नेछ। मार्चका कारण उत्पन्न हुन सक्ने परिस्थितिलाई ध्यानमा राख्दै पेसावरका केही निजी शिक्षण संस्थाहरूले बिहीवारका लागि बिदाको घोषणा गरेका छन्।

अभिभावकहरूलाई बुधवार साँझ नै सन्देश पठाएर बिदाबारे जानकारी दिइएको थियो। बीबीसी उर्दूका अनुसार केही निजी विद्यालयहरूले बिदा दिएका भए पनि सरकारी विद्यालयहरू बन्द हुने वा नहुने विषयमा अहिलेसम्म कुनै आधिकारिक जानकारी गराइएको छैन। यसैबिच, पेसावरका केही क्षेत्रहरूमा मोबाइल फोन सेवा ठप्प भएको खबर छ। तर, यसको आधिकारिक रूपमा पुष्टि वा खण्डन दुवै भएको छैन। इमरान खानको पार्टी र पाकिस्तानको वर्तमान नेतृत्वबिच गहिरो मतभेद रहेकै समयमा यो मार्च निकालिएको हो। इमरान खानको पार्टी पीटीआईको सरकार रहेको उत्तर–पश्चिम प्रान्त खैबर पख्तुनख्वाबाट आइतबार यो र्‍याली शुरु भएको थियो। इस्लामाबाद पुग्नुअघि यो मार्च विभिन्न स्थानहरूमा रोकिने जनाइएको छ।

१५ वर्षीय किशोरको हात चुँड़िएपछि फ्रान्सको विद्यार्थी प्रदर्शनमा स्टन ग्रिनेड प्रयोगमा रोक

स्ट्रासबर्ग, ८ अक्टोबर: फ्रान्स सरकारले विद्यार्थी आन्दोलन नियन्त्रण गर्न प्रयोग गरिने स्टन ग्रिनेडको प्रयोगमा अस्थायी रोक लगाएको छ। प्रदर्शनका क्रममा १५ वर्षीय किशोरको हात चुँड़िएपछि सरकारले घटनाको वास्तविकता स्पष्ट नभएसम्म यस्ता ग्रिनेड प्रयोग नगर्न पुलिसलाई निर्देशन दिएको हो। गृह मन्त्री लरेन नुनेजले उत्तरी फ्रान्सको लेन्स सहरमा भएको घटनाबारे तथ्य स्पष्ट नभएसम्म स्टन ग्रिनेडको प्रयोग रोक्न निर्देशन दिएको बताएका छन्। घटनाबारे प्रदर्शनकारी र सरकारी अधिकारीले फरक–फरक विवरण दिएका छन्।

लिल शहरनजिकै रहेको लेन्सको अगस्ट बेहाल माध्यमिक विद्यालयनजिकै पुलिसको ग्रिनेड विस्फोट हुँदा किशोरको हात चुँड़िएको थियो। अधिकारीहरूका अनुसार किशोरले भुइँमा रहेको ग्रिनेड उठाएका थिए र त्यसपछि विस्फोट भएको थियो। तर, विद्यार्थीहरूले भने पुलिसले प्रहार गरेको ग्रिनेड सिधै किशोरलाई लागेको आरोप लगाएका छन्। स्थानीय प्रशासनका अनुसार त्यस क्षेत्रमा २०० भन्दा बढ़ी विद्यार्थीले पुलिसमाथि ढुङ्गा र पटाका प्रहार गरेका थिए। फ्रान्समा विद्यालयको अवस्था सुधार गर्न माग गर्दै विद्यार्थीहरूले थालेको प्रदर्शन देशव्यापी बनेको छ। मङ्गलवार राजधानी पेरिससहित विभिन्न शहरमा लाखौँ मानिस सडकमा उत्रिएका थिए। प्रदर्शनका क्रममा केही स्थानमा पुलिसले अश्रुग्यास र पानीको फोहोरा प्रयोग गरेको थियो।

फ्रान्सको गृह मन्त्रालयका अनुसार मङ्गलवारको प्रदर्शनमा ४८८ जना पक्राउ परेका थिए भने सुरक्षाकर्मीका ४३ सदस्य घाइते भएका थिए। बुधवार पनि प्रदर्शनको प्रभाव जारी रह्यो। देशभर ५०० भन्दा बढ़ी विद्यालय पूर्ण वा आंशिक रूपमा बन्द भएका थिए। शिक्षामन्त्री एडुआर गेफ्रेले २४ वटा विद्यालयमा आगजनी वा तोड़फोड़ भएकाले ती विद्यालय केही सातासम्म बन्द गर्नुपर्ने अवस्था आएको बताए। यसबाट करिब ३० हजार विद्यार्थी प्रभावित हुने उनको भनाइ छ। प्रधानमन्त्री सेबास्टियन लेकोर्नुले बुधवार साँझ विद्यालयमा जारी प्रदर्शनबारे सम्बोधन गर्ने कार्यक्रम छ।

पुलिसको बल प्रयोगमाथि प्रश्न

पुलिसको बल प्रयोगबारे अनुसन्धान गर्न पुलिस निरीक्षण निकाय आईजीपीएनले १८ वटा अनुसन्धान शुरु गरेको गृहमन्त्री नुनेजले बताएका छन्। प्रदर्शन नियन्त्रणका क्रममा पुलिसले आवश्यकताभन्दा बढ़ी बल प्रयोग गरेको थियो वा थिएन भन्ने विषयमा अनुसन्धान भइरहेको छ। नुनेजले फ्रान्सेली रेडियो आरटीएलसँग कुरा गर्दै लेन्सको घटना गृह मन्त्रालयभित्रै प्रश्न उठाउने विषय बनेको बताए। यसअघि गत साता पेरिसको उत्तरपश्चिममा पर्ने सेन्ट–उएन–लोमोन क्षेत्रमा १४ वर्षीय किशोरको अनुहारमा अश्रुग्यासको ग्रिनेड लागेर गम्भीर चोट लागेको थियो। उनका वकिलका अनुसार किशोरका केही दाँत झरेका छन् र बङ्गारासमेत भाँचिएको छ। घटनामा एक पुलिस अधिकारीमाथि अभियोग लगाइएको छ।

बुधवार स्ट्रासबर्गको एक विद्यालयबाहिर १६ वर्षीय किशोरको हातमा पनि गम्भीर चोट लागेको थियो। उनले पटाकाजस्तो विस्फोटक पदार्थ चलाउने क्रममा घटना भएको प्रारम्भिक विवरणमा उल्लेख छ। त्यस्तै, उत्तरपूर्वी शहर बेलफोर्टमा प्रदर्शनमा सहभागी १७ वर्षीय विद्यार्थीले पक्राउ गर्ने क्रममा एक पुलिस अधिकारीले आफ्नो टाउको नदीको पानीमा डुबाइदिएको आरोप लगाएका छन्। यसबारे पुलिसले हत्या प्रयाससम्बन्धी अनुसन्धान शुरु गरेको छ। फ्रान्सेली सञ्चारमाध्यमका अनुसार ती विद्यार्थीमाथि पनि पुलिस अधिकारीमाथि आक्रमण गरेको आरोपमा मुद्दा चलाइएको छ।

युक्रेन युद्धकै समयमा युरोपमा ग्यास बेच्नबारे रूस–अमेरिकाबिच छलफल

कीव, ८ अक्टोबर: युक्रेनमा रूसको युद्ध जारी रहेकै बेला अमेरिका र रूसबीच युरोपमा रूसी प्राकृतिक ग्यास पुनः बिक्री गर्ने सम्भावनाबारे छलफल भइरहेको खुलेको छ। रूसबाट जर्मनीमा ग्यास पुऱ्याउने नर्ड स्ट्रिम पाइपलाइनमा अमेरिकी लगानीकर्ता भित्र्याउने र युद्धपछि त्यसबाट युरोपमा ग्यास आपूर्ति पुनः शुरु गर्ने विषयमा अमेरिकी र रूसी अधिकारीहरूबीच कुराकानी भएको स्रोतहरूले बताएका छन्। रोयटर्सका अनुसार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेष दूत जारेड कुसनर र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनका निकट सहयोगी किरिल दिमित्रिएभबीच यसबारे छलफल भएको हो। यस विषयमा जानकारी भएका पाँच जनाले यस्तो जानकारी दिएका छन्।

कुसनर रूस–युक्रेन युद्ध अन्त्यका लागि वार्ताको प्रयासमा संलग्न छन्। उनी युद्ध अन्त्यपछि व्यापारिक सम्बन्ध विस्तारलाई शान्ति कायम गर्ने एउटा माध्यमका रूपमा अघि बढ़ाउन चाहिरहेका छन्। प्रस्तावित ऊर्जा सम्झौताबाट युरोपतर्फ जाने रूसी ग्यासबाट अमेरिकी लगानीकर्ताले पनि नाफा कमाउन सक्ने अपेक्षा गरिएको छ। कुसनर र दिमित्रिएभले पछिल्ला सातामा मस्को र न्युयोर्कमा भेटवार्ता गरेका छन्। ती भेटमा नर्ड स्ट्रिमबारे कति विस्तृत छलफल भयो भन्ने स्पष्ट छैन। तर स्रोतहरूका अनुसार पाइपलाइन पुनः सञ्चालन गर्ने विषय अझै छलफलको एजेन्डामा छ। ह्वाइट हाउसका एक अधिकारीले कुनै पनि सम्भावित सम्झौता रूसले अमेरिकी अन्तरराष्ट्रिय विकास वित्त निगम (डीएफसी) र अर्थ मन्त्रालयसँग वार्ता गरेर अघि बढ़ाउनुपर्ने बताएका छन्। सम्झौताले अमेरिकी करदाता र कम्पनीलाई फाइदा पुऱ्याउनुपर्ने उनको भनाइ छ। यद्यपि, ती अधिकारीले हालै नर्ड स्ट्रिमबारे कुनै छलफल नभएको दाबी गरेका छन्।

जर्मनी तयार छैन

यूरोपको सबैभन्दा ठूलो ऊर्जा उपभोक्ता जर्मनी अहिले नर्ड स्ट्रिम पुनः सञ्चालन गर्ने पक्षमा छैन। सन् २०२२ मा रूसले युक्रेनमाथि आक्रमण गर्नुअघि जर्मनीले आफ्नो आधाभन्दा बढ़ी ग्यास रूसबाट आयात गर्थ्यो। तर युद्ध शुरु भएपछि रूसी ग्यास आपूर्ति घट्यो। त्यसपछि सेप्टेम्बर २०२२ मा बाल्टिक सागरमुनि भएका विस्फोटबाट नर्ड स्ट्रिम पाइपलाइनमा ठूलो क्षति पुगेको थियो। अहिले नर्ड स्ट्रिममाथि अमेरिका र युरोपेली सङ्घका प्रतिबन्ध छन्। त्यसैले प्रतिबन्ध हटाइएन भने पाइपलाइन पुनः सञ्चालन गर्न कानुनी समस्या हुने छ। जर्मन खनिज तथा ऊर्जा मन्त्रालयले पनि रूसी ग्यास र नर्ड स्ट्रिममाथि युरोपेली प्रतिबन्ध रहेको र जर्मनीले वैकल्पिक ऊर्जा स्रोतको व्यवस्था गरिसकेको जनाएको छ। पाइपलाइन खोल्न सरकारको स्वीकृति आवश्यक पर्ने र हाल यस्तो कदमको पक्षमा सरकार नरहेको मन्त्रालयको भनाइ छ।

युरोपमा बढ़्न सक्छ राजनीतिक विवाद

रूससँग ऊर्जा सम्बन्ध पुनः जोड्ने प्रस्तावले युरोपमा राजनीतिक विवाद निम्त्याउन सक्ने देखिएको छ। युक्रेनलाई सैन्य सहयोग गरिरहेको जर्मनीमा रूससँग व्यापारिक सम्बन्ध पुनः स्थापित गर्ने विषयलाई लिएर मतभेद छ। जर्मन सांसद माइकल केल्नरले यस्तो सम्झौताले युरोपलाई ठूलो मूल्य चुकाउनुपर्ने बताएका छन्। उनका अनुसार अमेरिकी र रूसी पक्षले नाफा बाँड्नेछन्। जर्मनीको वर्तमान सरकार नर्ड स्ट्रिम पुनः सञ्चालनको विपक्षमा छ। तर देशको दक्षिणपन्थी पार्टी अल्टरनेटिभ फर जर्मनी (एडी) रूसी ग्यास पुनः ल्याउने पक्षमा छ। दिमित्रिएभले आगामी वर्ष एडि नेतृत्वसँग यस विषयमा छलफल गर्ने तयारी गरेको स्रोतहरूले बताएका छन्। पोल्याण्ड र बाल्टिक देशहरू पनि रूसी ऊर्जा सम्बन्ध पुनः स्थापित गर्ने विषयमा विरोधमा छन्। रूसमाथि सुरक्षा निर्भरता बढ़्ने उनीहरूको चिन्ता छ।

लुकओइलको सम्पत्ति पनि बेच्ने योजना

कुसनर र दिमित्रिएभबीच रूसी ऊर्जा कम्पनी लुकओइलको युरोप तथा अन्य क्षेत्रमा रहेको सम्पत्ति बिक्री गर्ने विषयमा समेत छलफल भइरहेको छ। योजनाअनुसार अमेरिकी डीएफसी, कतार र संयुक्त अरब इमिरेट्सका लगानीकर्ताको समूहले लुकओइलका रिफाइनरी, पेट्रोल पम्पलगायत सम्पत्ति खरिद गर्न सक्नेछ। त्यसका लागि अमेरिकी प्रतिबन्ध हटाउने विषयसमेत छलफलमा रहेको स्रोतहरूले बताएका छन्। नर्ड स्ट्रिमको स्वामित्व पनि ठूलो चुनौती हो। पाइपलाइन सञ्चालन गर्ने कम्पनीमा रूसी सरकारी ऊर्जा कम्पनी गाजप्रोमको ५१ प्रतिशत हिस्सा छ। बाँकी हिस्सामा जर्मनी, फ्रान्स र नेदरल्याण्ड्सका कम्पनीहरूको स्वामित्व छ। यसरी युद्ध अन्त्य गर्ने कूटनीतिक प्रयाससँगै रूसको ऊर्जा व्यापारलाई युरोपमा फर्काउने सम्भावना पनि अमेरिकी–रूसी वार्ताको एउटा महत्वपूर्ण विषय बनेको छ। तर प्रतिबन्ध, जर्मनीको असहमति, युरोपको सुरक्षा चिन्ता र रूसप्रतिको अविश्वासका कारण यस्तो योजना तत्काल कार्यान्वयन हुने सम्भावना कम रहेको अमेरिकी अधिकारीहरूले बताएका छन्।

मादुरो र उनकी पत्नीमाथि थप अभियोग लगाउने तयारीमा अमेरिका

न्यूयोर्क, ८ अक्टोबर: भेनेजुएलाका पूर्वराष्ट्रपति निकोलस मादुरो र उनकी पत्नी सिलिया फ्लोरेसमाथि अमेरिकी नागरिकलाई यातना दिएको आरोपमा अमेरिकाले थप अभियोग लगाउने तयारी गरेको छ। सीएनएनका अनुसार, मादुरोको शासनकालमा भेनेजुएलाको हिरासतमा रहेका अमेरिकी नागरिकमाथि भएको भनिएको यातनासम्बन्धी 'कसुर'मा नयाँ अभियोग लगाउन लागिएको हो। बिहीवार नै नयाँ अभियोगबारे घोषणा हुन सक्ने सीएनएनले जनाएको छ। अमेरिकी सरकारका अनुसार मादुरोको शासनकालमा एक दर्जनभन्दा बढ़ी अमेरिकी नागरिकलाई भेनेजुएलाका जेलमा गैरकानुनी रूपमा थुनिएको थियो।

अनुसन्धानकर्ताहरूले अमेरिकी नागरिकलाई यातना दिएको घटनामा संलग्न रहेको आरोपमा अन्य केही व्यक्तिमाथि पनि अभियोग लगाउने विषयमा छलफल गरिरहेको स्रोतहरूले बताएका छन्। मादुरो र उनकी पत्नीलाई यसअघि जनवरीमा अमेरिकी सेनाले भेनेजुएलाको राजधानी काराकासस्थित राष्ट्रपति निवासबाट पक्राउ गरेको थियो। उनीहरूलाई अमेरिकामा लागुऔषध आतङ्कवादसम्बन्धी षडयन्त्रलगायतका अभियोग लगाइएको छ। दुवैले आफूहरूमाथिका आरोप अस्वीकार गर्दै आएका छन्। उनीहरू हाल न्यूयोर्कमा धरौटीबिना हिरासतमा छन्। फ्लोरेस बिहीवार हुने सुनुवाइमा उपस्थित हुने अपेक्षा गरिएको छ। उनका वकिलले मुद्दाको सुनुवाइअघि उनलाई घरमै नजरबन्दमा राख्न माग गर्ने तयारी गरेका छन्। मादुरोका वकिलले भने उनको गिरफ्तारीको वैधानिकतामाथि प्रश्न उठाउँदै आएका छन्। राष्ट्रपति पदमा रहँदा भएका भनिएका गतिविधिका आधारमा उनीमाथि मुद्दा चलाउन नमिल्ने र उनलाई राष्ट्रप्रमुखका रूपमा उन्मुक्ति प्राप्त हुनुपर्ने तर्क वकिलको छ। तर, अमेरिकी अभियोजनकर्ताका अनुसार भेनेजुएला सरकार स्वयंले मादुरोका तर्फबाट यस्तो उन्मुक्तिको दाबी गरिरहेको छैन।

अमेरिकी नागरिकलाई यातना दिएको आरोप

मादुरो नेतृत्वको सरकारले एक दर्जनभन्दा बढ़ी अमेरिकी नागरिकलाई हिरासतमा राखेको थियो। अमेरिकी अधिकारी तथा मानवअधिकारका पक्षधरहरूले ती नागरिकलाई राजनीतिक दबाब सिर्जना गर्ने माध्यमका रूपमा प्रयोग गरिएको आरोप लगाएका थिए। भेनेजुएलाको हिरासतबाट मुक्त भएका केही अमेरिकी नागरिकले आफूहरूमाथि भएको भनिएको यातनाबारे सार्वजनिक रूपमा बताएका छन्। सन् २०२२ को अक्टोबरमा बन्दी साटासाटमार्फत रिहा भएका म्याथ्यु हिथ र उस्मान खानले दायर गरेको मुद्दामा आफूहरूलाई पानीमा डुबाएर सास रोक्ने प्रयास, करेन्ट लगाउने, यौन हिंसाको धम्की दिने, मानसिक अवस्था प्रभावित पार्ने औषधि प्रयोग गर्ने तथा लामो समय एकान्त कारावासमा राख्ने गरिएको आरोप लगाएका छन्।

अमेरिकी नौसेनाका पूर्वसैनिक हिथले भेनेजुएलाको हिरासतमा रहेका बेला आत्महत्या गर्ने प्रयाससमेत गरेका थिए। त्यस्तै, 'सिटगो सिक्स' भनेर चिनिने अमेरिकी तेल कम्पनीका छ जना कार्यकारीले पनि भेनेजुएलामा आफूहरूले कठोर हिरासतको अवस्था भोग्नुपरेको बताएका छन्। उनीहरूलाई सन् २०१७ मा भेनेजुएला बोलाएर पक्राउ गरिएको थियो।

गभर्नर्स गोल्ड कप: ब्ल्याक ईगल विजयी

गान्तोक, ८ अक्टोबर (हिस): ४२औँ अखिल भारतीय गभर्नर्स गोल्ड कप फुटबल प्रतियोगिता २०२६ अन्तर्गत बिहीवार चौथो दिनको अन्तिम प्रि-क्वार्टरफाइनल खेलमा ब्ल्याक ईगल बनाम बनारस एफसी (बागपत) बीच सम्पन्न भयो। ब्ल्याक ईगलले प्रतिद्वन्द्वी दललाई ५-० गोल अन्तरले पराजित गर्दै क्वार्टरफाइनलमा स्थान सुरक्षित गरेको छ।

राजधानीको पाल्जोर स्टेडियममा जारी गभर्नर्स गोल्ड कप फुटबल प्रतियोगितामा आज ब्ल्याक ईगलले बनारस एफसी (बागपत) माथि एकतर्फी जीत दर्ता गर्‍यो। बनारस एफसी (बागपत) माथि धेरै अपेक्षा राखेर खेल हेर्न आएका फुटबल प्रेमीहरू निराश देखिए। बनारसका खेलाड़ीहरूले अपेक्षानुसार राम्रो प्रदर्शन गर्न सकेनन्। अर्कातिर, आफ्नो पहिलो खेलमा जीटीए एकादशलाई पराजित गरेर दोस्रो चरणमा प्रवेश गरेको ब्ल्याक ईगलले बनारस एफसीमाथि शुरुदेखि दबाउ कायम राख्यो र एकतर्फी जीत दर्ता गर्‍यो। ब्ल्याक ईगलले क्वार्टरफाइनलमा आफ्नो स्थान सुरक्षित गरेको छ भने क्वार्टर फाइनलमा शिलङ लाजोङ एफसीसित भिडन्त हुनेछ।

ब्ल्याक ईगलका लागि आज पहिलो गोल मदन मन्डीले खेलको सातौँ मिनटमा गरे। यसैगरी, राहुल पासवानले २५औँ मिनटमा दोस्रो गोल थपे भने प्रनिल गुरुङले ५५औँ मिनटमा तेस्रो गोल गरे। यसरी नै भिकी छेत्रीले ६१औँ मिनटमा चौथो तथा सुराग छेत्रीले ६७औँ मिनटमा पाँचौँ गोल गर्दै टोलीको ५-० गोल अन्तरको उत्कृष्ट जीत सुनिश्चित गरे।

आज स्वास्थ्य तथा परिवार कल्याण विभागका अध्यक्ष फुर्बा शेर्पा मुख्य अतिथि, मेफेयरकी प्रबन्ध निर्देशक बिनिता शङ्कर र स्टार मलका निर्देशक रुपेश चौधरी विशिष्ट अतिथि तथा प्रशासनिक सुधार आयोगका अध्यक्ष एसडी ढकाल विशेष अतिथिका रूपमा उपस्थित थिए।

प्रतियोगिताअन्तर्गत शुक्रवार अक्टोबरमा पहिलो क्वार्टरफाइनल खेल हुनेछ। उक्त खेलमा सुदेवा दिल्ली र गोकुलम केरलाबीच दिउँसो २:०० बजी प्रतिस्पर्धा हुनेछ। गोकुलम केरलाले यसअघि थण्डरबोल्ट नर्थ युनाइटेडलाई पराजित गर्दै क्वार्टरफाइनलमा प्रवेश गरेको हो।

सिङ्तामममा '५० प्लस गोल्डेन सर्कल' को दोस्रो सभा सम्पन्न

गान्तोक, ८ अक्टोबर: सिङ्तामस्थित शान्ति नगरमा नवनिर्मित सामाजिक संस्था '५० प्लस गोल्डेन सर्कल'- का महासचिव पीएस लेप्चाको निवासमा दोस्रो महत्त्वपूर्ण सभा आयोजन गरिएको छ।

महासचिव पीएस लेप्चाको स्वागत सम्बोधनबाट प्रारम्भ भएको उक्त सभामा संस्थाको आगामी कार्यदिशा, भूमिका तथा भावी रूपरेखाबारे विस्तृत रूपमा प्रकाश पारिएको थियो। कार्यक्रममा संस्थालाई अझ सशक्त, सङ्गठित तथा जनमुखी बनाउने विषयमा केन्द्रित रहेर गहन विचार-विमर्श गरिनुका साथै विभिन्न महत्त्वपूर्ण प्रस्ताव सर्वसम्मतिले पारित गरियो।

सभालाई सम्बोधन गर्दै संस्थाका अध्यक्ष श्याम राईले सङ्गठनको मूल आदर्श (एकता, मर्यादा र सेवा) प्रस्तुत गरे। सङ्गठनलाई अझ व्यापक र मजबुत बनाउन ५० वर्ष मुनिका युवा पुस्तालाई समेत समेट्दै सदस्यता विस्तार गरिनुपर्ने प्रस्ताव उनले अघि सारे साथै संस्थामा आबद्ध अधिकांश सदस्य विभिन्न क्षेत्रमा लामो अनुभव सँगालेका व्यक्तिहरू भएकाले कुनै पनि राजनीतिक दल वा प्रभावबाट अलग रही समाज र विशेषगरी सिङ्ताम बजारको समग्र विकासमा समर्पित भएर कर्तव्यनिष्ठ दायित्व निर्वाह गर्नुपर्नेमा उनले जोड़ दिए।

उक्त संस्था स्थापना हुनुको मुख्य औचित्यबारे प्रकाश पार्दै सिङ्ताम क्षेत्रका सम्पूर्ण ज्येष्ठ नागरिकको स्वास्थ्य तथा सुरक्षालाई प्राथमिकतामा राखेर संस्थाले कार्य गर्ने स्पष्ट पारियो। यसका साथै सिङ्ताम र वरिपरिका क्षेत्रमा आफ्नो सेवाबाट सेवानिवृत्त भएका सम्पूर्ण वरिष्ठ नागरिकलाई समेत आगामी दिनहरूमा संस्थामा आबद्ध गराएर उनीहरूको अनुभव र दक्षतालाई समाजोपयोगी बनाउने निर्णय सभाले सर्वसम्मत रूपमा पारित गरेको छ।

सभाले वरिष्ठ नागरिकबीच आपसी भाइचारा र सम्बन्ध प्रगाढ़ बनाउन महिनामा एकपटक 'चिया-चर्चा' आयोजना गर्ने निर्णय गरेको छ, जहाँ सबैले आफ्ना जीवनका अनुभव तथा विचारहरू आदान-प्रदान गर्नेछन्। यसका अतिरिक्त सदस्यहरूको शारीरिक तथा मानसिक स्वास्थ्यलाई ध्यानमा राख्दै प्रत्येक तीन महिनामा ट्रेकिङ, हाइकिङ, साहसिक खेल तथा मनोरञ्जनात्मक भ्रमणहरू आयोजना गरिने तय भएको छ।

संस्थामा कुनै पनि प्रकारको भीआईपी संस्कृतिलाई प्राथमिकता नदिने र सबै सदस्यलाई समान मर्यादा र पहुँच दिने संस्थाको नियम तथा सदस्यता मापदण्डबारे समेत सभामा स्पष्ट पारिएको थियो।

अन्तमा, महासचिव पीएस लेप्चाले उपस्थित सम्पूर्ण सदस्यलाई सक्रिय सहभागिताका लागि हार्दिक धन्यवाद ज्ञापन गरेपछि सभा विधिवत् रूपमा सम्पन्न भयो।

नितिन नवीनडरा वाराणसीमा 'सेवा सङ्कल्प ट्रफी' अनावरण

वाराणसी, ८ अक्टोबर (हिस): भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रिय अध्यक्ष नितिन नवीनले बिहीवार वाराणसीमा प्रस्तावित टी२० राष्ट्रिय दिव्याङ्ग क्रिकेट प्रतियोगिता 'सेवा सङ्कल्प ट्रफी' को अनावरण गरे। नदेसर स्थित एक होटलमा आयोजित कार्यक्रममा उनले भने, दिव्याङ्गता मनको हुन्छ, शरीरको होइन। दिव्याङ्ग व्यक्तिहरू कसैभन्दा कम नभएको र उनीहरूलाई अवसर प्राप्त भएमा आफ्नो प्रतिभाको बलमा देशको नाम उज्ज्वल बनाउन सक्ने उनले बताए। भाजपा अध्यक्षले केन्द्र र प्रदेश सरकारहरूले दिव्याङ्गजनलाई समाजको मूलधारामा जोड्न तथा उनीहरूलाई अघि बढ़ाउन निरन्तर काम गरिरहेको बताए। उनले दिव्याङ्ग खेलकुदलाई प्रोत्साहन गर्न पनि प्रयास गरिने बताए।

प्रधानमन्त्री नरेन्द्र मोदीको जन्मदिनको अवसरमा सञ्चालन भइरहेको 'सेवा सङ्कल्प महिना' अन्तर्गत यो प्रतियोगिता वाराणसीको सिगरा स्टेडियममा आयोजना भइरहेको छ। आयोजन समितिका अध्यक्ष सिद्धार्थ सिंहले प्रतियोगिताको उद्देश्य दिव्याङ्ग खेलाड़ीहरूको मनोबल बढ़ाउनु, उनीहरूमा नयाँ आशा र आत्मविश्वास पैदा गर्नु तथा खेलमार्फत समावेशी भारतको सन्देश दिनु रहेको बताए। अखिल भारतीय दिव्याङ्ग क्रिकेट सङ्घका अध्यक्ष डा. उत्तम ओझाले नितिन नवीनलाई प्रतियोगिताको रूपरेखा र तयारीबारे जानकारी दिए। उनले राष्ट्रिय स्तरको यस प्रतियोगितामा विभिन्न राज्यका दिव्याङ्ग क्रिकेट टोलीहरूले सहभागिता जनाउने बताए।तीनदिने प्रतियोगिता शुक्रवार, ९ अक्टोबरदेखि शुरू हुनेछ। प्रतियोगितामा सहभागी हुने छह वटा राज्यका टोलीहरू बिहीवार साँझसम्म वाराणसी पुग्नेछन्। खेलाड़ीहरूको बसोबास, भोजन, आवागमन लगायत प्रतियोगितासँग सम्बन्धित अन्य व्यवस्थालाई अन्तिम रूप दिइएको छ।

डा. ओझाले यो प्रतियोगिताले दिव्याङ्ग खेलाड़ीहरूलाई आफ्नो प्रतिभा प्रदर्शन गर्नुका साथै राष्ट्रिय स्तरमा पहिचान बनाउन सशक्त मञ्च प्रदान गर्ने बताए। कार्यक्रममा भाजपाका प्रदेश अध्यक्ष पङ्कज चौधरी पनि उपस्थित थिए।

दार्जीलिङको चौरस्तामा 'सेवा ज्योति यात्रा' सम्पन्न

दार्जीलिङ, ८ अक्टोबर (हिस): प्रधानमन्त्री नरेन्द्र मोदीको सार्वजनिक सेवामा २५ वर्ष पूरा भएको अवसरमा दार्जीलिङको चौरस्तामा 'सेवा ज्योति यात्रा' आयोजना गरिएको छ। भारतीय जनता पार्टीअनुसार कार्यक्रममार्फत सेवा, समर्पण, सुशासन र राष्ट्रनिर्माणप्रतिको प्रतिबद्धता व्यक्त गरियो।

कार्यक्रममा प्रधानमन्त्री नरेन्द्र मोदीको सम्बोधन प्रत्यक्ष प्रसारणमार्फत सुन्ने व्यवस्था गरिएको थियो। भाजपा पक्षका अनुसार प्रधानमन्त्रीले आफ्नो २५ वर्षको सार्वजनिक जीवनलाई व्यक्तिगत उपलब्धिभन्दा जनसेवा तथा राष्ट्रसेवाको निरन्तर यात्राका रूपमा प्रस्तुत गरेका थिए।

कार्यक्रमको क्रममा भाजपाले प्रधानमन्त्री मोदीको सन्देशका रूपमा 'सेवा नै सङ्गठनको संस्कार हो, सेवा नै हाम्रो सङ्कल्प हो र विकसित भारत निर्माण नै हाम्रो साझा लक्ष्य हो' भन्ने धारणा प्रस्तुत गरेको बताइएको छ।

भाजपाका अनुसार गत २५ वर्षमा गुजरातको मुख्यमन्त्रीदेखि भारतको प्रधानमन्त्रीसम्मको सार्वजनिक यात्राका क्रममा मोदीले अन्त्योदय, गरीब कल्याण, महिला सशक्तिकरण, युवा शक्ति, आत्मनिर्भर भारत तथा विकसित भारत निर्माणलाई प्राथमिकतामा राख्दै विभिन्न पहल अघि बढ़ाएका छन्।

कार्यक्रममा भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला अध्यक्ष सञ्जीव लामा, सांसद राजु विष्ट, विभिन्न पञ्चायत समितिका प्रधान तथा सभापति, जनप्रतिनिधि, पार्टीका पदाधिकारी तथा ठूलो सङ्ख्यामा कार्यकर्ताहरूको सहभागिता रहेको थियो।

गोर्खा जनमुक्ति मोर्चा तीनधारे-घैयाबारी-महानदी समष्टिको साङ्गठनिक सभा सम्पन्न

खरसाङ, ८ अक्टोबर (हिस): गोर्खा जनमुक्ति मोर्चा तीनधारे-घैयाबारी-महानदी समष्टिको साङ्गठनिक सभा घैयाबारीको गैरीगाउँस्थित सार्वजनिक भवनमा सम्पन्न भएको छ। गोर्खा जनमुक्ति युवा मोर्चाका केन्द्रिय सदस्य योगराज प्रधानको अध्यक्षतामा सम्पन्न सभाको सञ्चालन घैयाबारी खण्ड समितिका संयोजक दीप सन्यासीले गरेका थिए।

सभामा लामो समयदेखि निष्क्रिय रहेका घैयाबारी निवासी देवमणि राई पुनः गोर्खा जनमुक्ति मोर्चामा सामेल भएका छन्। उनलाई समष्टि सचिव सुरेशचन्द्र दर्नालले पार्टीमा स्वागत गरे। सभामा सुकना क्षेत्रबाट खरसाङ महकुमा नारी मोर्चाकी सहसचिव ज्योति शर्मासहित अन्य सदस्यको पनि सहभागिता रहेको थियो।

सभामा वक्ताहरूले पार्टीका साङ्गठनिक गतिविधि, सङ्गठन विस्तार तथा पार्टीको २०औँ स्थापना दिवसका विषयमा छलफल गरे। पार्टीका साङ्गठनिक गतिविधिलाई निरन्तर र तीव्र रूपमा अघि बढ़ाउने निर्णयसमेत सभाले गरेको छ।

सभालाई योगराज प्रधान, गगन खाती, विवेक ठटाल, अञ्जली गुरुङ, ज्योति शर्मा, रेखा गुरुङ, सुकनाका पवन क्षेत्री तथा गिद्ध पहाड़बाट खरसाङ महकुमा सहसचिव युवराज लामालगायतले सम्बोधन गर्दै पार्टीको सङ्गठन विस्तार तथा भावी कार्यक्रमबारे आफ्ना विचार राखेका थिए।

खरसाङमा ग्लोबल शेर्पा एसोसिएशनका प्रतिनिधिहरूको भव्य स्वागत

खरसाङ, ८ अक्टोबर (हिस): दार्जीलिङमा ८ अक्टोबरका दिन आयोजना हुने ग्लोबल शेर्पा मिटमा सहभागी हुन आएका ग्लोबल शेर्पा एसोसिएशनका पदाधिकारी तथा प्रतिनिधिहरूलाई खरसाङ शेर्पा एसोसिएसशको तर्फबाट बुधवार खरसाङमा भव्य स्वागत गरिएको छ।

विश्वका ३५ वटा देशबाट आएका ग्लोबल शेर्पा एसोसिएशनका पदाधिकारी तथा प्रतिनिधिहरूलाई खरसाङ नगरपालिका क्षेत्रको वार्ड नम्बर ७ अन्तर्गत स्वतन्त्रता सेनानी सावित्री देवी पथबाट शेर्पा जातिको पारम्परिक भेषभूषा, रीतिरिवाज तथा सांस्कृतिक नृत्यसहित स्वागत गरिएको थियो। त्यसपछि स्वागत कार्यक्रम शेर्पा बस्तीस्थित धारगेलिङ गुम्बामा आयोजना गरियो।

खरसाङ शेर्पा एसोसिएसनका अध्यक्ष दावा शेर्पाले स्वागत मन्तव्य राख्दै अतिथिहरूलाई स्वागत गर्नुका साथै खरसाङमा शेर्पा समुदायको इतिहासबारे जानकारी गराएका थिए। कार्यक्रममा विश्व शेर्पा एसोसिएशनका अध्यक्ष थेन्डुप शेर्पा, संस्थापक एवं पूर्व अध्यक्ष आङ दोर्जे शेर्पा, शेर्पा एसोसिएसन भारत र नेपालका अध्यक्षद्वय तथा खेन्बो पासाङ दावा शेर्पा र खेन्बो नवाङ खुसेनलगायत अतिथिहरूको उपस्थिति रहेको थियो।

उनीहरूकै बाहुलीबाट 'फेमर' अर्थात् केक काटेर कार्यक्रम सम्पन्न गरिएको थियो। कार्यक्रममा ग्लोबल शेर्पा एसोसिएसनका पदाधिकारी तथा विभिन्न देशबाट आएका प्रतिनिधिहरूबीच परिचय आदान-प्रदानसमेत गरिएको थियो। कार्यक्रममा खरसाङ शेर्पा एसोसिएशनका सल्लाहकार पासाङ डेन्डुप शेर्पाले धन्यवाद ज्ञापन गरेका थिए।

हुगलीमा एसीबीको छापामारी, आरोपीको घरमा करोडौँको सम्पत्ति भेटियो

कोलकाता, ८ अक्टोबर (हिस): पश्चिम बङ्गालको भ्रष्टाचार निवारण शाखा (एसीबी) ले भ्रष्टाचारको एउटा मामिलामा हुगली जिल्ला अधिनस्थ चुन्चुराको बड़ाबजारस्थित पक्रा परेका अभियुक्तको निवासमा छापामारी गर्‍यो। गत ६ र ७अक्टोबरमा सञ्चालित यस खोजी अभियानमा आरोपी र उसको परिवारका सदस्यहरूको वित्तीय परिसम्पत्ति एवं लगानीसँग सम्बन्धित ७३ वटा आपत्तिजनक दस्तावेजसहित अन्य वस्तुहरू जफत गरियो। प्रारम्भिक जाँच अनि जफत गरिएका कागज-पत्रहरूको अनुसन्धानमा लगभग ०१ करोड ३२ लाख रुपियाँको सम्पत्ति तथा लगानी रहेको खुलासा भएको छ। अनुसन्धानबाट यो सम्पत्तिको ठूलो भाग पछिल्लो पाँच वर्षभित्रमा आर्जन गरिएको खुलासा भएको छ। एसीबीले वित्तीय कागज-पत्रहरूको विस्तृत जाँच गरिरहेको छ। यस विषयमा अग्रिम कारबाही भइरहेको छ। एसीबी अनुसार यो कारबाही भ्रष्टाचार निवारण अधिनियम १९८८ (२०१८- मा संशोधित)- को धारा ७ अन्तर्गत दर्ता एसीबी थाना केस नम्बर. २८/२०२६ को सम्बन्धमा गरिएको हो।

राज्य सूचना आयुक्तले...

अर्कोतिर, मुख्यमन्त्रीले राज्य सूचना आयुक्तमा नियुक्त भएकोमा तथा आज पद तथा गोपनीयताको शपथ ग्रहण गरेकोमा तिलक गजमेरलाई हार्दिक बधाई ज्ञापन गरेका छन्।

''यस महत्त्वपूर्ण जिम्मेवारी सम्हाल्दै गर्दा म उनको सफल कार्यकालको कामना गर्दछु। उनको अनुभव र प्रतिबद्धताले राज्यमा पारदर्शिता, जवाफदेहिता र नागरिकको सूचनाको हकलाई अझ सुदृढ़ बनाउनेछ भन्ने विश्वास लिएको छु''-मुख्यमन्त्रीले आफ्नो आधिकारिक फेसबुकमा उल्लेख गरेका छन्। सिक्किमका जनताको सेवामा उनको कार्यकाल सफल र अर्थपूर्ण रहोस् भन्ने शुभकामना पनि व्यक्त गरेका छन्।

राज्यपाल माथुरसँग बासको...

लोक भवनद्वारा जारी विज्ञप्तिअनुसार भेटको क्रममा प्रतिनिधिमण्डलले आगामी नोभेम्बरमा आयोजना हुने ४९औँ योनेक्स सनराइज जुनियर राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनशिप (अण्डर १९) मा मुख्य अतिथिका रूपमा सहभागी हुन राज्यपाल माथुरलाई औपचारिक निमन्त्रणा दियो।

सिक्किममा पहिलोपटक राष्ट्रिय स्तरको ब्याडमिन्टन प्रतियोगिता आयोजना हुन लागेको हो। यस प्रतियोगिताको आयोजना गर्दै सिक्किमले पहिलोपटक राष्ट्रिय स्तरको ब्याडमिन्टन प्रतियोगिताको आतिथ्य गर्न लागेको जनाइएको छ।

राज्यपाल माथुरले राष्ट्रिय च्याम्पियनशिपको सफल आयोजनाका लागि ब्याडमिन्टन एसोसिएशन अफ् सिक्किमलाई शुभकामना व्यक्त गरे।

दिग्गज अभिनेता नाना पाटेकरको...

नाना पाटेकरले आफ्नो लामो करियरमा अनेक प्रकारका भूमिका निर्वाह गरे। 'अंकुश', 'प्रतिघात', 'प्रहार', 'तिरंगा', 'क्रान्तिवीर', 'अग्निसाक्षी', 'खामोशी : द म्युजिकल', 'अब तक छप्पन', 'अपहरण', 'राजनीति', 'वेलकम' र 'वेलकम ब्याक' उनका चर्चित चलचित्र हुन्।

गम्भीर र दमदार भूमिकामा आफूलाई प्रमाणित गरेका उनले हास्य तथा व्यावसायिक चलचित्रमा पनि उत्तिकै प्रभाव छाड़े। 'वेलकम'-मा उदय शेट्टीको भूमिकाले उनको अर्को पक्ष दर्शकमाझ लोकप्रिय बनायो।

नाना पाटेकर पछिल्लोपटक विशाल भारद्वाजको रोमान्टिक एक्सन थ्रिलर चलचित्र ओ'रोमियोमा देखिएका थिए। यस चलचित्रमा शाहिद कपुर र तृप्ति डिमरी मुख्य भूमिकामा थिए। फरवरी, २०२६ मा रिलिज भएको यस चलचित्रमा पाटेकरले मुम्बई इन्टेलिजेन्स ब्युरोका प्रमुख इस्माइल खानको भूमिका निर्वाह गरेका थिए।

मुख्य सचिवद्वारा जनगणना...

निगरानी र सघन जनचेतना अभियान सुनिश्चित गर्न निर्देशन दिए। उनले सरकारी नीति तथा योजनाहरूको आधार जनगणनाको तथ्याङ्क नै हुने कुरामा जोड़ दिँदै तथ्याङ्कको शुद्धता र गुणस्तरमा उच्च मापदण्ड कायम गर्न आह्वान गरे।

उनले जिल्लापालहरूको प्रभावकारी निगरानीमार्फत उच्च गुणस्तरको तथ्याङ्क सुनिश्चित गर्न जिल्ला प्रशासनको महत्त्वपूर्ण भूमिका रहने कुरामा जोड़ दिए साथै उनले शहरी क्षेत्रका लागि आवश्यक थप जनशक्तिको मागलाई प्राथमिकताका साथ हेरिने आश्वासन पनि दिए।

मुख्य सचिवले गणनाकर्ता र पर्यवेक्षकहरूका लागि विस्तृत तालिमको महत्त्वमा जोड़ दिँदै जनगणना कार्यको सफलता अन्ततः स्थलगतस्तरको प्रभावकारी कार्यान्वयनमा निर्भर रहने बताए।

बैठकमा गाउँ तथा ग्राम पञ्चायत एकाइ र गान्तोक नगर निगमस्तरमा सही तथ्याङ्क सङ्कलन, पहिचान र प्रमाणीकरणमा पनि जोड़ दिइयो। जनगणना कार्यको निष्पक्षता कायम राख्न निर्वाचित प्रतिनिधि र राजनीतिक पदाधिकारीहरूलाई तथ्याङ्क सङ्कलन वा प्रमाणीकरण प्रक्रियामा संलग्न गराइने छैन भन्ने कुरा स्पष्ट पारियो। तथ्याङ्कको अन्तिम स्वीकृति र प्रमाणीकरणको कार्य जनगणना कार्यालयद्वारा गरिनेछ।

रम्फूको माइनिङमा सिकाको...

राज्यको 'क्रिकेट इकोसिस्टम' (क्रिकेटको समग्र वातावरण) निर्माण गर्ने दूरदर्शी योजनाको एक हिस्सा हो। यसको उद्देश्य तृणमूल तहबाटै खेलाड़ीहरूलाई हुर्काउनु र उनीहरूलाई उच्चस्तरीय टोली तथा राष्ट्रियस्तरको क्रिकेटसम्म पुग्न सहयोग गर्नु हो। यस परिसरमा सिका गेस्ट हाउस, डर्मिटरी, छात्र तथा छात्रा होस्टेल, भान्सा र भोजन कक्ष समावेश छन्, जहाँ लगभग १५० खेलाड़ी र ४०-५० जना सहयोगी कर्मचारीका लागि आवासको व्यवस्था छ।

शुरुमा लगभग १२-१५ खेलाड़ीबाट सञ्चालनमा आएको सिका आवासीय एकाडेमी विस्तारै विस्तार हुँदै ३०-४० खेलाड़ीसम्म पुग्यो र हाल यहाँ लगभग ७० युवा क्रिकेट खेलाड़ी छन्। एसोसिएशनले एकाडेमीका खेलाड़ीहरूलाई विद्यालय शिक्षा, पोसाक र अन्य आवश्यक कुराहरूमा पनि सहयोग प्रदान गर्दछ।

यसका साथै एसोसिएशनले खेलाड़ीहरूका लागि क्रिकेटलाई पेशा (करियर)-को रूपमा अघि बढ़ाउने व्यवस्थित मार्ग पनि तयार पारेको छ। वरिष्ठ पुरुष तथा महिला खेलाड़ीहरूले 'म्याच फी' (खेल शुल्क) प्राप्त गर्छन्, जसमा उनीहरूको दैनिक आय करिब ५० हजार रुपियाँसम्म हुन्छ। यसका साथै एकाडेमीका पूर्व खेलाड़ीहरू प्रशिक्षक र फिजियोथेरापिस्टको भूमिकामा पनि अघि बढ़ेका छन्। उद्घाटन कार्यक्रमअघि साना बालकबालिकामाझ खेलकुदको प्रवर्द्धन गर्ने तथा क्रिकेट र अन्य खेलकुद गतिविधिहरूमा अझ बढ़ी सहभागिताका लागि प्रोत्साहित गर्ने उद्देश्यले छः वटा जिल्लाका २४ वटा विद्यालयलाई क्रिकेटका सामग्री तथा किटहरू वितरण गरियो।

टेकबीर बस्तीका पैह्रो प्रभावित क्षेत्रको रोकथाम कार्य नभएको गुनासो

खरसाङ, ८ अक्टोबर (हिस): खरसाङ नगरपालिकाअन्तर्गत वार्ड नम्बर २ को टेकबीर बस्तीमा गत वर्ष ४ अक्टोबरमा आएको भलपैह्रोबाट बिपेन्द्र राई, अञ्जन तामाङ र उपासना भित्रीकोटीका घर क्षतिग्रस्त भएका थिए। पीड़ित परिवारले सरकारी पक्षबाट प्राप्त हुने राहत सामग्री तथा सहयोग राशि प्राप्त गरिसकेका छन्।

तर, पैह्रोबाट प्रभावित घरहरूको मुन्तिर, माथि तथा छेउछाउका क्षेत्रमा हालसम्म सम्बन्धित विभागबाट कुनै रोकथाम तथा संरक्षणको काम नभएको स्थानीयले गुनासो गरेका छन्। प्रभावित घरमुनिको पैह्रैको अवस्था अत्यन्त जोखिमपूर्ण रहेको र कुनै पनि बेला ठूलो जनधनको क्षति हुनसक्ने सम्भावना रहेको उनीहरूको भनाइ छ।

सम्बन्धित विभागमा पटकपटक आवश्यक दस्तावेज बुझाए पनि हालसम्म पैह्रो रोकथामका लागि कुनै कार्य नभएको पीड़ित परिवारको गुनासो छ।

यसैबीच पैह्रो प्रभावित परिवार तथा गाउँ समाजले आज बैठक गरी गाउँमा हुने विकासका कामबारे निर्णय लिएको जनाइएको छ। स्थानीय गाउँ समाजको तर्फबाट प्रगति सङ्घका पदाधिकारीहरूले पैह्रो प्रभावित क्षेत्रको संरक्षण तथा रोकथामको कामलाई प्राथमिकता नदिइएसम्म गाउँमा अन्य कुनै पनि विकासका कार्य गर्न नदिने बताएका छन्।

विधायक पन्तद्वारा 'ई-अफिस' कार्यक्रमको शुरुआत

गान्तोक, ८ अक्टोबर (आईपीआर): तिमी-नाम्फिङका विधायक तथा आबकारी विभागका सल्लाहकार बीएस पन्तले बिहीवार बिहान मनन केन्द्रस्थित आफ्नो कार्यालयमा 'ई-अफिस' कार्यक्रमको शुरुआत गर्नुका साथै सिक्किम आबकारी व्यवस्थापन प्रणाली (एसईएमएस)-को कार्यान्वयनको थालनी गरेका छन्।

एक एकीकृत डिजिटल संरचना स्थापना गर्ने उद्देश्यले तयार पारिएका यी नयाँ प्रणालीहरूले अनुमति-पत्र प्रक्रियालाई डिजिटलीकरण गर्ने, आपूर्ति शृङ्खलाको निगरानी गर्ने र राज्यभरि नै विभागको कामकारबाहीको वास्तविक-समय अनुगमन गर्न सक्षम बनाउनेछन्।

विधायक तथा सल्लाहकारलाई आबकारी विभागकी सचिव योगिता राई र विभागका वरिष्ठ अधिकारीहरूले स्वागत गरे। पन्तले 'ई-अफिस' कार्यक्रमको शुरुआत गरे। यो राष्ट्रिय सूचना विज्ञान केन्द्र (एनआईसी) द्वारा विकसित एक डिजिटल कार्यस्थल समाधान हो, जसले परम्परागत कागजमा आधारित सरकारी फाइल र कार्यालय प्रक्रियाहरूबाट विद्युतीय कार्यप्रणालीतर्फको सङ्क्रमणलाई सहज बनाउँछ।

यसका साथै, उनले सिक्किममा आबकारी प्रशासनलाई आधुनिकीकरण गर्ने उद्देश्यले तयार पारिएको विस्तृत र भविष्यउन्मुख प्लेटफर्म सिक्किम आबकारी व्यवस्थापन प्रणालीको कार्यान्वयनको पनि शुरुआत गरे। एनआईसी सिक्किमको प्राविधिक सहयोगमा विकसित एसईएमएस पूर्ववत् ई-आबकारी प्रणालीको परिष्कृत र अद्यावधिक संस्करण हो।

राज्य आबकारी व्यवस्थापन प्रणालीले परम्परागत दस्तावेज प्रक्रियालाई विस्थापित गर्दै स्वचालित र पारदर्शी कार्यप्रणालीसहितको एकीकृत डिजिटल प्लेटफर्मको रूपमा काम गर्नेछ। यसको लाइसेन्सिङ म्यानेजमेन्ट मोड्युलले केन्द्रिकृत ट्र्याकिङसहित नयाँ आवेदन र नवीकरण प्रक्रियालाई डिजिटलीकरण गर्छ भने आपूर्ति शृङ्खला व्यवस्थापन मोड्युलले कम्पनी पञ्जीकरण, ब्राण्ड लेबलिङ, आयात अनुमति, होलोग्रामको प्रयोगलगायतका विषयहरूको निगरानी गर्छ।

विधायक पन्तले 'ई-अफिस' र 'राज्य आबकारी व्यवस्थापन प्रणाली' दुवैको सञ्चालन प्रक्रियाबारे विस्तृत रूपमा जानकारी लिए।

उनले आबकारी विभागका अधिकारी तथा कर्मचारीहरूसँग अन्तरक्रियात्मक सत्रमा भाग लिए र प्रणालीको सहज कार्यान्वयन सुनिश्चित गर्न बहुमूल्य सुझाउ तथा रणनीतिक मार्गदर्शन प्रदान गरे साथै उनले प्रशासनिक दक्षताप्रति सरकारको प्रतिबद्धतामा जोड़ दिँदै विभागका मुख्य सरोकारका विषयहरूलाई सम्बोधन गरे।

सीएपीको केन्द्रिय कार्यकारिणी समितिको सभा सम्पन्न

गान्तोक, ८ अक्टोबरः सिटिजन एक्सन पार्टी (सीएपी)-सिक्किमको केन्द्रिय कार्यकारिणी परिषद्को महत्त्वपूर्ण सभा पार्टीको मुख्य कार्यालयमा पार्टी अध्यक्ष गणेश राईको अध्यक्षतामा सफलतापूर्वक सम्पन्न भएको छ।

तीन महिनाको अन्तरालमा नियमित रूपमा आयोजना हुँदै आएको केन्द्रिय कार्यकारिणी समितिको उक्त महत्त्वपूर्ण सभामा पार्टीका विभिन्न फ्रन्टल काउन्सिलहरूले आ-आफ्ना गतिविधि तथा प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए।

सभामा समयसापेक्ष राजनीति, आम नागरिकका अधिकारको संरक्षण, सकारात्मक व्यवस्था परिवर्तन, युवाहरूलाई अवसरको सिर्जना तथा राज्यको गरिमा र प्रतिष्ठा अभिवृद्धि गर्ने उद्देश्यसहितको राजनीति गर्नु नै सीएपीको मुख्य ध्येय रहेको विषयमा उपस्थित सदस्यहरूले गहन छलफल तथा बहस गरेका थिए। सभामा पार्टीका अधिकांश केन्द्रिय कार्यकारिणी परिषद्का सदस्यहरूको उपस्थिति रहेको थियो।

सिक्किमको वर्तमान र भविष्यलाई सुरक्षित तथा समृद्ध बनाउन विभिन्न महत्त्वपूर्ण प्रस्ताव सर्वसम्मतिले पारित गर्दै सिक्किमका हित र संरक्षणका लागि एकबद्ध भएर कार्य गर्न राईले सम्पूर्ण पार्टीपङ्क्तिलाई आह्वान गरेको सीएपीको प्रचार-प्रसार परिषद्का महासचिव जिग्मी डी भोटियाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

सङ्गठन महासचिव प्रकाश पराजुलीले सञ्चालन गरेको उक्त सभामा पार्टीका प्रवक्ता महेश राईले स्वागत मन्तव्य राखेका थिए।

खरसाङमा सेवा सङ्कल्प अभियानअन्तर्गत 'सेवा ज्योति' कार्यक्रम सम्पन्न

खरसाङ, ८ अक्टोबर (हिस): प्रधानमन्त्री नरेन्द्र मोदीको सार्वजनिक जीवनमा २५ वर्ष पूरा भएको अवसरमा भारतीय जनता पार्टीद्वारा सञ्चालित 'सेवा सङ्कल्प अभियान' अन्तर्गत बुधवार साँझ खरसाङमा 'सेवा ज्योति' कार्यक्रम आयोजना गरिएको छ।

प्रधानमन्त्री मोदीको २५ वर्षको सार्वजनिक सेवा र समर्पणलाई स्मरण गर्दै आयोजित कार्यक्रममार्फत सेवा, सुशासन र राष्ट्रप्रतिको समर्पणको सन्देश प्रवाह गरिएको भाजपा पक्षले जनाएको छ। कार्यक्रमले खरसाङको पर्यटन तथा स्थानीय क्षेत्रलाई समेत उजागर गर्ने उद्देश्य राखेको बताइएको छ।

कार्यक्रमअन्तर्गत खरसाङको टुरिस्ट लजदेखि राष्ट्रिय राजमार्ग हुँदै वर्धमान रोड भएर मोटर स्ट्यान्डसम्म ऱ्याली निकालिएको थियो। ऱ्यालीमा भाजपा दार्जीलिङ जिल्ला सचिव विनय प्रसाद, जिल्ला सचिव तथा प्रवक्ता नीरज थापा, जिल्ला मिडिया प्रभारी चन्दन प्रसाद, जिल्ला उपाध्यक्ष आरबी लामा, खरसाङ ११ मण्डल अध्यक्ष सञ्जय थापा, १२ मण्डल अध्यक्ष दिक्षा तामाङलगायत पार्टीका पदाधिकारी तथा कार्यकर्ताहरू सहभागी थिए।

कार्यक्रमबारे पत्रकारहरूसँग कुराकानी गर्दै भाजपा दार्जीलिङ जिल्ला सचिव विनय प्रसादले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा गुजरात तथा देशको सेवामा २५ वर्ष पूरा भएको अवसरमा सेवा सङ्कल्प अभियानअन्तर्गत खरसाङमा 'सेवा ज्योति' कार्यक्रम आयोजना गरिएको बताए। टुरिस्ट लजदेखि मोटर स्ट्याण्डसम्म ऱ्याली आयोजना गरिएको जानकारी दिँदै उनले प्रधानमन्त्री मोदीको सेवा, सङ्कल्प, सुशासन र समर्पणको २५ वर्ष पूरा भएको अवसरमा सबैलाई राष्ट्रसेवामा समर्पित हुन आह्वान गरे।

त्यसैगरी, भाजपा दार्जीलिङ जिल्ला सचिव तथा प्रवक्ता नीरज थापाले मोदी गुजरातका मुख्यमन्त्री रहँदा 'गुजरात मोडेल' देशभरि चर्चित बनेको र सन् २०१४ देखि प्रधानमन्त्रीका रूपमा उनले देशको नेतृत्व गरिरहेको बताए। मोदीको सेवा, सङ्कल्प, सुशासन र समर्पणको २५ वर्षले आफूहरूलाई राष्ट्रसेवामा समर्पित हुन प्रेरणा दिएको उनले बताए।

थापाले देशका अन्य क्षेत्रजस्तै पहाड़ी क्षेत्रलाई पनि मूलधारमा समेट्दै निरन्तर विकासको दिशामा अघि बढ़ाउन पहाड़ीवासीलाई आग्रह गरे।

सोरेङमा उद्यमशीलता बुटक्याम्प तथा सिकाइ एवं परामर्श सत्र आयोजित

गेजिङ, ८ अक्टोबर (हिस): वाणिज्य तथा उद्योग विभागले जिल्ला उद्योग केन्द्र (डीआईसी), सोरेङ र सिक्किम इन्स्पायर्सअन्तर्गत सिक्किम इनोभेसन हबसँगको सहकार्यमा बिहीवार जिल्ला प्रशासन केन्द्र, सोरेङमा 'स्टार्ट-अप सिक्किम डिस्ट्रिक्ट कनेक्ट' बारे एकदिने अधिगम तथा परामर्श सत्र आयोजना गरेको छ।

कार्यक्रमलाई जिल्ला उद्योग केन्द्र (डीआईसी), सोरेङकी महाप्रबन्धक अनुला गुरुङले सम्बोधन गर्दै कार्यक्रमको उद्देश्य तथा महत्त्वबारे जानकारी दिइन्। उनले यस्ता कार्यक्रमले उद्यमशीलतालाई प्रोत्साहन गर्नुका साथै सम्भावित तथा विद्यमान उद्यमीहरूका लागि उपलब्ध विभिन्न सरकारी पहल र सहयोग प्रणालीबारे जानकारी बढ़ाउने उद्देश्य राखेको बताइन्।

उनले सिक्किम स्टार्ट-अप नीतिबारे जानकारी दिँदै नयाँ उद्यम स्थापना, प्रवर्द्धन, बजारीकरण तथा उद्यम विकासका अन्य पक्षमा उपलब्ध सहयोगबारे प्रकाश पारिन् साथै, उद्यमशील यात्राको प्रारम्भिक चरणमा रहेका सहभागीहरूका लागि स्पार्क पोर्टल, कोबो टुल तथा इन्कुबेशन सहयोगलगायतका मञ्च तथा पहलका विषयमा जानकारी दिइन्।

पहिलो प्राविधिक सत्र वाणिज्य तथा उद्योग विभागअन्तर्गत स्टार्ट-अप सिक्किमका रामकुमारले सञ्चालन गरे। सत्रमा विशेषगरी साना तथा नयाँ व्यवसायका लागि लेखा प्रबन्धनको महत्त्वमा जोड़ दिइयो। रामकुमारले नियमित र उचित वित्तीय अभिलेख राख्नाले उद्यमीहरूलाई आफ्नो व्यवसायको वित्तीय अवस्था बुझ्न, सही निर्णय लिन तथा भविष्यको विकासका लागि योजना बनाउन सहयोग पुग्ने बताए।

सत्रमा प्रत्येक साना व्यवसायले राख्नुपर्ने आधारभूत लेखा अभिलेखअन्तर्गत बिक्री दर्ता, खरिद दर्ता, नगद किताब तथा खर्च दर्ताबारे जानकारी दिइयो। व्यवसाय तथा व्यक्तिगत आर्थिक कारोबारलाई स्पष्ट रूपमा छुट्याउनुपर्नेमा पनि सहभागीलाई जोड़ दिइयो। यसका लागि व्यवसाय तथा व्यक्तिगत प्रयोजनका लागि छुट्टाछुट्टै ब्याङ्क खाता प्रयोग गर्न सुझाउ दिइयो।

लोअर स्यारी माध्यमिक विद्यालयमा स्वर्णजयन्ती समारोहको दोस्रो चरण आयोजित

गान्तोक, ८ अक्टोबरः लोअर स्यारी सरकारी माध्यमिक विद्यालयको स्वर्णजयन्ती समारोहको दोस्रो चरण ७ र ८ अक्टोबरमा आयोजना गरिएको छ। यस कार्यक्रमको मुख्य आकर्षण सिक्किमकी एक अग्रणी उद्यमी शोभा राईद्वारा सञ्चालित 'अनुभवात्मक सिकाइ तथा सीप विकास कार्यशाला' रहेको थियो। उनले विद्यार्थीहरूलाई एम्ब्रोइडरीको सूक्ष्म कला सिकाइन्। यसको उद्देश्य विद्यार्थीहरूलाई स्मार्टफोनको प्रयोगबाट टाढ़ा राख्दै उनीहरूको सीप र रचनात्मकतालाई निखार्नु रहेको थियो।

दोस्रो दिनको कार्यक्रममा मुद्रण तथा लेखन सामग्री विभागका सचिव डा. एबी कार्की मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए। सम्बोधनका क्रममा उनले कौशल विकासको महत्त्वमाथि प्रकाश पारे र स्वर्णजयन्तीको अवसरमा विद्यालयले यस दिशामा चालेको विशेष पहलको प्रशंसा गरे। कौशल विकास कार्यशालामा पीएमश्री देवराली जीएसएसएस, तादोङ एसएसएस, पीएमश्री अप्पर स्यारी जेएचएस र लुम्से एसएसका विद्यार्थी तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य, स्वर्णजयन्ती समितिका सदस्य, कर्मचारी तथा विद्यार्थीहरूको पनि उपस्थिति रहेको थियो।

जङ्गु बीएसीमा महिनाव्यापी पोषण माह सम्पन्न

जङ्गु, ८ अक्टोबर (आईपीआर): जङ्गु खण्ड प्रशासनिक केन्द्रमा बिहीवार महिनाव्यापी पोषण माहको समापन कार्यक्रम आयोजन गरेको छ।

यस कार्यक्रममा पासिङ्दोङका पञ्चायत सदस्य, जङ्गुका खण्ड विकास अधिकारी, जङ्गु जनजातीय परियोजनाका उपनिर्देशक, जङ्गुका एई (सहायक अभियन्ता), जङ्गुका पर्यवेक्षकसहित अन्यको उपस्थिति रहेको थियो।

जङ्गु जनजातीय परियोजनाका उपनिर्देशक नेतुक लेप्चाले पोषणसम्बन्धी चेतना अभिवृद्धि र सामुदायिक सहभागिता सुदृढ़ पार्न 'पोषण माह' को महत्त्व र प्रभावबारे प्रकाश पारे। उनले महिनाव्यापी यस कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेकोमा सम्पूर्ण सरोकारवालालाई बधाई पनि दिए। जङ्गुका खण्ड संयोजक काल्सङ लेप्चाले पोषण माहको मुख्य विषयवस्तु र महिनाभरि सञ्चालित विभिन्न गतिविधिको उद्देश्यबारे उपस्थितहरूलाई जानकारी गराए।

नाम्प्रिक एडब्ल्यूसीकी एडब्ल्यूएच ओङ्कित लेप्चाले पीएमएमभीवाईलगायत सरकारका विभिन्न कल्याणकारी तथा वित्तीय योजनाबारे जानकारीमूलक सत्र सञ्चालन गरिन्। उनले नक्कली नोट पहिचान गर्ने तरिकाबारे सचेतना जगाउँदै सहभागीहरूलाई उपयोगी वित्तीय साक्षरता प्रदान गरिन्।

पोषण निरीक्षक सोनाम नामग्याल भोटियाले आहारमा विविधता, सामुदायिक आहारसम्बन्धी जिम्मेवारी, प्रोटिन अभियान, 'कलरफुल प्लेट' र आईईसी गतिविधिबारे सत्र सञ्चालन गरे। उनले स्वस्थ पोषण बानीको विकास र पोषणसम्बन्धी पहलहरूमा सामुदायिक सहभागिता सुदृढ़ पार्नुपर्ने महत्त्वमा जोड़ दिए।

जङ्गुका खण्ड विकास अधिकारी महेन्द्र तामाङले 'पोषण माह' को सफल समापनमा सहभागीहरूलाई बधाई दिए। उनले सक्रिय सामुदायिक सहभागिताको महत्त्वका साथै समग्र विकासतर्फ समुदायलाई परिचालन गर्न एडब्ल्यूएडब्ल्यू, एडब्ल्यूएच र आमाहरूको भूमिकाबारे प्रकाश पारे। उनले जङ्गुभरि सञ्चालन भइरहेका सरसफाइ अभियानहरूमा समुदायको निरन्तर सहभागिताको प्रशंसा र प्रोत्साहन पनि गरे।

'हब' की वित्तीय साक्षरता विशेषज्ञ पेमा लाडेन लेप्चाले सहभागीहरूलाई विभिन्न वित्तीय बानी र सरकारी योजनाबारे जानकारी गराउनुका साथै 'वन स्टप सेण्टर' र यसका सेवाको भूमिका तथा महत्त्वमाथि प्रकाश पारिन्।

पासिङ्दोङका पञ्चायत सदस्य जिग्मी लेप्चाले यस्ता कार्यक्रमको अपेक्षित उद्देश्य हासिल गर्न समुदायको सक्रिय सहभागिताको महत्त्वमा जोड़ दिए। पोषण निरीक्षक प्रेम छिरिङले कार्यक्रममा सञ्चालित सत्र तथा गतिविधिको सारांश प्रस्तुत गरे। जङ्गुका पर्यवेक्षकद्वारा धन्यवाद ज्ञापनसँगै कार्यक्रमको समापन भयो।

समापन कार्यक्रम विभिन्न सरोकारवाला र समुदायहरूलाई एकै ठाउँमा ल्याउने तथा पोषण, वित्तीय साक्षरता, सामुदायिक सहभागिता, सरसफाइ र समग्र विकासप्रतिको सामूहिक दायित्वलाई सुदृढ़ पार्ने अर्थपूर्ण मञ्च साबित भयो। कार्यक्रमले आफ्ना उद्देश्य सफलतापूर्वक पूरा गऱ्यो र जङ्गुमा 'पोषण माह २०२६' को समापन समारोहलाई चिह्नित गऱ्यो।

रङ्ली रङ्लियट चियाबारीका श्रमिकको बक्यौता वेतन र बोनस भुक्तानीको माग

सोनादा, ८ अक्टोबर (हिस): रङ्ली रङ्लियट चियाबारीका श्रमिकहरूको बक्यौता रकम, वेतन तथा बोनस तत्काल भुक्तानी गर्न माग गरिएको छ। चियाबारीका श्रमिकहरूको विभिन्न समस्या तथा बक्यौता भुक्तानीको विषयमा सिलगढ़ीको डागापुरस्थित श्रमिक भवनमा उत्तर बङ्गाल क्षेत्रका अतिरिक्त श्रम आयुक्त अमोल मजुमदारसँग भेट गरी समस्याबारे विस्तृत रूपमा जानकारी गराइएको हो।

भेटको क्रममा भारतीय जनता पार्टीको श्रमिक सङ्गठनका दार्जीलिङ जिल्ला महासचिव प्रणय शेर्पाले रङ्ली रङ्लियट चियाबारीमा कार्यरत् श्रमिकहरूले लामो समयदेखि आफ्नो बक्यौता रकम तथा वेतन प्राप्त गर्न नसकेको विषय गम्भीर रूपमा उठाएका थिए। यसका साथै आर्थिक वर्ष २०२५-२६ का लागि सरकारले तोकेको समयसीमा समाप्त भइसक्दा पनि श्रमिकहरूलाई बोनस भुक्तानी नगरिएको विषयमा पनि ध्यानाकर्षण गराइएको थियो।

श्रमिकहरूले इमानदारीपूर्वक आफ्नो श्रम तथा योगदान दिइरहेको अवस्थामा उनीहरूको पारिश्रमिक, बक्यौता रकम तथा कानुनी रूपमा पाउनुपर्ने बोनस रोकिराख्नु अन्यायपूर्ण भएको भन्दै महासचिव शेर्पाले श्रम कानून तथा सरकारी निर्देशनको अवहेलना गर्ने चियाबारी व्यवस्थापनमाथि कड़ा कानुनी तथा प्रशासनिक कारबाही गर्न माग गरेका छन्।

साथै श्रमिकहरूको आर्थिक अवस्था तथा चाड़पर्वको समयलाई ध्यानमा राख्दै बक्यौता वेतन र बोनस यथाशीघ्र भुक्तानी गराउन श्रम विभागले प्रभावकारी पहल गर्नुपर्ने मागसमेत राखिएको छ।

सिलगढ़ीमा भाजपाको सङ्गठनात्मक बैठक आयोजित

सिलगढ़ी, ८ अक्टोबर (हिस): सिलगढ़ीस्थित भाजपा कार्यालयमा बिहीवार पार्टीको एक महत्त्वपूर्ण सङ्गठनात्मक बैठक आयोजना गरिएको छ। उक्त बैठकलाई पश्चिम बङ्गाल भाजपाका प्रदेश अध्यक्ष तथा राज्यसभा सांसद शमिक भट्टाचार्यले सम्बोधन गरेका थिए।

बैठकमा दार्जीलिङका सांसद राजु विष्टसहित जिल्ला पदाधिकारीगण, मण्डल अध्यक्ष, प्रदेश कार्यसमिति सदस्यगण एवं पार्टीका वरिष्ठ नेताहरू उपस्थित थिए।

बैठकमा सङ्गठनसँग सम्बन्धित विभिन्न मुद्दा, 'सेवा सेतु अभियान'-को प्रगति र आगामी जनसम्पर्क कार्यक्रम अनि पहलहरूमाथि चर्चा गरियो साथै तृणमूल स्तरमा भाजपाको सङ्गठनलाई अझ बलियो बनाउने रणनीतिमाथि पनि विचार-विमर्श गरियो। यस अवधि सांसद विष्टले भने, ''मुख्यमन्त्री शुभेन्दु अधिकारीको नेतृत्वमा पश्चिम बङ्गालको विकास सुनिश्चित गर्न पार्टीको सामूहिक जिम्मेवारी हो। विकासको लाभ प्रत्येक व्यक्ति र गाउँमा पुऱ्याउने छौँ।''

खरसाङ आगलागी घटनाको छानबिन र क्षतिपूर्तिको माग गर्दै विद्युत् प्राधिकरणलाई ज्ञापन

खरसाङ, ८ अक्टोबर (हिस): खरसाङ बजारमा गत ४ अक्टोबर राति भएको आगलागीबाट तीनवटा घर क्षतिग्रस्त भएपछि घटनाको छानबिन तथा पीड़ित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गर्दै गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (गोरामुमो) खरसाङ ब्राञ्च कमिटीले विद्युत् प्राधिकरणसमक्ष ज्ञापनपत्र बुझाएको छ। पीड़ित परिवारले विद्युत् खम्बामा भएको सर्ट सर्किटका कारण आगलाग्री भएको जानकारी गोरामुमो खरसाङ ब्राञ्च कमिटीलाई गराएपछि ब्राञ्च अध्यक्ष निमा लामाको नेतृत्वमा पार्टी प्रतिनिधि तथा गोर्खा राष्ट्रिय नारी सङ्गठनका प्रतिनिधिहरू पीड़ित परिवारका सदस्यहरूसहित खरसाङ विद्युत् प्राधिकरणको कार्यालय पुगेका थिए।

टोलीले सम्बन्धित अधिकारीसँग भेट गरी घटनाबारे विस्तृत जानकारी गराउँदै ज्ञापनपत्र बुझाएको हो। ज्ञापनपत्रमार्फत सम्बन्धित विभागले घटनास्थलको निरीक्षण गरी आगलागीको वास्तविक कारणबारे आवश्यक छानबिन गर्नुपर्ने तथा आगलाग्रीबाट प्रभावित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने माग गरिएको छ। गोरामुमो खरसाङ ब्राञ्च कमिटीका अध्यक्ष निमा लामाले पीड़ित परिवारलाई न्याय दिलाउन सम्बन्धित विभागले घटनालाई गम्भीरतापूर्वक लिँदै आवश्यक पहल गर्नुपर्ने बताएका छन्।

HDFC BANK
We understand your world

पञ्जीकृत कार्यालयः एचडीएफसी ब्यांक हाउस, सेनापति बापट मार्ग, लोअर पारेल (पश्चिम), मुम्बई - 400 013 र एचडीएफसी ब्यांक लिमिटेड, पहिलो तल्ला, आई-थिंक टेक्नो क्याम्पस, काञ्जुरमार्ग (पूर्व), मुम्बई - 400042 मा खुद्रा पोर्टफोलियो व्यवस्थापनको रूपमा यसको एउटा कार्यालय विद्यमान छ।

एचडीएफसी ब्यांक लिमिटेडलाई धितो राखिएका धितोपत्रहरूको बिक्रीको लागि बिक्री सूचना र जनसूचना।

एचडीएफसी ब्यांक लिमिटेड ('ब्यांक') का तल उल्लिखित ऋणीहरूलाई ऋण/धितोपत्र विरुद्ध ओभरड्राफ्ट प्रकृतिको ऋण सुविधा प्राप्त गर्न ब्यांकलाई प्रतिज्ञा गरिएका धितोपत्रहरू बिक्री गर्ने बारे सूचित गरिन्छ। ऋणीहरूले सहमति ऋण/सुविधा शर्तअनुसार बाँकी रहेको रकम निरन्तर भुक्तानी नगरेको कारण तल उल्लिखित ऋण/सुविधा खाताहरू बक्यौता स्थितिमा छन् वा एनपीए (गैर-निष्पादित परिसम्पत्ति) को रूपमा वर्गीकृत छन्। ब्यांकले यी ऋणीहरूलाई धेरै सूचना/ऋण फिर्ता सूचना जारी गरेको छ, जसमा निम्न उल्लिखित मितिमा अन्तिम बिक्री सूचना समावेश छ, जसमा ब्यांकले प्रतिज्ञा आह्वान गरेको थियो र ऋणीलाई तल उल्लिखित खाताहरूमा रहेको सम्पूर्ण बाँकी रहेको रकम फिर्ता गर्न 7 दिनको समय प्रदान गरेको थियो, अन्यथा, ब्यांक यस सम्बन्धमा थप सूचना जारी नगरी प्रतिज्ञा गरिएका धितोपत्रहरू बेच्न स्वतन्त्र हुनेछ। ऋणीहरूले बेवास्ता गरेका छन् र बाँकी भुक्तानी गर्न असफल भएका छन्, त्यसैले, ऋण सम्झौताअन्तर्गत आफ्नो अधिकार प्रयोग गर्दै ब्यांकले ऋणीहरूले ब्यांकलाई तिर्न बाँकी रहेको रकम असुल गर्न **16 अक्टोबर 2026** मा वा त्यसपछि धितोपत्रहरू बेच्ने/निपटान गर्ने निर्णय गरेको छ। ऋणीहरूलाई भारतीय अनुबंध ऐन, 1872 को धारा 176 को अनुपालनमा यसलाई बिक्रीको सूचनाको रूपमा व्यवहार गर्न सूचित गरिन्छ। ऋणीहरूलाई यो पनि सूचित गरिन्छ कि यदि कुनै पनि समयमा, स्टक बजारमा अस्थिरताको कारणले गर्दा प्रतिज्ञा गरिएको धितोपत्रहरूको मूल्यमा थप ह्रास आउँछ, जसले गर्दा मार्जिन आवश्यकतामा थप कमी आउँछ भने, ब्यांकले आफ्नो विवेकमा एक (1) वार्षिक दिनभित्र प्रतिज्ञा गरिएको धितोपत्र बेच्नेछ, यस सम्बन्धमा थप कुनै सूचना बिना। प्रतिज्ञा गरिएको धितोपत्रहरूको बिक्रीबाट प्राप्त रकमको समायोजन पछि, ऋणी(हरू) बाँकी रहेको कुनै पनि रकमको भुक्तानीको लागि ब्यांकप्रति उत्तरदायी रहनेछन्।

क्रम सं.	ऋण खाता संख्या	उधारकर्ताको नाम	7 अक्टोबर, 2026 मा बक्यौता राशि	बिक्री सूचनाको मिति
1	XXXXXXXXXX3522	अब्दुल जलिल गायेन	7,25,132.90	06-10-2026

मितिः 09.10.2026
स्थानः सिक्किम
सही/-
एचडीएफसी ब्यांक लिमिटेड

Printed, Published and owned by Mrs. Padam Maya Kharka and printed at Choices International, Daragaon, Tadong, Gangtok -737102, Sikkim and published at Kashiraj Pradhan Road, Nam Nam, Gangtok-737101, Sikkim. Associate Editor: Rajendra Pradhan, Editor: Mrs. Mala Rana Patro. Phone No. (03592) 231265, 7001336001, Fax: 231265. E-mail: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386
मुद्रण, प्रकाशन तथा स्वामित्व श्रीमती पदम माया खड्का, चोइसेस इन्टरनेशनल, डाँड़ागाउँ, तादोङ, गान्तोक-737102, सिक्किममा मुद्रित तथा काशीराज प्रधान रोड, नामनाम, गान्तोक-737101, सिक्किमबाट प्रकाशित। एसोसिएट सम्पादक: राजेन्द्र प्रधान, सम्पादक: श्रीमती माला राणा पात्रो। फोन नम्बर (03592) 231265, 7001336001, फ्याक्स: 231265। ईमेल: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386